# श्रोत किताब

# तराईका महिला पत्रकारहरूको लागि तालिम




२००९

United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office

ISBN: 978-9937-8177-8-3

# मानव अधिकार र व्यक्तिगत सुरक्षा

श्रीकृष्ण सुबेदी

टंकराज अर्याल

# मानव अधिकार र व्यक्तिगत सुरक्षा

## १. मानव अधिकार

### १.१ मानवअधिकारको अवधारणा :

युद्धको विभिषिकाबाट मानव जातिको संरक्षण गर्न सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरियो । यस घोषणपत्रको जारीभए लगतै विश्वमा मानव अधिकारको संरक्षण र संवर्द्धन कार्यहरु व्यवस्थित रुपमा अघि बढेको देखिन्छ । घोषणापत्रमा रहेका आर्थिक, सामाजिक, राजनीतिक अधिकारहरुलाई सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध र र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्धको रुपमा राज्यलाई यी अधिकारहरुको कार्यन्वयन गर्न बाध्य गर्ने दस्तावेजको रुपमा विकास गरिएको हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र र यी दूई अनुबन्धलाई मानव अधिकारको क्षेत्रमा ऐतिहासिक र महत्वपूर्ण दस्तावेजको रुपमा लिईन्छ ।

तल उल्लेखित बिषयहरुको अध्ययनले मानव अधिकार बुझ्न सहज पार्दछ ।

- मानवको मर्यादित जीवन यापनको लाीग आवश्यक भनी पहिचान गरिएका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक तथा राजनीतिक संरक्षण नै मानवअधिकार हुन् ।
- मानवअधिकार किन्ने, कमाउने तथा प्राप्त गर्ने विषय होइनन् । कोही दिने र कोही पाउने पनि होइनन् । मानवअधिकार मानवमा अर्न्तनिहित गूणको पहिचान मात्र हो । राज्यले आफ्ना नागरिकलाई मानवअधिकारको उपभोग गर्न सक्ने वातावरण सृजना गरिदिनु पर्दछ ।
- मानवअधिकारले शान्ति, प्रगति, भाइचारा र विकासको पक्षमा वकालत गर्दछ तर यसले अशान्ति, द्वन्द्व, विनास, युद्ध, कलहका पक्षमा वकालत गर्दैन ।
- मानवअधिकारले मानवको जीवन, स्वतन्त्रता, मर्यादा र सम्मानको संरक्षणलाई प्राथमिकता दिन्छ ।

### १.२ मानवअधिकारका सैद्धान्तिक विशेषताहरु

बिभिन्न छलफल र सम्मेलनमार्फत मानवअधिकारका केहि बिशेषताहरुको पहिचान गरिएको छ । यी बिशेषताले गर्दा मानवअधिकारलाई अन्य अधिकारबाट अलग रुपमा बुझ्न सकिन्छ । मानवअधिकारको सम्बन्धमा स्वीकार गरिएका बिशेषताहरु निम्न छन् ।

क) विश्वव्यापी

मानवअधिकार सर्वमान्य सिद्धान्तमा आधारित छन् । यी प्रत्येक व्यक्ति र प्रत्येक ठाउँमा समान रुपले लागु हुन्छन्। सबै मानिसहरू जन्मजात स्वतन्त्र तथा अधिकारका हिसावले समान छन् । सम्मान अर्थात् आत्मसम्मान स्थायी र परिवर्तन नहुने गुण हो । यो जुनसुकै समय र स्थानमा पनि एउटै हुन्छ ।

सर्वव्यापकताको सिद्धान्तले सबै मानिसहरूलाई मानवअधिकारको क्षेत्रभित्र ल्याउँछ । विगतमा, मानवअधिकारहरू धेरै हदसम्म अभिजात वर्गका अधिकारका रुपमा हेरिन्थे । काला जाति, महिला, क्रिस्चियन इतर विश्वास राख्ने समुदाय वा निम्न वर्गका मानिसहरू मानवअधिकारको उपभोगबाट वञ्चित गरिएका थिए ।

तर मानवअधिकारको क्षेत्रमा भएको विकासक्रमसँगै मानवअधिकार सबैका लागि, समानरुपले विश्वव्यापी रुपमा सधैंका लागि लागु हुने विषय बने । मानवअधिकारको विश्वब्यापी घोषणापत्र तथा मानवअधिकार सम्बन्धि विभिन्न

अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानवअधिकारका प्रावधानहरू अन्तर्राष्ट्रिय समुदायले विश्वव्यापी रुपमा उचित र समानपूर्वक एउटै स्तरमा उत्तिकै प्राथमिकताका साथ लागु गर्नु पर्ने कुरामा जोड दिएको छन् ।

ख) अविभाज्य

मानवअधिकारहरू अविभाज्य हुन्छन् । मानवअधिकार अन्तर्गतका सबै अधिकारहरूको स्तर र महत्व उत्तिकै छ । मानव सम्मानका सबै पक्षहरूलाई समग्र रुपमा हेर्नुपर्दछ । नागरिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक कुनै पनि एक अधिकार अर्कोभन्दा बढी महत्वपूर्ण छ भनेर वर्गीकरण गर्न सकिन्न । एउटा व्यक्तिको आत्मसम्मानका लागि सबै अधिकारहरू उत्तिकै महत्वपूर्ण छन् भनेर स्वीकारिएको छ । तसर्थ मर्यादित मानव जीवन यापनको लागि मानवअधिकारका बिषयबस्तुहरु अविभाज्य छन् ।

ग) अन्तर्सम्बन्धित र अन्तनिर्भर

मानवअधिकार एक आपसमा अन्योन्याश्रित तथा अन्तर्निर्भरतामा अडेका हुन्छन् । एउटा अधिकारको हननले अर्को अधिकारको अवस्थालाई असर पार्छ । उदाहरणका लागि स्वास्थ्यको अधिकार उपभोग गर्न नपाए व्यक्ति बाँच्न पाउने अधिकारबाट वञ्चित हुनसक्छ । त्यसरी नै राजनीतिक सहभागिताको अधिकार पाउनलाई सूचना र विचार अभिव्यक्त गर्न पाउने अधिकार उपभोग गर्न पाएको अवस्था हुनुपर्छ ।

घ) अहरणीय

मानवअधिकार नैसर्गिक अधिकारहरू हुन् । कुनै व्यक्तिले जस्तोसुकै व्यवहार गरे पनि र जस्तोसुकै निकृष्ट व्यवहार ऊमाथि भए पनि ऊ मानव नै रहन्छ । मानिसले एक मानवका रुपमा उपभोग गर्न पाउने अधिकारहरू मानवअधिकार भएकाले जस्तोसुकै परिस्थितिमा पनि तिनलाई खोस्न मिल्दैन । उदाहरणको लागि नागरिक राजनीतिक अधिकारसम्बन्धी अनुवन्धले सङ्कटकालको अवस्थामा समेत मानिसका निश्चित मानवअधिकारहरु निलम्वन गर्न नमिल्ने व्यवस्था गरेको छ । तसर्थ मानवअधिकार अहरणीय छन् ।

### १.३ मानवअधिकार उल्लंघन, अपराध र मानवअधिकारको ज्यादति

मानवअधिकार उल्लंघनको विषय जहिले पनि राज्यसँग गाँसिएको/सम्बन्धित विषय हो । मानवअधिकारको सन्दर्भमा राज्य मात्र एक यस्तो उल्लंघन गर्ने निकाय हो । राज्यद्वारा मानवअधिकारका बिश्वव्यापी मान्यतालाई पहिचान नगर्नु, पहिचान गरेका मानवअधिकारका मान्यताको कार्यन्वयन नगर्नु तथा गैर राज्य पक्षबाट मानवअधिकार उपयोगमा सृजना गरिएको बाधा अड्चनामा सुरक्षा प्रदान नगर्नु समेत राज्य पक्षबाट भएको मानवअधिकारको उल्लंघन हो ।
राज्य आफैंले प्रत्यक्षरुपमा आधारभूत मानविय मापदण्डमा क्षति पुऱ्याउने कार्य गरेमा सो कार्य स्वतः मानवअधिकार उल्लंघन हुन्छ । अन्य पक्षद्वारा व्यक्तिको आधारभूत मानवीय मापदण्डमा क्षति पुऱ्याउनबाट रोक्नु पनि राज्यको दायित्वभित्र पर्छ ।

उल्लंघन त्यतिवेला भएको मानिन्छ जतिवेला राज्यले कानुन, नीति र अभ्यास नियतवस नमानेको देखिन्छ र आफुले पालना गर्नुपर्ने दयित्व (मानव अधिकारको सम्मान, संरक्षण र परिपुर्ति) पालना गर्दैन । अझ वृस्तित रुपमा भन्नुपर्दा विद्यमान मानव अधिकार संरक्षणसम्बन्धी पक्षहरुलाई पालना नगर्दा वा नमान्दा मानव अधिकारको उल्लंघन हुन्छ ।
कुनै किसिमको विभेदमा पर्नु पनि मानव अधिकार उल्लंघन हो । कुनै व्यक्तिलाई जाति, लिंग, भाषा, धर्म, विचार, राष्ट्रियता आदिको आधारमा विभेद गर्नु हुँदैन ।

व्यक्ति-व्यक्ति बीचमा हुने हत्या, कुटपिट जस्ता घटनाहरू अपराध हुन् । कुनै व्यक्तिले अर्को व्यक्तिको हत्या गर्छ भने त्यसलाई अपराध भनिन्छ । तथापीआपराधिक घटनामा पनि राज्यको भूमिका रहन्छ । । के राज्यको प्रतिनिधिको उपस्थितिमै

सो घटना घट्यो ? के राज्यले आफूसँग विद्यमान स्रोत र साधनहरूको अधिकतम प्रयोग गरेर सो घटना रोक्ने प्रयास गर्‍यो ? के अपराधीलाई कानुनी दायरा भित्र ल्याउन राज्यले कुनै पहल गऱ्यो ? के पीडितले उचित न्याय पायो ? भन्ने सवालमा राज्यको प्रभावकारी भूमिका नपाइएको खण्डमा, राज्यले मानवअधिकार संरक्षणको दायित्व पूरा नगरेको ठहर्छ। यस अर्थमा अपराधको रुपमा देखिने घटनाहरूलाई (व्यक्ति व्यक्ति बीचका घटनाहरू) पनि मानवअधिकार संरक्षणका दृष्टिकोणले हेर्न सकिन्छ। तर शास्त्रीय रुपमा व्यक्ति व्यक्ति बीच घट्ने अपराध र मानव अधिकार उल्लंघन कार्यलाई दुई फरक अवस्थामा र विषयको रुपमा बुझ्नु पर्दछ।

राज्य पक्ष देखि वाहेकका अन्य समुहहरु जस्तै विद्रोही समूहले गरेको मानव अधिकार प्रतिकुलका घटनाका कार्यलाई मानवअधिकार ज्यादति भन्न सकिन्छ। राज्यका कारणले वा व्यक्ति व्यक्तिबीचमा भएका घटना बाहेक राज्यको रुपमा मान्यता ग्रहण नगरेको कुनै राजनीतिक समूह तथा सङ्गठनले घटाएका घटनाहरूको आधारमा कोही कसैको मानवअधिकारमा दखल पुगेमा त्यसलाई मानवअधिकारको ज्यादतीको रुपमा लिइने अन्तराष्ट्रिय प्रचलन रहेको हो। सरल रुपमा भन्ने हो भने अन्तराष्ट्रिय मानवविय कानुनको पालना गर्ने बैधानिक बिद्रोहि पक्षबाट भएको मानवअधिकारको उल्लंघन भनेका मानवअधिकारको ज्यादति हो।

### १.४ मानवअधिकार संरक्षणका अर्न्तराष्ट्रिय संयन्त्रहरु

मानवअधिकारका बिभिन्न बिषयहरुलाई संयुक्त राष्ट्रसंघिय दस्तावेजहरुले पहिचान गरेका छन्। राज्यहरुमा मानवअधिकारको संरक्षणमा यी संयन्त्रको बाध्यकारी कार्यन्वयनले महत्वपूर्ण भुमिका निर्वाह गरेका छन्।

मानवअधिकार संरक्षणमा संयुक्त राष्ट्रसंघिय महत्वपूर्ण संयन्त्रहरु निम्न छन्।

- मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८
- जातिय विभेद विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि १९६५
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अनुबन्ध १९६६
- आर्थिक तथा सामाजिक अधिकार सम्बन्धि अनुबन्ध १९६६
- महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९
- बालअधिकार महासन्धि १९८९
- यातना विरुद्धको महासन्धि १९८४
- आप्रवासी मजदुर महासन्धि १९९०
- आप्रवासी कामदार र तिनीहरूको परिवार सदस्यहरूको संरक्षणसम्बन्धी महासन्धि १९९०
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिसँग सम्बन्धित २००६
- बलपूर्वक बेपत्ताबाट संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६

माथि उल्लेखित दस्तावेज सँग सँगै मानवअधिकार सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलनहरुबाट पारित, अनुमोदित घोषणापत्र तथा प्रतिवद्धताहरुको पनि मानवअधिकार संरक्षणमा महत्वपूर्ण भुमिका रहेको छ।

### १.५ मानवअधिकारका किसिम

अधिकारको सम्बन्ध र ती अधिकारको उपयोगितनको आधारमा मानवअधिकारका बिषयहरुलाई दूई भागमा बिभाजन गर्न सकिन्छ। मानवअधिकारप्रति सबैको पहूँच सुनिश्चिततताको सन्दर्भमा बर्गीकरण महत्वपुर्ण छ।

क) मूलभूत मानवअधिकार : यी मानवअधिकारका बिषयहरु सबै मानवलाई उत्तिकै महत्व राख्दछन् ।जस अर्न्तगत निम्नमानवअधिकारहरु पर्दछन् ।

- दासत्व विरुद्धको अधिकार
- आत्म निर्णयको अधिकार
- मानवीय ब्यवहारको अधिकार
- क्रुरता विरुद्धको अधिकार
- भोक विरुद्धको अधिकार
- शान्तिको अधिकार
- भेदभाव विरुद्धको अधिकार
- स्वस्थ पर्यावरणको अधिकार

ख) विशेष मानवअधिकार : यी अधिकारहरु बिभिन्न कारणले बिशेष परिस्थितिमा भएका मानवहरुको लागि पहिचान गरिएको हुन्छ । उनीहरुको बिशेष गुण अथवा क्षमतालाई संबोधन गर्न यी अधिकारको महत्वपुर्ण भुमिका निर्वाह गर्दछन् ।

- रङ्गभेद विरुद्धको अधिकार
- श्रमिकहरुको अधिकार
- महिलाहरुको अधिकार
- बालबालिकाको अधिकार
- अशक्तहरुको अधिकार
- आप्रवाशी मजदुरहरूको अधिकार

## १.६ राष्ट्रिय कानुनमा मानवअधिकार र संरक्षण

मानवअधिकार अर्न्तराष्ट्रिय कानुनका बिषय हो । राष्ट्रिय कानुनी संयन्त्रका आइपुग्दा मानवअिधकारका बिषयहरु मौलिक अधिकार, संवैधानिक अधिकार तथा कानुनी अधिकारको रुपमा रुपान्तरित हुन्छन् । संविधानको मौलिक हक खण्डमा पहिचान गरिएका मौलिक हक हुन भने संविधान उल्लेख गरिएका सबै अधिकार संवैधानिक अधिकार हुन । त्यसैगरी अन्य कानुनले पहिचान गरेका अधिकारहरु कानुनी अधिकारको रुपमा रहेका हुन्छन् ।

मानवअधिकारको संरक्षण तथा प्रत्याभूतिको लागि राज्यले विभिन्न कार्यहरू गर्दछ । यस्ता कार्यहरूलाई तीन किसिममाबिभाजन गर्न सकिन्छ । ती गर्नुपर्ने कार्यहरूलाई राज्यको दायित्वको रुपमा हेर्ने हो भने मानवअधिकार संरक्षणमा राज्यका निम्नलिखित ३ किसिमका दायित्वहरू हुन्छन्:

- सम्मान गर्ने दायित्व
- संरक्षण गर्ने दायित्व
- परिपूर्ति गर्ने दायित्व

राज्यले मानवअधिकारको सम्मान गर्नु भनेको उल्लंघन/उत्पीडनको जोखिममा रहेका व्यक्ति वा समूहको मानवअधिकारको

आधारभूत मापदण्डमा क्षति नपुऱ्याउनु हो । अर्को अर्थमा, व्यक्ति वा समूहका लागि अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानवअधिकारका निश्चित मापदण्डहरूलाई मान्यता प्रदान गरेका छन् । मानवअधिकारका ती मापदण्डहरू उपयोग गर्नबाट व्यक्तिलाई वञ्चित गर्ने खालका सम्पूर्ण कार्य राज्यले रोक्नुपर्दछ । यस दायित्वअन्तर्गत राज्यका कार्यकारणीय, व्यवस्थापकीय, न्यायपालिकीय तथा अन्य अन्तरसरकारी निकायका क्रियाकलापबाट मानवअधिकारका आधारभूत मापदण्डहरूमाथि कुनै क्षति नपुऱ्याउनु हो । त्यसैगरी मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूको अनुमोदन तथा तिनको स्थानीयकरण गर्नु पनि राज्यले मानवअधिकारप्रति सम्मानको दायित्व पुरा गर्नु हो ।

व्यक्तिको मानवअधिकार मापदण्डमा तेस्रो पक्षबाट हुनसक्ने क्षति रोक्नु नै राज्यको मानवअधिकार संरक्षणको दायित्व हो । उदाहरणका लागि- वैयक्तिक सुरक्षा मानवअधिकारको एउटा मापदण्ड मानिन्छ । यदि प्रहरीबाट (राज्यको निकाय) कुनै व्यक्ति पिटिन्छ भने, राज्यले पीडितको वैयक्तिक सुरक्षासम्बन्धी अधिकारको सम्मान नगरेको ठहर्छ । तर, यदि कुनै व्यक्ति लुटिइ/पिटिइरहेको अवस्थामा, त्यहाँ उपस्थित प्रहरी मुकदर्शक बनेर बस्छ भने यस घटनामा राज्यले संरक्षणको दायित्व पूरा नगरेको हुन्छ । व्यक्तिको सुरक्षासम्बन्धी अधिकारको संरक्षण गर्नु राज्यको दायित्व अन्तर्गत पर्दछ । संरक्षणका उचित संयन्त्रको विकास गर्नु तथा ती संयन्त्रको आवश्यक परिचालन गर्नु पनि राज्यको संरक्षण दायित्वभित्र पर्दछ ।

मानवअधिकार राज्य र व्यक्ति बीचको अन्तर्सम्बन्ध हो । यहाँ, व्यक्ति पहिलो पक्ष हो भने राज्य दोस्रो पक्ष । राज्य आफैँले व्यक्तिको (पहिलो पक्षको) अधिकार हनन नगर्नु मानवअधिकारको सम्मान गर्ने दायित्व निभाउनु हो । तर राज्यबाहेक अन्य पक्ष (तेस्रो पक्ष) बाट व्यक्तिको मानवअधिकार मापदण्डलाई क्षति पुग्नबाट बचाउनु वा रोक्नु राज्यको मानवअधिकार संरक्षण गर्ने दायित्वभित्र पर्छ ।

मानवअधिकारका आधारभूत मापदण्डहरूबाट वञ्चित व्यक्ति तथा समूहलाई सो मापदण्ड प्राप्तिको लागि राज्यले अवलम्बन गर्ने उपायहरू राज्यको परिपूर्ति गर्ने दायित्वभित्र पर्दछन् । अर्को अर्थमा, व्यक्तिले उपभोग गरिरहेको मानवअधिकार मापदण्ड क्षति हुने अवस्थामा, त्यसलाई सम्मान र सुरक्षा गर्नु राज्यको दायित्व हुन्छ । मानवअधिकार मापदण्ड उपभोग गर्नबाट व्यक्ति वञ्चित भएमा त्यसको परिपूर्ति गर्नु पनि राज्यको दायित्व हुन्छ । उदाहरणका लागि व्यक्तिको स्वास्थ्य सेवामा पहुँच एक आधारभूत मानवअधिकार मापदण्ड हो ।

नेपालका ग्रामीण भागमा बस्ने कैयौँ नागरिकहरू यस मापदण्डबाट अझै पनि वञ्चित रहेका छन् । त्यसैले, स्वास्थ्य सेवामा पहुँच नभएका ती ग्रामीण नागरिकलाई यथोचित स्वास्थ्य सेवाको ग्यारेन्टी गर्नु राज्यको दायित्व हो । औषधी उपचारको अभावमा नागरिकले ज्यान गुमाउने अवास्था नआओस् भनी राज्यले त्यस्ता क्षेत्रमा समयमा नै औषधी र स्वास्थ्यकर्मी उपलब्ध गराउनुपर्दछ । यो राज्यको परिपूर्तिको दायित्व अन्तर्गत पर्दछ ।

त्यसैगरी प्राकृतिक प्रकोप, व्यक्तिको विशेष परिस्थिति तथा अन्य विशेष परिस्थितिमा राज्यले मानवअधिकारको उपभोग विशेष कार्य गर्नुपर्दछ । बाढी पीडित तथा अनिकाल लागेको अवस्थामा उनीहरूलाई खाद्यान्न उपलब्ध गराउनु पनि राज्यको परिपूर्ति दायित्व अन्तर्गत पर्दछ ।

मानवअधिकारको रुपमा राष्ट्रिय कानुनमा व्यवस्था गरिएका बिभिन्न अधिकारको उल्लंघन भएमा त्यसको उपचारको व्यवस्था हुनु पर्दछ । उपचार बिनाको अधिकारको अर्थ रहदैन । नेपालको सर्न्दभमा भएका उल्लंघनका घटनामा बिभिन्न तहका न्यायलयले उपचार प्रदान गर्ने गर्दछन् । ७५ ओटा जिल्ला अदालत, १६ ओटा पुनरावेदन अदालत र सर्वोच्च अदालत मार्फत न्याय सम्पादन हुन्छ । पुनरावेदन अदालत र सर्वोच्च अदालतमा निहित रिटको क्षेत्राधिकार मानवअधिकारको संरक्षणमा महत्वपुर्ण रहेको छ ।

## २. मानब अधिकार रक्षकहरू

### २.१ परिचयः

मानवअधिकार रक्षकको रुपमा कार्य गर्न कुनै पनि शैक्षिक योग्यता र हैसियत हुनै पर्दछ भन्ने छैन । मानवअधिकार रक्षकको रुपमा कुनै पनि पेशाको मानिसले कार्य गर्न सक्दछन् । पत्रकार, शिक्षक तथा कानुनव्यावसायी मानवअधिकार रक्षकको रुपमा धेरै कार्य गर्ने पेशाकर्मीको रुपमा रहेका छन् ।

मानब अधिकार रक्षकहरु पेशामा रहेर वा नरही, पारिश्रमिक लिएर वा नलिई मानवअधिकारका क्षेत्रमा काम गर्दछन् । तथापि, तल उल्लेखित दूई आधारभूत सिद्धान्तको पालना नगर्ने हो भने कुनै पनि व्यक्ति मानब अधिकार रक्षकहरु हुन सक्दैन ।

पहिलो, मानव अधिकारका विश्वव्यापी मान्यताहरुको स्वीकारोक्ती भएको हुनु पर्दछ । कुनै पनि मानब अधिकार रक्षकहरुले यदि निसर्त सबै किसिमका मानव अधिकारहरुलाई सम्मान गर्दछ भने मात्र उ मानवअधिकार रक्षकको रुपमा रहन सक्दछ । उदाहरणको लागि कुनै मानब अधिकार रक्षकहरु/पत्रकारहरुले महिला अधिकारको सम्मान र पालना गर्ने तर दलित अधिकारको सम्मान र पालना नगर्ने हो भने उ मानब अधिकार रक्षकहरु हुन सक्दैन ।

दोस्रा, मानव अधिकार रक्षकले सञ्चालन गर्ने गतिविधिहरुको शान्तिपूर्ण चरित्रको हुनु पर्दछ । कानूनी शासनको पालना गर्दै सो बमोजिम आफ्नो स्वतन्त्रताको उपभोग र गतिविधिहरुको सञ्चालन शान्तिपूर्ण रुपमा प्रदर्शन गरेको हुनु पर्दछ । उदाहरणको लागि कर्फ्यु नतोड्ने, कसैलाई शारिरिक क्षति नपुर्‍याउने आदी ।

जुनसुकै पेशाको व्यक्तिले पनि मानव अधिकार रक्षकको रुपमा कार्य गर्न सक्दछ यद्यपि मानब अधिकार रक्षकहरुका रुपमा खासगरी निम्न पेशाका व्यक्तित्वहरु धेरै मात्रामा संलग्न रहेको पाइन्छ ।

- मानवअधिकार कर्मी
- पत्रकार
- कानुनव्यवसायी
- शिक्षक
- संचारकर्मी
- सामाजिक कार्यकर्ता
- स्वास्थ्यकर्मी
- स्वतन्त्र बुद्धिजीवी

### २.२ मानब अधिकार रक्षकहरु कर्तव्य

मानवअधिकार रक्षकक कर्तव्यहरुलाई निम्न अनुशार उल्लेख गर्न सकिन्छ ।

- सबैका लागि सबै मानवअधिकारको वकालत गर्ने,
- मानवअधिकार अभिसन्धिहरुको प्रभावकारी कार्यान्वयनका लागि दवाव दिने,
- मानवअधिकारको कार्यान्वयनका लागि पहल गर्ने,

- मानवअधिकारका पक्षमा स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म वकालत गर्ने,
- मानवअधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क सङ्कलन, प्रचारप्रसार गर्ने तथा प्रतिवेदन तयार पार्ने,
- पीडितलाई सहयोग र राहतका लागि पहल गर्ने,
- दन्डहीनताको अन्त्य र जवाफदेहीताको पक्षमा वकालत गर्ने,
- सरकारी नीति र कामकारवाहीमा पारदर्शिता तथा सुशासनका लागि जनचेतना अभिवृद्धि गर्ने,
- मानवअधिकार शिक्षा तथा मानवअधिकार सम्बन्धि तालीमद्वारा जनचेतना जगाउने,
- कानुनी राज्यको पक्षमा वकालत गर्ने । आदि

### २.३ महिला मानब अधिकार रक्षक र सुरक्षा

सन् २००४ मा थाइल्याण्डमा भएको दश बर्षे वेइजिङ्ग कार्य योजना पुनरावलोकन सम्बन्धी सम्मेलनले नै महिला मानब अधिकार रक्षकहरु र तिनिहरुको सुरक्षा सम्बन्धमा अन्तराष्ट्रिय ध्यानाकर्षण गराएको थियो । महिला मानवअधिकार रक्षक भनेको जुनसुकै किसिमको मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा संलग्न महिला अधिकारकर्मी र महिला मानवअधिकारको पक्षमा वकालत गर्ने पूरुष अधिकारकर्मी समेतलाई बुझिन्छ ।

महिला मानवअधिकार रक्षकले बढि जोखिम तथ दुर्व्यवहार भोग्नु परेका अवस्था छ । उनीहरुले अन्य पुरुष सहकर्मी सरह मानवअधिकारको क्षेत्रमा मानवअधिकार रक्षकको रुपमा कार्य गरेवापत भोग्नु पर्ने जोखिम तथा दुर्व्यवहारहरु, महिला भएको कारणले भोग्नु पर्ने विभिन्न खालका दूर्व्यवहार (यौन दूर्व्यवहार सहित) र महिला भईकन समाजका धर्म र संस्कृतिको नाममा चलेका कुरीतिहरु माथि असर पर्ने र पितृसत्तात्मक सोचलाई ठेस पुग्ने खालका कार्य वापत भोग्नु पर्ने थप दूर्व्यवहार मुख्य रुपमा छन् ।

उदाहरणको लागि मूश्लिम समूदायका महिलाहरुले लगाउने बुर्का प्रथा विरुद्ध आवाज उठाउने महिला तथा सम्पत्ति माथि महिलाको अधिकार सम्बन्धी वकालत गर्ने महिला रक्षकहरु/पत्रकारहरु ।

महिला मानवअधिकार रक्षकको सुरक्षाको दृष्टिकोणमा निम्न कुराहरु महत्वपुर्ण छन् ।

- मानबअधिकार रक्षकका रुपमा महिलाहरुलाई सहज रुपमा स्वीकारिदैन ।
- समाजिक मान्यताको आधारमा महिला मानबअधिकार रक्षकहरुलाई कमजोर ठानेर बढि आक्रमण हुने गर्दछ ।
- महिला मानबअधिकार रक्षकले पितृसत्तात्मक कानून र सामाजिक निषेध तोडेका हुन सक्छन् त्यसलाई समाजले सहज रुपमा नलिन सक्दछ ।
- महिला मानबअधिकार रक्षक माथि बिशेष प्रकारको आक्रमण हुनसक्छ, जस्तै यौन आक्रमण तथा अन्य शारिरिक आक्रमण हरु ।
- महिला मानबअधिकार रक्षक माथि आफ्नो चोखोपना प्रमाणीत गर्नुपर्ने दवाव आउनसक्छ ।
- पुरुष सहकर्मीले महिला मानबअधिकार रक्षकको कामलाई बुझ्दैनन् र अस्वीकार गर्नसक्छन् तथा उनीहरु माथि  असहयोग गर्न सक्दछन् ।
- महिला मानबअधिकार रक्षक घरायसी हिंसाको शिकार हुनसक्छन । उनीहरुमाथि थप पारिवारीक उत्तरदायित्व बहन गर्नुपर्दछ ।

## ३. मानब अधिकार रक्षकको सुरक्षा

मानवअधिकार रक्षकको सुरक्षा एक महत्वपुर्ण सवाल हो । उनीहरुले गर्ने कार्य र परिणामले मानवअधिकार रक्षकहरुको सुरक्षा सधै गम्भीर सवालको रुपमा रहेको हुन्छ । मानवअधिकार रक्षकहरुले गर्ने कार्य तथा कार्य सँङ्ग सम्बन्धित पक्षको आधारमा उनीहरुको सुरक्षालाई हेर्नु पर्दछ ।

### ३.१ रक्षकहरुको कार्य अवस्था विश्लेषण

मानवअधिकार रक्षकहरुले निम्न अवस्थामा रहेर कार्य गर्नु पर्ने हँदा उनीहरुले सुरक्षाको सर्न्दभमा कार्य अवस्था विश्लेषण गर्नु आवश्यक हुन्छ ।

- उनीहरुले पीडक र पीडितका  बीचमा रहेर काम गर्नु पर्ने हुन्छ । पिडक नकारात्मक सोच बाट भरिएको हुन्छ भने पिडित अनेकन आकाङ्क्षा, आक्रश तथा पिडा बाट प्रभावित भएको हुन्छ ।
- मानब अधिकार रक्षकले पेशा व्यवसायमा रहेर वा नरही पनि काम गर्नु पर्ने जसले उनहिरुलको प्रतिरक्षाको निम्ती कुनै संस्था गत संरचना नहुन सक्दछ ।
- मानब अधिकार रक्षकले मानवअधिकारको उल्लघनको बारेमा सधै जागरुप हुने तथा मानवअधिकारको उल्लंघन सधै राज्यपक्षबाट हुने हुँदा उनीहरु मथि राज्यको दृष्टिकोण नकारात्मक हुने गर्दछ ।
- अन्य पेशाहरुमा जस्तो मानवअधिकार रक्षकको पेशागत सुरक्षा रहदैन ।
- बिद्रोहि समुह तथा आपराधिक समुहरुले पनि मानवअधिकार रक्षकलाई नकारात्मक सोचाइबाट हेर्दछन् र दुस्मन सरह व्यवहार गर्दछन् ।

### ३.२ मानबअधिकार रक्षकहरु माथि हुने दुर्व्यवहार

मानबअधिकार रक्षकहरु माथि बिभिन्न पक्षबाट बिभिन्न तरिकामा दुर्व्यवहार हुने गर्दछ । यस्तो दुर्व्यवहारलाई राज्यपक्षबाट तथा गैर राज्यपक्षबाट हुने गरी दूई किसिमले हेर्न सकिन्छ ।

राज्य पक्षबाट प्रत्यक्ष रुपमा राज्य मानव अधिकार रक्षकहरुको क्रियाकलापकलाई अपराधिकरण गरी स्वेच्छाचारी रुपमा गिरफतार गर्ने, यातना दिने, अभियोग लगाउने, बेपत्ता पार्ने लगायतका कार्यहरु हुने गर्दछन ।

त्यसैगरी अप्रत्यक्ष रुपमा राज्य पक्षबाट राष्ट्रको दायित्व अन्तर्गत कुनै व्यक्ति, समूहबाट रक्षकहरु माथि हुने दुर्व्यवहारवाट राज्यले सुरक्षा प्रदान गर्न नसक्नु , त्यस्ता दुर्व्यवहारविरुद्ध चाँडो न्याय प्रदान गर्न नसक्नु , राज्यले आफू प्रत्यक्ष संलग्न नभई विभिन्न माध्यमको प्रयोग गरी दुर्व्यवहार गर्नु  आदि लगायतका कार्यहरु पर्दछन् ।

मानबअधिकार रक्षकहरु माथि हुने दुर्व्यवहार धार्मिक समूह, अर्ध सैनिक समूह, अन्य मानव अधिकार कर्मी तथा परिवार र समुदायबाट पनि हुने गर्दछ ।

### ३.३ मानबअधिकार रक्षकहरु माथि हुने जोखिम

मानबअधिकार रक्षकहरु माथि हुने जोखिम राज्यपक्ष तथा गैर राज्य पक्ष दुवैपक्षबाट हुन्छ । ती जोखिम निम्न कारण तथा व्यवहार बाट हुने गर्दछ ।

(क) राज्यपक्षबाट हुनसक्ने जोखिमता

- वन्देजात्मक, नियन्त्रणात्मक, हस्तक्षेपकारी नियम कानून, अध्यादेश, आदेश, लिखित-मौखिक निर्देशन ।
- विद्रोही पक्षसँग निकट भएको तथा सहयोग गरेको आरोप कारवाहीको धम्की ।
- गैह्र कानूनी खानतलासी एवं सोधखोज र मानसिक तथा शारीरिक यातना ।

- विद्रोहीलाई सूचना प्रदान गरेको भनी अनावश्यक केरकार ।
- विभिन्न कारण देखाई कार्यक्रम बन्द गर्न दबाब ।
- विना कारण स्थानहद, गिरफ्तारी एवं वेपत्ता, आदि ।

(ख) विद्रोही पक्षबाट हुन सक्ने जोखिमता
- विद्रोही सत्तामा संस्था दर्ता गर्नुपर्ने दबाब ।
- जर्वजस्ती रकम माग र "कर" तिर्नुपर्ने वाध्यात्मक अवस्था ।
- चन्दा असुली, अपहरण एवं वेपत्ता ।
- जीवनको असुरक्षा एवं जोखिमता ।
- अनावश्यक धम्की तथा आरोप ।
- प्रतिशोधको कारण सताउने कार्य ।
- मानसिक र शारीरिक यातना ।
- घुमफिरमा बन्देजात्मक अवस्था ।
- बारम्बार हुने हिंसात्मक बन्द-हड्ताल, आदि

(ग) दुबै पक्षबाट हुन सक्ने चुनौतिहरु
- दोहोरो भिडन्तमा पर्न सक्ने ।
- शङ्काको दृष्टिले हेरिने र धम्की दिइने ।
- कार्यक्रममा सहभागिताको हुन नदिने ।
- कार्यक्रम बन्द गर्न दबाब दिने, हत्या वा ज्यानको धम्की दिने तथा अपहरणमा परिने,
- गैर न्यायिक धर पकड र हिरासतमा राखिने,
- आपराधिक आरोप लाग्ने र हैरानीमा परिने,
- सुरक्षा, गोपनियता र शान्तिसुरक्षाका खतरा, आदि

### ३.४ कार्य वातावरणको मूल्याङ्कन

रक्षकहरु कार्यक्षेत्रमा जानु अगावै त्यहाँ कामगर्ने वातावरण सम्बन्धि जानकारी राख्नु साथै आफ्नो संगठन र कार्य उद्देश्यको बारेमा सर्वपक्षीय जानकारी गराउनु नितान्त जरुरी हुन्छ । आफ्नो कार्यक्षेत्रको बारेमा जानकारी राख्दा विभिन्न सरोकारवालाहरु को सजिलै पहिचान गर्न सकिन्छ ।

कार्यक्षेत्र विश्लेषणका आधारमा निम्न प्रकारका सरोकारवाला पाउन सकिन्छ ।

- सहयोगी शक्तिहरु, जस्तै : राजनैतिक दल, नागरिक समाज, राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय रेडक्रस, दातृ निकायहरु, संचार माध्यम, आदि ।
- प्रतिरोधि शक्तिहरु, जस्तैः विद्रोही समूह तथा राज्य पक्ष, आदि
- तटस्थ शक्ति : स्थानीय बासिन्दा, नागरिक समूह, आदि ।

मानवअधिकार रक्षकले कार्यक्षेत्रको विश्लेषण गर्दा निम्न कुरामा ध्यान दिई सोहि अनुशारको रणनिति अपनाएमा सुरक्षित भएर सफल रुपमा कार्य गर्न सक्दछन् ।

- रक्षकहरु/पत्रकारहरुको कार्यले सकारात्मक र नकारात्मक असर पर्न जाने शक्तिहरु ।
- कार्यक्षेत्रको भौगोलिक, आर्थिक, भाषिक, राजनैतिक, साँस्कृतिक तथा जातीय अवस्था ।

- सरोकारवालाहरुको त्यो क्षेत्र सँगको सम्बन्ध ।
- आफ्नो भौगोलिक, आर्थिक, भाषिक, राजनैतिक, साँस्कृतिक, जातीय तथा धार्मिक आस्थाले त्यस क्षेत्रमा उपस्थित सरोकारवालामा पर्न जाने असर ।
- समान उद्देश्यका लागि त्यस क्षेत्रमा कार्यरत संघसंस्था ।

कार्यक्षेत्रको सहीविश्लेषण गर्नसके सहयोगी शक्तिहरूबाट उद्देश्य प्राप्त गर्न सजिलो हुन्छ । तटस्थ शक्तिहरूलाई पनि आफ्नो कार्यशैली र उद्देश्यले आफ्नो पक्षमा पार्न सकिन्छ । यसरी अधिकार रक्षकको क्षमता वृद्धि हुन्छ ।

सरोकारवालाहरु परिवर्तनशील हुन्छन् । कुनै क्षेत्रको राजनीतिक, धार्मिक, साँस्कृतिक, आर्थिक आदि पक्षले प्रत्यक्ष प्रभाव पार्ने भएकोले उनीहरुको उद्देश्य फरक पर्ना साथ रक्षकहरुले अवलम्वन गर्नुपर्ने सुरक्षाका नीतिहरु पनि फरक पर्न सक्दछन् । यस्तो परिस्थितिमा सुरक्षा सम्बन्धि कस्ता निर्णय तथा कार्यविधिहरु अवलम्वन गर्ने भन्ने निर्क्योल गर्न सजिलो पर्दछ ।

## ४. मानवअधिकार रक्षक तथा पत्रकारको रूपमा कार्यगर्दा चुनौती

चुनौती भन्नाले अरुलाई हानी वा चोट पुऱ्याउने उद्देश्यले केहि गर्न वा नगर्नको लागि दिइएको दवाव भन्ने बुझिन्छ । यो सदैव चुनौति प्राप्त कर्ताका लागि शसर्त, स्पष्ट वा अस्पष्ट दुवै स्वरुपमा हुन्छ । चुनौति दुई प्रकारका हुन्छन् ।

चुनौती दिने पक्षले आफ्नो उद्देश्य पूर्तिका लागी सम्वन्धित व्यक्तिलाई गम्भीर भौतिक वा मानसिक चोट पुऱ्याउने घोषणा गर्दछ भने त्यो  घोषित चुनौती हो । त्यसैगरी चुनौती दिने पक्षले सम्वन्धित व्यक्तिलाई के कस्तो क्षति पुऱ्याउने भनि अग्रिम घोषणा गर्दैन भने त्यो अघोषित चुनौति हो ।

अधिकार रक्षक तथा सञ्चारकर्मीले चुनौती सम्बन्धि बुझ्नैपर्ने कुरा निम्न अनुशारका छन् । यी कुराको जानकारी भएमा चुनौतिको लेखाजोखा गर्न तथा त्यस्ता चुनौतिको सामना लागि तयारी गर्न सहयोग पुग्दछ ।

- चुनौतीको स्रोत हुन्छ ।
- चुनौतीको उद्देश्य हुन्छ ।
- चुनौती अनुभूति गराउने साधन हुन्छ ।

### ४.१ चुनौतिको लेखाजोखा

चुनौतिबाट सहज वा सफल पार पाउनको निम्ती चुनौतिको लेखजोखा आवश्यक छ । यस किसिमको लेखजोखाले चुनौतिका सन्दर्भमा सहायक सुचना प्राप्त गर्न तथा ती चुनौतिको सफल सामना गर्न पनि चुनौतिको लेखाजोखा आवश्यक छ । चुनौतिको लेखाजोखा  निम्न प्रकियाबाट गर्न सकिन्छ ।

- चुनौति कहाँबाट आएको हो त्यसको स्रोतको स्पष्ट पहिचान गरेर,
- चुनौति दिने निकाय, व्यक्ति वा संस्थाले किन चुनौति  दिएको हो त्यसको उद्देश्य पहिचान गरेर,
- चुनौति घट्दो वा बढ्दो कस्तो मात्रामा छ भन्ने बुझेर,
- चुनौति आउँदाको समय वरिपरिको परिबेश राम्ररी अध्ययन गरेर,
- चुनौतिबाट उत्पन्न हुन सक्ने परिमाण यकिन गरेर,
- चुनौति दिने निकाय, व्यक्ति वा संस्थाको चुनौति कार्यान्वयन गर्न सक्ने क्षमता छ वा छैन त्यसको बारेमा उचित लेखजोखा गरेर ।

चुनौतिको लेखाजोखा गर्दा निम्न ५ कदमको उचित प्रयोगबाट चुनौति उचित लेखाजोखा गर्न सकिन्छ ।

- चुनौति(हरु) को सेरोफेरोमा रहेका तथ्यहरुलाई राम्ररी केलाउनु । के भएको हो त्यसबारे राम्रोसँग जानकारी राख्नु जरुरी छ। यो काम अन्तर्वार्ता वा मानिसहरुलाई प्रश्न सोधेर गर्न सकिन्छ। अनि कहिलेकाही सान्दर्भिक प्रतिवेदनहरुको सहारा लिएर पनि गर्न सकिन्छ ।
- समय क्रममा चुनौतिको सिलसिला देखा परेको छ वा छैन राम्ररी केलाउनु । एकपछि अर्को गरी अनेकौं चुनौतिहरु आएको भए (जुन कुरा प्रायः हुने गर्दछ यसको प्रवृत्तिमाथि दृष्टि लगाउनु जरुरी छ जस्तैः चुनौति दिन प्रयोग गरिएका साधन, चुनौतिको समय, संकेत, लिखित वा मौखिक रुपले हस्तान्तरण गरिएको सूचना, आदि । यस्ता प्रवृत्तिहरु स्थापित गर्न सधैं सम्भव हुँदैन तर चुनौतिको सही लेखाजोखा गर्न प्रवृतिहरु महत्वपूर्ण हुन्छन् ।
- चुनौतिको उद्देश्य के हो राम्ररी केलाउनु । चुनौतिको सम्वन्ध तपाईको कामको प्रभावसँग हुने हुदा सो सूत्रलाई पछ्याएर चुनौतीबाट के प्राप्त गर्न खोजेको हो भन्ने कुराको ठहर गर्न तपाइलाई सघाउ पुग्न सक्छ ।
- चुनौती कसले दिदैछ राम्ररी केलाउनु । उदाहरणको लगाी सरकार पक्षले तपाइलाई चुनौती दिदैछ मानौ । तर कुनै पनि सरकार एक मिश्रितकर्ता भएकोले चुनौतीको पटिलतिर सरकारको कुन चही अंग हो भन्ने कुरा पत्ता लगाउनु बढी उपयोगी हुन्छ। सुरक्षा फौज र छापामार समूह जस्ता कर्ताहरु पनि मिश्रितकर्ता नै हुन । सही गरिएको चुनौती पनि झुठो हुन सक्छ भन्ने कुराको हेक्का राख्नु होस् ।
- चुनौतीको अनुभुति होला वा नहोला भन्ने बारे तर्क संगत निष्कर्ष निकाल्नुहोस् । हिंसा सर्त सहितको हुन्छ कुनै चुनौतीको अनुभुति होला वा कदापि नहोला भन्ने बिषयमा कहिले पनि पूर्ण एकिन गर्न सकिन्दैन हिंसा को पुर्वानुमान गर्नु भनेको खास परिस्थितीमा खास व्यक्ति वा समूहले खास निसाना माथी हिंसात्मका कारवाही गर्ने जोखिम रहेको छ भन्ने हो ।

### ४.२. मानवअधिकार रक्षकको क्षमता

क्षमता भन्नाले मानव अधिकार रक्षकको संभावित जोखिम, चुनौति र जोखिम परिस्थितिलाई न्यून वा उन्मूलन गर्ने क्षमता बुझिन्छ । क्षमताले निम्न सिप, ज्ञान वा अवस्थालाई जनाउँदछः

- कानुनी, सुरक्षासम्वन्धि र पेशागत सिप, ज्ञान तथा तालिम भएको ।
- आर्थिक, समाजिक साधन र स्रोत माथी पहुँच भएको ।
- आफ्नो उद्देश्य, कार्यक्षेत्र, संभावित जोखिम तथा चुनौतिको बारेमा जानकारी भएको ।
- सहयोगी शक्तिहरुसँग सहकार्यको लागि संजाल तथा सम्मर्क र राम्रो सम्बन्ध भएको ।
- कार्य क्षेत्रको सम्बन्धमा भौगोलिक, सांस्कृतिक, राजनीतिक, धार्मीक तथा आर्थिक जानकारी हासिल गरेको ।
- डरको उचित व्यवस्थापन तथा आवश्यक आत्पबिश्वास भएको ।

५. मानब अधिकार रक्षकहरु/पत्रकारहरुका लागि जोखिम

सामान्य अर्थमा जोखिम भनेको संभावित हानि हो । जोखिमले उद्देश्य प्राप्तिमा प्रभाव पार्न सक्ने सम्भावना रहन्छ। यो वर्तमान घटनाक्रम वा भविष्यमा हुन जाने घटनाबाट सृजना हुन सक्छ। राजनितिक अस्थिरता तथा द्वन्द्वको अवस्थामा यो जोखिम बढि हुने गर्दछ । कार्य प्रकृति तथा सम्बन्धित पक्षहरुलाई हेर्दा रक्षकहरु/पत्रकारहरुको कार्य सदैव जोखिमा रहने वर्दछ। जोखिम भौगोलिक कारणले पनि हुन्छ तर राजनितीक, सामाजिक तथा सांस्कृतिक कारण्को जोखिम गम्भीर प्रकृतिको हुन्छ। कुनै पनि कार्य गर्दा जोखिम शुन्य रहदैन। जोखिम भनेको अन्त्य गर्ने बिषय नभई न्युन गर्ने बिषय हो। जोखिमको प्रकृति हेरी जोखिलाई दुई भागमा वर्गिकरण गर्न सकिन्छ। यस भित्त पहिचान भएको जोखिम तथा पहिचान नभएको जोखिम पर्दछन् । कुनै व्यक्ति र उसको कार्यबाट हुन सक्ने अधितम वा न्युनतम जोखिम पुर्व अनुमान वा

पहिचान गर्न सकिन्छ वा उसको कार्यबाट कस्तो जोखिम उत्पन्न हुन सक्छ भन्ने अनुमान गर्न सकिन्छ भने त्यसलाई पहिचान भएको जोखिम भनिन्छ । त्यसैगरी कुनै पनि व्यक्ति र उसको कार्यबाट जोखिम अनुमान वा पहिचान गर्न सकिदैन वा सम्भावित जोखिम उत्पन्न हुन सक्छ भन्ने अनुमान गर्न सकिदैन भने त्यसलाई पहिचान नभएको जोखिम भनिन्छ ।

## ५.१ जोखिम बिश्लेषण

जोखिम के गर्दा न्युन हुन्छ तथा कस्तो परिशिथतिमा बढ्दछ भन्ने सर्न्दभमा पिस ब्रिगेड इन्टरनेसनले प्रस्तुत गरेको सुत्र महत्वपुर्ण छ । जसअनुसार जोखिम चुनौति तथा जोखिमजन्य परिस्थितिको कारणले बढ्ने गर्दछ भने क्षमताले जोखिमलाई घटाउँदछ ।

$$\text{जोखिम} = \frac{\text{चुनौती} \times \text{जोखिम परिस्थिती}}{\text{क्षमता}}$$

जोखिमलाई स्वीकार्य तहसम्म घटाउन अर्थात आफूलाई सुरक्षित तुल्याउन निम्न कुराहरु गर्न जरुरी छ :

- चुनौती घटाउनु ।
- जोखिम परिस्थितीका कारक तत्व घटाउनु
- सुरक्षा क्षमता बढाउनु

## ५.२ जोखिम परिस्थिती र क्षमताका विषयहरु

कस्तो परिस्थितीले जोखिमलाई बढाउँदछ अथवा कस्तो अवस्था भनेको जोखिमजन्य परिस्थिती हो र क्षमताले समग्रमा जोखिम कम गर्न कस्तो भुमिका निर्वाह गर्दछ भन्ने बिषयहरु महत्वपुर्ण हो । जोखिम परिस्थिती र क्षमता निम्न बिषय सँग सम्बन्धित हुन्छन् ।

- भौगोलिक, भौतिक तथा प्राबिधिक विषयहरु

  यस अर्न्तगत सबैले देख्ने स्थान, सवल र सुरक्षित भौतिक संरचना, जनसाधारणका लागी खुल्ला कार्यालय तथा स्थान, लुक्ने स्थान, भाग्ने बाटो, स्थान बिशेषमा पहुँच, यातायातको सुविधा र व्यवस्थापन, सञ्चारको पहुँच र प्रयोग, द्वन्द्वरत पक्ष बीचको सम्बन्ध, मानब अधिकार रक्षक तथा पत्रकारले कार्यले द्वन्द्वरत द्वन्द्वरत पक्षलाई पार्ने असर, सामग्री, वस्तु तथा लिखित सूचनाको दुवानी र व्यवस्थापन, युद्ध र बारुदि सुरुङ्ग भएको क्षेत्रबारे ज्ञान, आदि ।

- कानूनी र राजनितिक प्रणालीसंग गासिएका विषयहरु

  कानूनी र राजनितिक प्रणालीसंग गासिएका विषयह भित्र आफ्नो अधिकार तथा कानुनी प्रणालीको बारेमा जानकारी, अधिकार स्थापित गर्न अख्तियार प्राप्त अधिकार तथा निकायहरु सँगको पहुँच, कानूनी प्रणाली र अख्तियारबाट परिणाममुखी सहयोग प्राप्त गर्ने क्षमता, राजनितीक सम्बन्ध र संरक्षण, दर्ता, हिसाब किताव राख्ने क्षमताको बारेमा जानकारी

- सूचना व्यवस्थापन

  मानवअधिकार रक्षक तथा पत्रकारको निम्ती सूचना व्यवस्थापन एक महत्वपुर्ण र बिशेष कार्य हो । सूचना उचित व्यवस्थापन सिप हुनु भनेको क्षमता हो भने सूचनाको उचित व्यवस्थापन नहुँदा जोखिम बढ्न पनि सक्दछ । सूचना व्यवस्थापन अर्न्तगत श्रोत तथा सूचनाको निश्चितता, सूचना राख्ने, पठाउने र प्राप्त गर्ने कार्य, साक्षी बस्ने वा प्रयाप्त सूचनाबाट सूसज्जित हुने, आफ्नो काम र उदेश्यको युक्ति सङ्गत स्वीकार्य व्याख्या गर्ने क्षमता आदि बिषयहरु पर्दछन् ।

- सामाजिक र संगठनात्मक विषयहरु
  जोखिम परिस्थिती र क्षमताका सन्दर्भमा सामाजिक र संगठनात्मक विषयहरु अर्न्तगत धेरै बिषयबस्तुहरु पर्दछन् । संगठनात्मक सम्बन्ध, संजाल तथा समूहगत एकता, कार्यलयमा सूरक्षा सम्बन्धी योजना र कार्यबिधि, कामको बृत्त बाहिरको सूरक्षा व्यवस्थापन, मानिस वा समान चरित्रका संगठनसंगको कार्य, सहकार्य गर्ने साक्षी वा पिडितको रेखदेख गर्ने कार्य, छरछिमेक र सामाजिक वातावरणमा घुलमिल र सम्बन्ध, संयन्त्रहरुको परिचालन, राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्जालमा पहुच, सञ्चारमा पहुच र तिनीहरुबाट प्रतिफल प्राप्त गर्ने क्षमता आदि ।

- मनोबैज्ञानिक तथा काम गर्ने श्रोत साधनका बिषयहरु
  मनोबैज्ञानिक तथा काम गर्ने श्रोत साधनका बिषयहरु भित्र मानसिक तनाब र भय व्यवस्थापन निराशा वा पिडाको गहिरो अनुभूति तर संयमित संवोधनको क्षमता, कामको सन्दर्भ र जोखिम बुझ्ने क्षमता, सूचना श्रोतहरुबाट सल्लाह प्राप्त गर्ने क्षमता, आर्थिक श्रोत एवमं भाषा र क्षेत्रको ज्ञान आदि पर्दछन् ।

### ५.३ जोखिम व्यवस्थापनको कार्यनितिहरु

निम्न अनुसारका कार्यनितीहरु अपनाएर कार्य गरेको अवस्थामा जोखिम व्यवस्थापन गर्न वा न्युन गर्न सकिन्छ ।

- सुरक्षात्मक उपायलाई सबल तुल्याउन मानसिक रुपमा तयार रहनु र मूल्यवान वस्तु थान्को लगाउनु ।
- कुनै पक्षले प्रश्न गर्न सक्ने व्यवहार नदेखाउनु, खासगरि तपाई काम गर्ने भूभागमा जहाँ नियन्त्रणको विषयलाई लिएर बिभिन्न पक्षको बिवाद छ ।
- ठूलो जोखिम हुने परिस्थितिमा लुक्नु, पुग्नु गाह्रो हुने स्थानहरु जस्तैः पहाड वा जङलमा लुक्नु, बसोबास गर्ने स्थान वा घर बदल्नु आदि । कहिले परिवारका सबै सदस्यहरु त कहिले रक्षकहरु/पत्रकारहरु मात्र लुक्नु । यो लुकाइ रातविरात वा हप्तौंसम्म पनि हुनसक्छ र वाहिरी सम्पर्क बिहिनको पनि हुन सक्छ ।
- काम तथा कार्यालय बन्द गर्नु (केहि समयकोलागि) वा कार्यालय खाली गर्नु । वाध्यात्मक रुपबाट वसाई सर्नु (आन्तरिक विस्तापित वा शरणार्थिको रुपमा) वा निर्वासनमा जानु ।
- सहकर्मीबाट समेत गोप्य रहनु र चुनौति, अतिशय काम, अरुलाई चिढाउने व्यवहार आदि कुराबाट अलग रहनु ।

कार्यनीति विश्लेषण गर्दा निम्न कुरामा ध्यान दिई कार्य गरेमा सुरक्षित तथा सफल रुपमा कार्य गर्न सहज हुन्छ ।

- संवेदनशीलता : के तपाईको कार्यनीतिले व्यक्ति वा समुहको सुरक्षा आवश्यकतालाई तुरुन्त प्रत्युत्तर दिन सक्छ ?
- अनुकूलता : के तपाईको कार्यनीति आक्रमणको जोखिम समाप्त भए पछि नर्या परिस्थितिमा लागू गर्न सकिन्छ ? रक्षकहरु/पत्रकारहरु सामु अनेकौं विकल्पहरु होलान् जस्तैः लुक्नु वा केही समय अरुको घरमा वस्नु । यस प्रकारका कार्यनीतिहरु कमजोर वा अस्थिर देखिन सक्छन् । तर निकै नै उपयोगि छन् ।
- दिगोपन : के चुनौति वा गैर घातक आक्रमणको वावजुद तपाईको कार्यनीति समय सापेक्ष हुन सक्छ ?
- प्रभावकारिता : के तपाईको कार्यनीतिले सम्वन्धित मानिसहरुलाई पर्याप्त मात्रमा सुरक्षा दिन सक्छ ।
- परिवर्तनशिलता : कतपाईको कार्यनीतिले काम गरेन वा परिस्थिति परिवर्तन भयो भने के यसलाई परिवर्तन गर्न सकिन्छ ?

संभावित जोखिमलाई सम्हाल्ने उपायहरु निम्न अनुसार छन् ।

- जोखिमलाई स्विकार गर्नु । जस्तो जोखिम छ त्यस्तै स्वीकार्नु, यसले झेलेर बस्न सक्छु भन्ने भावना जगाउनु तथा आफूसँग सामना गर्ने क्षमता छ भने खतरालाई चिरेर अगाडि बढ्नु ।

- अरुसँग साझेदारी गरि एउटा रक्षकहरु/पत्रकारहरु वा सङठनको सम्भाव्य चुनौतिलाई कम प्रभावकारी बनाउन सकिन्छ । यसोगर्दा आफ्नो उद्देश्यमा सहकार्य गर्नेहरुको सहयोग प्राप्त भइ अधिकार रक्षकको क्षमता अभिवृद्धि हुन जान्छ ।
- जोखिमबाट अलग रहनु । जोखिम आइपर्ने कुनैपनि किसिमको क्रियाकलाप नगर्ने । संभावित जोखिमबाट बचेर कार्य गर्नु ।
- नकारात्मक असर कम गर्नु: घटनाबाट हुन सक्ने अधिकतम क्षतिलाई कम गर्नु । चुनौति आउन नदिन काम कारवाहि रोक्ने वा परिवर्तन गर्ने वा तरिका फेर्ने जस्ता उपाय गर्न सकिन्छ ।
- चुनौतिको लेखाजोखा गरी चुनौतिको उद्देश्य र श्रोतबारे सके सम्म धेरै सूचना प्राप्त गर्ने र चुनौतिको अनुभूति होला वा नहोला भन्नेबारे तर्क सङत निस्कर्षमा पुग्नु ।

### ५.४ जोखिम लेखाजोखाः

जोखिम लेखाजोखा गर्नाले जोखिमको पहिचान र परिमाण निक्यौंल गरी प्राथमिकताका आधारमा जोखिम व्यवस्थापन गर्न मद्धत पुग्दछ । जस्तै, धेरै क्षति पुग्ने र जोखिम अवस्था सृजना हुने बढी संभावना भएका परिस्थितिहरुलाई प्राथमिकता दिइ व्यवस्थापन गर्ने र कम क्षती पुग्ने र घटना घट्ने संभावना कम भएकाहरुलाई पछि व्यवस्थापन गर्ने । व्यवहारिक रुपमा यो प्रकृया ज्यादै कठिन हुन्छ किनकी कहिले कहि झिनो जोखिमले ठूलो क्षति पनि पुऱ्याउन सक्दछ र उच्च सम्भावना बोकेको जोखिमले कम क्षति पुऱ्याउन पनि सक्दछ । त्यस्तै उच्च संभावना बोकेको जोखिमलाई बेवास्ता गर्दा ठूलो मूल्य चुकाउनु पर्ने हुन्छ ।

जोखिम लेखाजोखा भन्नाले संभावित खतराको स्रोत पत्ता लगाउने, घटना घट्ने संभावना छ कि छैन र त्यसबाट पर्न सक्ने नकरात्मक प्रभाव पहिचान गर्ने प्रकृया बुझ्नु पर्दछ । जोखिम लेखाजोखा गर्दा आइपर्ने प्रमुख समस्या भनेकै घटनाको परिमाण तथा दरको सम्भावना  निक्यौल गर्नु हो ।  जोखिम लेखाजोखा दुई मापन विधि अनुसार गर्न सकिन्छ । पहिलो भनेको क्षति हुने सम्भाव्यता (Probability loss)  र दोस्रो भनेको सम्भावित क्षतिको मात्रा (Potential Loss) हो ।

### ५.५. जोखिम परिस्थिती

जोखिम परिस्थिती भन्नाले संभाव्यता भएको परिस्थिती हो । आफुमा क्षमता नहुन अथवा आर्थिक, भौगोलिक, सास्कृतिक लगायतका कारणले जोखिम बढि हुने अवस्था भनेको जोखिम परिस्थिती हो ।  जोखिमको मात्रा र प्रकार व्यक्ति, स्थान र घटना विशेषमा निर्भर हुन्छ । यसलाई निम्न उदाहरणबाट प्रस्ट्याउन सकिन्छ ।

- स्थान  र समय विशेषः रक्षकहरु/पत्रकारहरु कार्यालयमा रहेको अवस्थामा भन्दा स्थलगत भ्रमणमा वा एकान्त स्थानमा जाँदा बढी जोखिम अवस्थामा हुन्छ । जोखिम साधारणतया दिनमा भन्दा रातमा बढि हुन्छ ।
- क्षमता र श्रोतको अवस्थाः यातायात, फोन वा अन्य साधनमा पहुँच भएको अवस्थामा भन्दा नभएको अवस्थामा जोखिम बढि हुन्छ । शारिरिक क्षमताले जोखिमलाई कम गर्दछ भने ज्ञानले जोखिम व्यवस्थामनमा सहयोग गर्दछ ।
- डरमा निर्भरः सञ्चारकर्मी तथ अधिकार रक्षकलाई चुनौती आईपर्दा डर महशुस हुन गई परिस्थिती असहज हुन सक्दछ । आत्प नियन्त्रण तथा डरको व्यवस्थापनको अवस्थाले पनि जोखिमलाई तलमाथि पार्दछ ।

  जोखिम परिस्थितीको लेखाजोखा गरेको अवस्थामा जोखिम व्यवस्थामनमा सहयोग पुग्दछ । जोखिम परिस्थितीको लेखाजोखा भन्नाले प्रक्रियागत जोखिम परिस्थितीहरुको पहिचान र मात्रा निर्धारण गर्नु हो । जोखिम परिस्थितीको लेखाजोखा र जोखिम लेखाजोखा धेरै हदसम्म उस्तै हुन्छ । यसको लेखाजोखा निम्नानुसार गर्न सकिन्छ ।

- भएको भौतिक साधन र स्रोतको सूची तयार पार्नु र  स्रोत र साधनको महत्व ताथ मूल्य निर्धारण गर्नु ।

- स्थान तथा समयजन्य जोखिमता निर्धारण गर्नु ।
- भौगोलिक, सास्कृतिक अवस्था तथा साधान र श्रोतको पहुँचको बिश्लेषण गर्नु ।
- राजनीतिक अवस्था र सुरक्षा संयन्त्रको उपस्थितीको बारेमा जानकारी लिनु ।

### ६. हानी रहितको सिद्धान्त

सञ्चारकर्मी तथा मानवअधिकार रक्षकले सम्भवभए सम्म आफुलाई हानी कमहुनेगरी कार्य गर्नु पर्दछ । मानवअधिकार रक्षकको एउटा प्रमुख सिद्धान्त भनेको बाँचेर सुरक्षित भई सफल कार्य गर्नु हो । तसर्थ कार्य गर्दा व्यक्तिगत तथा संस्थागत कम हानी हुने गरी वा हानी नहुनेगरी गर्नु पर्दछ । यस सिद्धान्तलाई हानी रहितको सिद्धान्त वा (Do No Harm Principles) भनिन्छ ।

यस सिद्धान्तलाई अबलम्बन गरी कार्य निम्न उल्लेखित कुराहरुमा बिशेष ध्यान दिनुपर्दछ ।

- मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तलाई स्वीकार्ने,
- पत्रकार आचारसंहिताको पुर्ण परिपालना गर्ने ।
- घटनाका सन्दर्भमा तटस्थ रहने वा घटनालाई तथ्यगत रुपमा मात्र प्रस्तुत गर्ने अथवा आफुले न्यायधिसको भुमिका निर्वाह नगर्ने ।
- कुनैपनि अवस्थामा द्वन्द्वरत पक्ष, बिद्रोहि पक्ष वा परस्पर दुस्मन पक्षको कामकारवाहीको सुराकी नगर्ने,
- सुनिएका घटना बारे पर्याप्त सूचना लिने, सुनेको आधारमनै घटनाको बिश्लेषण नगर्ने वा लेख नलेख्ने ।
- सुनेका कुरा भन्दा देखेका कुरामा विश्वास गर्ने,
- कामका सिलसिलामा आफू सम्बद्ध संस्थासँग नियमित सम्पर्कमा रहने र आफू सम्बद्ध संस्थाप्रति जवाफदेही हुने,
- प्रतिवेदन आफै सार्वजनिक नगर्ने र सबै काम संस्थाका नामबाट गर्ने । व्यक्तिगत नाम र प्रचारको लागि जोखिम नमोल्ने ।
- काम गर्नु पर्ने क्षेत्रमा आफूलाई आइपर्ने खतराको मापन गर्ने,
- वादविबादमा सहजकर्ताको भूमिका नखेल्ने,
- मानवअधिकारका सिद्धान्तहरुको पालना गर्ने तथा नागरिकको अभिव्यक्ति स्वतनत्र र सूचना हकको संरक्षण गर्ने ।
- कुनैपनि बिवादको बिषयको विवादको सामाजिक छलफलमा भाग नलिने,
- घटनास्थल जाँदा मौसम अनुसार आफूलाई चाहिने सामग्री लिएर जाने,
- नरम, सभ्य र आदरपूर्ण व्यवहार प्रदर्शन गर्ने र भड्किलो पहिरन प्रयोग नगर्ने,
- आवश्यक साधन तथा श्रोतको प्रयोग तथा परिचालन गर्नु,
- स्थलगत भ्रमणमा जाँदा मूल्यवान वस्तुहरुको प्रयोग नगर्ने,
- गम्भीर प्रकृतिको जोखिम उत्पन्न भएमा अदृष्य हुने, कार्यस्थगन गर्ने वा पूर्ण रुपमा रोक्ने, कार्यालय बन्द गर्ने वा कार्य क्षेत्र परिवर्तन गर्ने,
- अवस्थाअनुसार सहकर्मीबाट समेत गोप्य रहने,
- गोप्य सूचना लुकाउने वा नष्ट गर्ने,
- समय परिस्थितिको मूल्याङ्कन गरी स्थानीय समूदायसँग सम्पर्क सुत्र विस्तार गर्ने,

- स्थानीय गैर सरकारी संस्था, अस्पताल, प्रहरी, एम्बुलेन्स आदिको टेलिफोन नम्बर र ठेगाना अध्यावधिक राख्ने, आदि

## ७. व्यक्तिगत सुरक्षाको सर्न्दभमा पत्रकारका आचारसंहिता पालना

पत्रकार आचारसंहिताको उचित रुपमा पालना गरिएको खण्डमा पत्रकारहरु वा सञ्चारकर्मीहरुमाथि आई पर्ने जोखिम तथा चुनौतिहरु न्युन रहन्छ । पत्रकार आचारसंहिताको पालन गर्नु पत्रकारको लागि सुरक्षा तथा व्यवसायिक दुबै दृष्टीकोणबाट उपयुक्त हुन्छ ।

पत्रकार पत्रकार आचारसंहितामा पत्रकारहरु वा सञ्चारकर्मीहरु ले निर्वाह गर्नुपर्नेकर्तव्य तथा गर्न नहुने कार्यहरूको बारेमा प्रष्ट रुपमा उल्लेख गरिएको छ ।

### ७.१ पत्रकार र सञ्चारमाध्यमहरूले निर्वाह गर्नुपर्नेकर्तव्य :

- प्रेस स्वतन्त्रताको संरक्षण र सम्वर्द्धन
  विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्वर्द्धनका निम्ति सदैव दृढ, सजग र सतर्क रहनुपर्दछ ।
- मानवीयता, मानवअधिकार र अन्तर्राष्ट्रिय सम्बन्धको सम्मान
  मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै लाके तन्त्र, न्याय, समानता, मानवीयता, शान्ति र अन्तर्राष्ट्रिय समझदारीको संरक्षण र सम्वर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गनर्पु दर्छ ।
- सूचनाको हकको रक्षा र प्रचलन
  आम नागरिकको सुसूचित हुन पाउने हक-अधिकारको रक्षा गर्न सदैव क्रियाशील एवं समर्पित रहनुपर्दछ ।
- सत्य तथ्य सूचनाको सम्प्रेषण
  पत्रकार तथा संचारमाध्यमले स्रोत र आधार उल्लेख गरी सत्य तथा तथ्य, वस्तुनिष्ठ एवं सन्तुलित सचूना सम्प्रेषण गर्नुपर्दछ ।
- सम्पादकीय स्वतन्त्रता र उत्तरदायित्व
  सम्पादकीय स्वतन्त्रताको सर्वमान्य सिद्धान्तबमोजिम संचारमाध्यमबाट उत्पादित, प्रकाशित, प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणको अन्तिम जिम्मेवारी र अधिकार सम्पादकमा निहित रहनेछ । सञ्चारमाध्यमले आफ्नो माध्यममा सम्पादकीय स्वतन्त्रताको प्रत्याभूति गनर्पुदर्छ ।
- गोपनीयताको हकको सम्मान :
  सार्वजनिक हितमा प्रतिकुल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यावसायिक गोपनीयताको सम्मान गर्नुपर्दछ।
- उच्च व्यावसायिक अभ्यास
  पत्रकारिताका आधारभूत मान्यता र सिद्धान्तप्रति प्रतिबद्ध रही जवाफदेही एवं उत्तरदायित्व तथा विश्वसनीयताको निर्वाह गर्न निष्ठापूर्वक उच्च व्यावसायिक अभ्यास गर्नुपर्दछ ।
- शिष्ट व्यवहार
  व्यावसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको प्रयोगमा सजग रहनुपर्दछ ।
- गल्ती सच्याउने तत्परता

प्रकाशन तथा प्रसारणका क्रममा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटि सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रस्ट भाषामा उचित स्थान दिई प्रकाशन, प्रसारण गर्नु पत्रकार तथा सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

- सामाजिक दायित्व
  अशक्त, असहाय, अपाङ्ग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्वारा विशेष सहयोग पुऱ्याउनु पत्रकार र सञ्चारमाध्यमको सामाजिक दायित्व हुनेछ ।

- आपसी सम्बन्ध
  पत्रकार तथा संचार- माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ ।

**७.२ पत्रकार र सञ्चारमाध्यमहरूले गर्न नहुने कार्यहरू:**

- राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुने
  बहुभाषिक, बहुधामिर्क र बहुजातीय मुलुक नेपालको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गाली-बइेज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने समाचार र विचार  प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

- सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पार्न नहुने
  सामाजिक न्याय र सद्भावमा प्रतिकूल असर पुऱ्याउने तथा व्यावसायिक मर्यादा विपरीत हुने विकृत र उत्तेजक सामग्री प्रकाशन, प्रसारण तथा उत्पादन-वितरण गर्नुहुँदैन ।

- समाचारको गोप्य स्रोत खोल्न नहुने
  समाचार प्रस्तुत गर्दा समाचारको आधिकारिकता र विश्वसनीयताका लागि स्रोते उल्लेख गर्नुपर्दछ ।। तर, गोप्य स्रोतको सरंक्षण गर्ने दायित्व पत्रकारको हुनेहुँदा स्रोतको इच्छा र अनुमतिबेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान खुलाउनु हुँदैन ।

- निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्न नहुने
  संचारमाध्यम वा पत्रकारले प्रकाशन-प्रसारण वा समाचार सामगग्रीको रूपमा वितरण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री सार्वजनिक प्रयोग नगरी व्यक्ति वा संस्थाको निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नुहुँदैन ।

- भेदभाव हुने गरी सूचनाको सम्प्रेषण गर्न नहुने
  जातीय, लैङ्गिक, धार्मिक , क्षेत्रीय, भाषिक र रङ्गजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नुहुँदैन ।

- पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने
  पीडितलाई थप पीडा पुग्ने गरी भाषा, ध्वनि, तस्बिर, चित्र र दृश्यसमेतको प्रयोग गरी समाचार तथा विचार प्रकाशन-प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

- पीडित व्यक्तिको नाम, ठेगाना खुलाउन नहुने
  यौनजन्य अपराध र सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिहरूको सचेत स्वीकृतिबिना नाम, ठेगाना र पहिचान खुल्नेगरी समाचार, तस्बिर र दृश्य प्रकाशन तथा प्रसारण वा उत्पादन-वितरण गर्नुहुँदैन ।

- हिंसा, आतङ्क र अपराधलाई प्रोत्साहन गर्न नहुने
  विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता क्रियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्बिर, मत सर्वेक्षण, ध्वनि वा दृश्यहरु प्रस्तुत गर्नुहुँदैन ।

- बीभत्स दृश्य र तस्बिर प्रकाशन/प्रसारण गर्न नहुने
  समाजमा नैराश्य, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका नग्न, क्षतविक्षत र बीभत्स दृश्य एवं तस्बिरहरू असान्दर्भिक, अश्लील र उत्तजेना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नुहुँदैन ।

- घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने
  कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन-प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्रहत्या हुने गरी समाचार सामग्री प्रस्तुत गर्नुहुँदैन ।

- तथ्य बङ्ग्याउन नहुने
  कुनै टिप्पणी वा स्पष्टताबिना तस्बिर, भिडियो दृश्य, ध्वनि वा तथ्यलाई तोडमोड गरी पहिचान नै बदल्ने वा गलत पहिचान दिने वा गलत अर्थ लाग्ने गरी समाचार सामग्री प्रकाशन-प्रसारण वा उत्पादन- वितरण गर्नुहुँदैन ।

- विज्ञापनलाई समाचारका रूपमा प्रस्तुत गर्न नहुने
  विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न, विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन । त्यस्तै, एउटा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यतः अर्को सञ्चारमाध्यमले गर्नुहुँदैन ।

- स्रोत उद्धृत नगरी पुन प्रयोग गर्न नहुने
  कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार वा प्रकाशित-प्रसारित सामग्री उपयोग गर्दा त्यसको मूल स्रोत उद्धृत नगरी पुनः प्रकाशन, प्रसाराण वा वितरण गर्नुहुँदैन । त्यसरी उद्धृत गर्दा सामान्यतः मूलस्रोतको सहमति लिनुपर्दछ ।

- स्रोतसँग सम्बन्ध
  पत्रकार वा संचारमााध्यमले समाचारस्रोतसँग व्यावसायिक मर्यादा र सीमा बाहिर हुने गरी अनुचित सम्बन्ध राख्न एवं व्यक्ति वा संस्थाको निहित स्वार्थका निम्ति संचारमाध्यमको दुरुपयोग गर्नुहुँदैन ।

## ८. सुचना प्रविधीको प्रयोग र मानवअधिकार रक्षक एवमं पत्रकारको सुरक्षा

कुनै पनि पेशा वा व्यवसायको लागि सुचना प्रबिधीको प्रयोग आजको युगमा बाध्यात्मक जस्तो भईसकेको छ । सुचना प्रबिधीका साधनको रुपमा बिभिन्न प्रकारका टेलिफोन, इमेल तथा इन्टरनेट, फ्याक्स लगायतका साधन र प्रविधीहरु प्रर्दछन् । यस्ता किसिमका साधनको प्रयोगले एकातर्फ कार्य छिटो छरितो बनाएको छ र व्यवसायिकतालाई सघाएको छ । सँङ्गसँङ्गै यस्ता साधनको प्रयोगले मानवअधिकार रक्षक एवमं पत्रकारको सुरक्षा समेत जोखिम सृजना गर्न सक्ने अवस्था समेत पैदा भएको छ ।

सुचना प्रबिधीका साधनको उचित प्रयोगले सहजता तथा छरितोपन पैदा गर्ने हुँदा हानि रहित रुपमा यी साधनको प्रयोग गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछ ।

### ८.१ मोवाइल तथा तारवाल फोनको प्रयोगका फाइदा, वेफाइदा र प्रयोग गर्ने तरिका

मोवाइल तथा तारवाल फोनको प्रयोगले सञ्चारको क्षेत्रमा आमुल परिवर्तन ल्याएको छ । मोवाइल तथा तारवाल फोनका सहज उपलब्धता तथा यसको प्रयोग व्यापक भएको सन्दर्भमा यस साधनको उचित प्रयोगको बारेमा जानकारी राख्नु मानवअधिकार रक्षक एवमं पत्रकारको लागि आवश्यक छ । यसको प्रयोगका फाइदाहरु निम्न बमोजिम छन् ।

- सुचना तथा तथ्याङ्कको आदन प्रदानमा सहजता तथा छरितोपन,
- समय तथा सुचनाको सञ्चारमा आर्थिक रुपम फाइदाजनक,
- फिल्डमा तथा दुर्गम स्थानमा जाँदाको समयमा समेत परिवार, अफीसमा सम्पर्कमा रहनको लागि सहज,

- एक्लोपनको समयमा साथीको रुपमा प्रयोग,
- मोवाइलमा हुने एफ एम तथा क्यामेराहरुको प्रयोगले घटना तथा अवस्थाको बारेमा जानकारी तथा सुचनाको संकलन,
- आपद विपदमा उद्धारको लागि सहज सर्म्पक,
- मनोरञ्जनको साधन, आदि

यसको प्रयोगका निम्न जोखिमहरु पनि छन् ।

- सूचना तथा जानकारी चुहावट हुने खतरा,
- साधनको खरिद तथा सञ्चालमा आर्थिक व्ययभार,
- यी साधनमा संग्रहित सुचना तथा तथ्याङ्कको आधारमा बिभिन्न पक्षहरुबाट अनावश्यक केरकारमा परिने सम्भावना,
- यस्ता साधनको कारणले लुटिने तथा आक्रमणमा परिने संभावना,
- यस्ता साधनको माध्यमबाट निगरानीमा परिन सम्भावना, आदि

यसको प्रयोगका जोखिम न्युनीकरणकालागि निम्न अनुसार कार्य गर्नुपर्दछ ।

- मान्छेको भिडभाडमा फोनको प्रयोग नगर्ने,
- मान्छे नोटीस गरेको छ भने गोप्य सुचनाको बारेमा कुरा नगर्ने,
- सुचनाको प्रयोग भइसकेपछि ती संग्रह गरिएका सुचनाहरु नष्ट गर्ने,
- सूचनाहरु एस एम एसको माध्यमबाट पठाउने,
- गोप्य सूचना आदन प्रदानका  एस एम एसक तुरुन्त नष्ट गर्ने,
- उद्धार तथा सुरक्षा सँङ्ग सम्बन्धीत आवश्यक टेलिफोन नम्बरहरु संग्रहगरी राख्ने,
- परिवार, अफीस तथा साथीहरु सँङ्ग निरन्तर सम्पर्कमा रहने,
- महँगो तथा भड्किलो साधनको प्रयोग नगर्ने,
- गोप्य सूचना तथा जानकारी फ्याक्स मार्फत नपठाउने,
- बिश्वासिलो ठाँउबाटमात्र फ्याक्सको प्रयोग गर्ने,
- मोवाइल जस्ता साधनहरलाई प्रर्दशन नगरी गोप्य तरिकाले राख्ने, आदि

### ८.२ इमेल ताथ इन्टरनेटको प्रयोगका फाइदा, वेफाइदा र प्रयोग गर्ने तरिका

इमेल तथा इन्टरनेट आधुनिक जीवनको अभिन्न अङ्गको रुपमा रहेको । मानवअधिकार रक्षक तथा सञ्चारकर्मीहरुले यसको व्यापक प्रयोग गर्दछन् । सूरक्षित तथा सफल रुपमा कार्य गर्न इमेल तथा इन्टरनेटको प्रयोगमा ध्यान दिनु आवश्यक छ । मोवाइलको प्रयोगमा जस्तै यसको प्रयोगका पनि केहि फाइदा तथा जोखिम छन् । उचित प्रयोग गरेमा जोखिम कम गर्न सकिन्छ ।

यसको प्रयोगका फाइदाहरु निम्न बमोजिम छन् ।

- सुचना तथा तथ्याङ्कको आदन प्रदानमा सहजता तथा छरितोपन,

- समय तथा सुचनाको सञ्चारमा आर्थिक रुपम फाइदाजनक,
- सूचना तथा तथ्याङ्क, अन्तराष्ट्रिय मान्यता तथा सोचाइको बारेमा जानकारी लिनको लागि सहज,
- सुचना तथा तथ्याङ्क बुझ्न आफु उपस्थित हुन नसकेपनि संग्रहित भइरहने ,
- एकै समयमा धेरै सरोकारवालालाई सम्पर्क गर्न सकिने ,
- आफ्नो अवस्थाको बारेमा बिस्तृत जानकारी दिन सकिने ,
- सूचनाको आदन प्रदानमा कसैले सुन्दछ की भन्ने डरबाट मुक्त,

यसको प्रयोगका निम्न जोखिमहरु तथा अप्ठाराहरु पनि छन् ।

- सूचना तथा जानकारी चुहावट हुने खतरा,
- सहज तथा सरल रुपमा उपलब्ध नहुनु,
- प्रयोगमा बिशेष ज्ञानको आवश्यकता,
- आनावश्यक रुपमा अरुको निगरानिमा परिने सम्भावन,
- यी साधनको प्रयोगको आधारमा आधारमा बिभिन्न पक्षहरुबाट अनावश्यक केरकारमा परिने सम्भावना,

यसको प्रयोगका जोखिम न्युनीकरणकालागि निम्न अनुसार कार्य गर्नुपर्दछ ।

- मान्छेको भिडभाड रहने सार्वजनिक स्थानमा इन्टरनेटको प्रयोग नगर्ने,
- साइवरहरुमा इमेल चेक गर्दा पासवर्ड सेभ नगर्ने,
- साइवरहरुमा इन्टरनेटको प्रयोग गर्दा आफुले सेभ गरेको फाइल आवश्यकता अनुसार आफ्नो साधनमा भण्डारण गरी कम्पुटरबाट पुरै डिलिट गर्ने,
- मान्छे नोटीस गरेको छ भने गोप्य सुचनाको आदन प्रदान नगर्ने,
- अरुले देख्नेगरी जानकारीहरु नलेख्ने,
- गोप्य इमेलहरु आवश्यक प्रयोग पछि नस्ट गर्ने,
- प्राविधिक ज्ञान लिई तथ्याङ्कहरु इनक्रीप्सन गरी इमेलद्धार पठाउने ,
- आफ्नो पासवर्ड गोप्य राख्ने तथा पासवर्ड राख्दा सहज अनुमान गर्न सक्नेगरीको नराख्ने, आदि

### ९. सुरक्षा रणनिती तथा उपायहरुका सन्दर्भमा जान्नुपर्ने बिषयहरू

- सरकारी अधिकारीले कार्यक्रमका कागजात एवं परिचयपत्रहरू नक्कली भएको वा विद्रोहीपक्षको जासुसी गरेको आरोप लगाएमा के गर्नुपर्दछ ?
  कार्यक्रमहरूको बारेमा यथेष्ट दस्तावेजहरू एवं संस्थाको परिचयपत्रसँगै राखेको हुनुपर्छ । यदि स्थानीय अधिकारीले कार्यक्रमको कागजात एवं परिचयपत्र कीर्ते भएको भनी आरोप लगाएमा आफ्नो नाम, फोटो, र संस्थाको आधिकारिक सहिछाप सहितको परिचयपत्र देखाउँदै आफ्नो कार्यक्रमको उद्देश्यबारे सम्बन्धित अधिकारीलाई निडर, नम्र एवं आदरभावले स्पष्ट पार्नुपर्दछ ।
- विद्रोहीपक्षलाई साधनश्रोतहरू उपलब्ध गराएको भनी कसैले आरोप लगाएमा के गर्नुपर्दछ ?
  संस्थाका कार्यक्रमहरू स्थानीय स्तरमा समुदायको हितमा ल्याइएको हुँदा खाद्य सामग्री, लत्ता-कपडा र औषधिजस्ता

अत्यावश्यक वस्तुहरू केवल आधिकारीक प्रयोगको लागि मात्र उपलब्ध हुन्छन् र यस्ता वस्तुहरू केवल मानवीय आवश्यकताको निम्ति मात्र प्रयोग गरिन्छन् भन्ने कुरा उदाहरणसहित स्पष्ट पार्नुपर्दछ ।

- सुरक्षफौजले विद्रोहीपक्षको बारेमा जानकारी गराउन अनुरोध गरेमा के गर्नुपर्दछ ?
  द्वन्द्वरत दुवै पक्षका द्वन्द्व चर्काउने प्रकृतिका सूचनाहरू एक-अर्कालाई आदान-प्रदान गरियो भने ठूलो नोक्सानी हुन्छ भन्ने कुरालाई बिर्सनु हुँदैन । साथै, यस्तो कार्यले आफू समेत जोखिममा पर्न सक्ने सम्भावना रहन्छ । जानाजानी या अज्ञानतावस सूचना आदान-प्रदान हुन पुग्यो भने त्यस्तो कार्य सुराकी गरिएको दोषमा परिणत हुन जान्छ । तसर्थ, उचित रुपमा नम्र भएर "हामीले विद्रोही पक्ष वा सुरक्षाफौजको बारेमा कुनै पनि जानकारी दिन सक्तैनौं" भन्नु अति राम्रो उपाय हो । एक-अर्काको बारेमा सूचना दिएमा तपाई र तपाईको सहकर्मीहरूलाई कुनै पनि खतरा आईपर्नसक्छ ।

  धम्की, त्रास र यातनासहित यदि यस्ता सूचना दिन बाध्य गराइएमा आफ्नो संस्थाका केन्द्रीय नेतृत्वलाई अविलम्ब जानकारी दिनुपर्दछ र सोही मुताविक कार्य गर्नुपर्दछ ।

- कसैले हतियारधारी मानिस, सामान एवं हतियारहरु ओसार-पसार गर्न आग्रह गरेमा के गर्नुपर्दछ ?
  उल्लिखित कार्य अत्यन्त सम्वेदनशील एवं घातकसिद्ध हुन सक्दछ भन्ने तथ्यलाई मनन गरी आफ्नो संस्थाको कार्यक्षेत्र सम्बन्धित पक्षलाई बताउनुपर्छ । कुनै पनि हतियारधारी व्यक्ति, सामान एवं हतियारहरू लैजान नसक्ने कुरा स्पष्ट पार्नुपर्दछ । यस्ता कार्यमा संलग्न हुँदा आफू निर्दोष भएपनि आफू र आफ्ना सहकर्मीहरू समेत कुनै पनि बेला जस्तोसुकै खतरामा पर्न सक्ने प्रवल सम्भावना रहन्छ ।

द्वन्द्वको समयमा पूर्णरुपमा उदासिन, पृथक एवं रमितेमात्रै बन्नुले संस्थाको मानव अधिकार, न्याय र मानवीयताको छवि जनमानसमा धमिलो बन्दै जान्छ । यसर्थ, सामाजिक कार्यकर्ताको निम्ति मानवीयता एक सर्वोपरी विषय भएकोले यस्तो परिवेशमा यदि नजिकै उचित यातायातका साधन छैनन् र कोही व्यक्ति गम्भीररुपले घाइते भएको छ र निज घाइते द्वन्द्वमा संलग्न छैन भने उसलाई आफ्नो सवारी साधनमा राखेर नजिकैको चिकित्सालयमा लैजानु मानवीय कर्तव्य हुन आउँछ । यदि कुनै व्यक्तिले (विद्रोही पक्ष वा सुरक्षाकर्मी) गम्भीर घाईते भएको र सहयोगको लागि सँगै जान जोड गरेमा ती व्यक्तिहरू निशस्त्र हुनुपर्छ भनी जोड दिनुपर्छ ।

गम्भीर प्रकारको घाइते वा विरामी र हतियारविहिन रहेको अवस्थामा जोसुकैलाई पनि सेतो झण्डा हल्लाएर लान सकिन्छ (त्यस्तो सेतो झण्डा पहिले नै सवारी साधनमा तयारी अवस्थामा राख्नुपर्छ) ।  यदि कसैले यस प्रकारको क्रियाकलापको विरोध गरेमा विना हयितारधारी भएको कारण मानवीय धर्म पूरा गर्न मात्रै यस प्रकारको काम गरेको स्पष्ट पार्नुपर्छ ।

यसरी घाइते या सिकिस्त विरामी लिएर हिड्नुपर्ने तथ्य लुकाउनु हुँदैन ।

- सुरक्षाफौजले विद्रोहीपक्षसँग सहकार्य गरिरहेको आरोप लगाएमा के गर्नुपर्दछ ?
  आफू संलग्न संस्था र कार्यक्रमको उद्देश्यबारे सम्बन्धित पक्षलाई पारदर्शीढंगले स्पष्ट पार्नुपर्दछ । संस्थाका आवश्यक कागजातहरू (सक्कली या प्रतिलिपी) सधै आफूसँगै रहेको हुनुपर्दछ । आफ्ना कार्यक्रमहरु गैरराजनीतिक भएको तथ्यलाई सम्बन्धित पक्षसमक्ष प्रष्ट व्याख्या गर्नुपर्छ । कुनै पनि कार्यक्रम एवं साधन श्रोत प्रत्यक्ष रुपमा स्थानीय लक्षित समुदायलाई उपलब्ध गराइरहेको स्पष्ट आधारहरू देखाउनुपर्दछ । संस्थाको कडा नियमको खुलासा गर्दै   कुनै हतियारधारी वा राजनीतिक पार्टीलाई कुनै पनि साधनश्रोत उपलब्ध नगराएको तथा नगराउने तथ्य निर्भिकताकासाथ राख्नुपर्दछ  ।

- विद्रोहीपक्षले समन्वय गरेर काम गर्नुपर्छ भनी दबाब दिएमा के गर्नुपर्दछ ?
  विद्रोही पक्षको बाहुल्यता रहेको क्षेत्रमा काम गर्दा उनीहरूले आफूसँग समन्वय गरेर काम गर्नुपर्छ भनेमा आफूहरू त्यस ठाउँमा काम गर्न इच्छुक भएको कुरा स्पष्ट पार्नुपर्दछ । तर, कार्यक्रमले उनीहरूलाई कुनै श्रोत तथा रकमहरू उपलब्ध गराउन नसक्ने तथा कार्यक्रमले केवल कुनै समुदाय वा आधिकारीक विकास सहकर्मीमार्फत् मात्र काम गर्ने कुरा अग्रिम रुपमा स्पष्ट पार्नुपर्दछ ।

विद्रोही पक्षसँग निकट रहेर काम गर्दा कुनै पनि बेला सुरक्षाको दृष्टिले निकै जोखिमपूर्ण अवस्था आउन सक्ने कुरा विद्रोही पक्षलाई सम्झाउनुपर्दछ र आफ्नो उद्देश्यको बारेमा स्पष्ट पार्दै समन्वय गर्न संस्थाको नीतिसँग नमिल्ने कुरा बताउनुपर्दछ । तर कुनै पनि पक्षले आफ्नो कार्यक्रमको बारेमा स्वतन्त्र रुपमा अनुगमन गर्न आएमा एवं आवश्यक सल्लाह तथा सुझाव प्रदान गरेमा सहज स्वीकार गर्नुपर्दछ ।

- विद्रोहीपक्षले उनीहरूको "आधिकारीक पत्र" बोक्न र प्रयोग गर्न कर गरेमा के गर्नुपर्दछ ?
  व्यक्तिगत र सामूहिक सुरक्षाको सवाल सर्वोपरी हुने भएकोले सामाजिक कार्यकर्ताले त्यस्तो दस्तावेज कुनै पनि हालतमा प्रयोग गर्न नमिल्ने तर्क प्रस्तुत गर्नुपर्दछ । यस्तो परिचयपत्र बोक्दा कार्यक्रमका कार्यकर्ताहरूलाई ठूलो खतरा हुने भएको हुनाले यस्तो पत्र आफू र आफ्ना सहकर्मीहरूले बोक्न सक्दैनन् भन्ने कुरा स्पष्ट पार्नुपर्दछ । यदि द्वन्द्वरत कुनै पक्षले यस्तो पत्र बोक्नै पर्छ भनी जोड गरेमा यस्तो कार्यले आफ्नो परियोजना/कार्यक्रमका क्रियाकलापहरू पछि हट्न, स्थगित हुन या रद्ध समेत हुन सक्ने कुरामा उनीहरूको ध्यानाकर्षण गराई आफ्नो संस्थाको नीति/नियम एवं उद्देश्य स्पष्ट पार्नुपर्दछ । जबर्जस्तीको अवस्थामा संस्थाको केन्द्रीय कार्यालयमा अविलम्ब खबर गर्नुपर्दछ ।

- यदि विद्रोहीपक्षले तपाइलाई कुनै क्षेत्र छोड्नु भनेमा के गर्नुपर्दछ ?
  सामाजिक कार्यकर्ताहरूलाई प्रत्यक्ष या परोक्ष धम्कीका साथ कार्यक्षेत्र छोड्नुपर्ने घटनाहरू सामान्य बनेको सन्दर्भमा यदि कसैले आफूले काम गरिरहेका स्थान छाड्न आग्रह गरेमा सबै भन्दा पहिला आफूलाई स्थान छाड्न आग्रह गर्ने व्यक्ति वा निकायको आधिकारिकता पत्ता लगाउनुपर्दछ । यदि साच्चिकै विद्रोही पक्षले कार्यक्षेत्र छाड्न दबाब दिएको हो भने त्यसको कारण पत्ता लगाउनुपर्दछ । स्थान छाड्ने कारण पत्ता लगाएपछि सर्वप्रथम सम्बन्धित व्यक्तिहरूसँग भेटघाट गर्ने वातावरण मिलाउनुपर्दछ । उनीहरूलाई सम्वाद गर्न जोड दिँदै आफ्नो काम, उद्देश्य र यसबाट स्थानीय स्तरमा स्थानीय बासिन्दाले पाउन सक्ने फाइदाको  बारेमा स्पष्ट पार्न सक्नुपर्दछ । आफ्नो कार्यक्रमको बारेमा फाइदा लिइरहेका सम्बन्धित व्यक्तिहरूलाई उनीहरुको प्रतिक्रिया लिन आग्रह गर्नुपर्दछ । यद्यपि, विद्रोही पक्षले तर्क नसुनी कार्य क्षेत्र छाड्न दबाब दिइरहेमा केही समयका लागि काम स्थगित गरी कार्य क्षेत्र छाड्नुपर्ने हुन्छ । उनीहरूसँग सम्वादको ढोका भने कदापि बन्द गर्नु हुँदैन । कार्य क्षेत्र छाडिसक्दा समेत  उनीहरूसँग बारम्बार सम्पर्कमा रही राख्नुपर्दछ । कुनै पनि कार्यक्षेत्रमा यस्ता खालका समस्याहरू आई पर्नासाथ अविलम्ब आफ्ना मातहतका प्रमुखलाई जानकारी गराइहाल्नुपर्दछ र केन्द्रीय नेतृत्वको  सल्लाहमुताविक अगाडि बढ्नु राम्रो हुन्छ ।

केन्द्रीय नेतृत्वले यस्ता खालका समस्याहरू समाधान गर्न सम्बन्धित पक्षसँग सम्पर्क गरी आफ्नो संस्थाको सम्पूर्ण जानकारी गराउनुपर्दछ र संस्थाको उद्देश्य र नीतिका सन्दर्भमा विद्रोही पक्षको उचित निकाय समक्ष सम्वाद गरी पुनः कार्य संचालन गर्नतिर लाग्नु उचित हुन्छ ।

- सुरक्षा फौजले कुनै क्षेत्रमा काम गर्न रोक लगाएमा के गर्नुपर्दछ ?
  कतिपय अवस्थामा सुरक्षा फौजले सामाजिक संघ-संस्थालाई कार्य क्षेत्रमा काम गर्न रोक लगाएका उदाहारणहरू छन् । यसरी विभिन्न कारण देखाइ काम नगर्न आग्रह गरेमा सम्बन्धित पक्षलाई आफ्नो कामको बारेमा विश्वस्त पार्न सक्नुपर्दछ । संस्थाको परियोजनाबाट अरु कसैलाई फाइदा नपुगी स्थानीय एवं विपन्न तथा सीमान्तीकरणमा परेका समूदायलाई प्रत्यक्ष फाइदा पुगिरहेको बलियो प्रमाण पेश गर्नुपर्दछ ।  व्याप्त बेरोजगारी समस्याको बारेमा पहिचान गराउँदै गाउँमा विकासका कामहरु अबरुद्ध गराउने हो भने भविष्यमा झनै विकराल स्थिति उत्पन्न हुन सक्छ भन्ने कुरा व्याख्या गर्नुपर्दछ । आफ्ना कार्यक्रमका बारेमा स्थानीय व्यक्तिहरूले पाइरहेको फाइदाहरूको बलियो तर्क प्रस्तुत गर्न सक्नुपर्दछ । कुनै पनि पक्षसँग कुरा नम्र एवं निडर भएर कुरा गर्नुपर्दछ । जो सुकैलाई पनि आफ्नो कार्यक्रमको बारेमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अवलोकन एवं मूल्यांकन गर्न समेत आग्रह गर्नुपर्दछ जसले गर्दा आफ्नो कार्यक्रम एवं संस्थाको बारेमा उनीहरूलाई स्पष्ट जानकारी हुन्छ र संस्थाको कार्यक्रमले निरन्तरता पाउँदछ ।

- विद्रोहीपक्षले तपाइको कार्यक्रम सुरक्षाफौजको निर्देशन अनुसार चलेको छ भनी आरोप लगाएमा कसरी खण्डन गर्नुपर्दछ ?

संस्थाको स्वतन्त्रता र निश्पक्ष पहिचानलाई अग्र भागमा राख्दै आफ्ना सबै कार्यक्रमहरू संस्थाको नीति/नियम एवं उद्देश्य मुताविक संचालित भएको पैरवी गर्नुपर्दछ। संस्थामा कसैको प्रत्यक्ष या अप्रत्यक्ष निर्देशनमा शून्य सहिष्णुता रहेको स्पष्ट तर्क राख्नुपर्दछ। आफ्ना हरेक कार्यक्रमहरू लक्षित वर्ग एवं समुदायको आवश्यकता तथा इच्छाबमोजिम तयार पारिएकाले सोही मुताविक निर्देशित भइ संचालन भइरहेको आधारहरू देखाउनुपर्दछ।

## १०. द्वन्द्व अवस्थामा विभिन्न पक्षसंग वार्ता गर्दा ध्यान दिनु पर्नेकुराहरू

- विद्रोहीपक्षसँग सम्वाद थालनी गर्दा के कस्ता कुराहरूमा ध्यान पुर्‍याउनुपर्दछ ?
  - ☐ विद्रोहीपक्षसँग सम्वाद थालनी गर्दा निम्न कुरामा ध्यान दिनु पर्दछ।
  - ☐ दृढ र आदरपूर्वक सधैं होसियारीसाथ ध्यान दिएर अरुको कुरा सुन्ने आदत बसाउनु पर्दछ।
  - ☐ अरुले भन्न खोजेका कुराहरूलाई होसियारीपूर्वक सुनेपछि त्यसलाई प्रष्ट र एकिन गर्ने कोसिस गर्नुपर्दछ (बहसमा संलग्न व्यक्तिले के माग गरिरहेको छ त्यसलाई आफ्नै शब्दमा प्रष्ट पार्नुपर्दछ)।
  - ☐ आफू र आफ्नो संस्थाको नीति/नियम, उद्देश्य एवं लक्ष्यका सम्बन्धमा स्पष्ट जानकारी गराउन सधैं तम्तयार रहनुपर्दछ।
  - ☐ सम्वादका क्रममा वादविवाद कहिल्यै गर्नु हुँदैन। आवेशमा आई कुनै पनि निर्णय अविलम्ब गरिहाल्नु हुँदैन।
  - ☐ सम्वादको क्रममा भनाभनको स्थिति भए पनि धैर्यता कायम गर्न सक्नु बुद्धिमानी हुन्छ। सम्वाद गर्दागर्दै अचानक सम्वाद स्थल छोडेर हिड्नु हुँदैन।
  - ☐ लेखन-टिपोटले सम्वादलाई औपचारिक बनाउने भएकोले सम्बन्धित व्यक्तिले भनिरहेका कुराहरू ध्यानपूर्वक सुनेर टिपोट गर्नुपर्दछ। टिपोट गर्दा तपाईको उत्तर प्रतिको चासो, तपाईलाई दिईएको धम्की र मागहरूलाई प्रमुख रुपमा अक्षरसः लेख्नुपर्दछ।
  - ☐ आफूसँग कुरा गरिरहेको व्यक्ति वास्तविक विद्रोही पक्ष हो वा विद्रोही पक्षको वहाना वनाएर आएको कुनै अर्को व्यक्ति हो वा कुनै भिजिलान्ते हो वा विद्रोही पक्षको भेषमा सुरक्षाकर्मी आएको वा अन्य कुनै गलत मनसाय लिएर आएको व्यक्ति हो त्यसको पहिचान गर्न सक्नुपर्दछ। तर सम्वाद गरिरहेको जो सुकै भए पनि आफू निडर एवं नम्र भएर सम्वाद गर्न भने छाड्नु हुँदैन। सम्वादको क्रममा आफूले कहिले पनि हिनताबोध प्रदर्शन गर्नुहुँदैन।

- विद्रोहीपक्षसँग सम्वाद थालनी पश्चात् के गर्नुपर्दछ ?
  आफूले सम्वाद थाल्नुभन्दा अगाडि नै आफ्ना संस्था प्रमुख एवं आधिकारिक व्यक्तिसँग सम्पर्क गरी आवश्यक सल्लाह लिनुपर्दछ भने सम्वादपछि संस्था प्रमुखहरूलाई थप जानकारी एवं भावी रणनीतिका लागि संक्षिप्त प्रतिवेदन तयार पार्नुपर्दछ। प्रतिवेदनमा सम्वादको पृष्ठभूमि, कहिले, के, किन, निगरानी र धम्की सम्बन्धमा एक आपसमा भएका कुराकानी उल्लेख गर्नुपर्दछ। यदि उनीहरूले कसैमाथि व्यक्तिगत धावा बोलेका छन् वा कार्यक्रमका बारेमा कुनै नीति परिवर्तन गर्न भनेका छन् वा संस्थाकै नीति एवं उद्देश्यहरू समेत परिवर्तन गर्न भनेका छन् भने ती कुराहरूलाई महत्वका साथ अविलम्ब आफ्ना संस्था प्रमुखलाई जानकारी गराइहाल्नुपर्दछ र संस्थाको केन्द्रीय नेतृत्वको निर्देशन अनुसार अगाडि बढ्नुपर्दछ।

- विद्रोहीपक्षसँग कस्तो ठाउँमा भेटघाट गर्न उचित हुन्छ ?
  विद्रोहीपक्षसँग भेटघाट गर्दा स्थानको बारेमा निम्न कुरामा ध्यान दिनु पर्दछ।
  - ☐ आन्तरिक द्वन्द्वका बेला विद्रोहीपक्षसँग अत्यावश्यक अवस्थामा मात्र भेटघाट गर्नु उचित हुन्छ। स्थलगत अनुभवका आधारमा सुरक्षाको दृष्टिकोणले हरेक स्थानहरू खतरायुक्त मानिएका छन्। पूर्ण सुरक्षित रहने वातावरण अनुकुल

भएको ठहर गरेपछि मात्र विद्रोही पक्षसँग भेटघाटको कार्यक्रम निश्चित गर्नुपर्दछ ।

- सुरक्षाकर्मीहरू नभएका तर विद्रोही पक्षहरू सर्वसाधारणको माझमा छन् भने त्यस्तो ठाउँमा उनीहरूसँग भेला एवं छलफल गर्न सकिन्छ । यद्यपि, यदि विद्रोहीपक्षले सर्वसाधारणको उपस्थिति रहेको स्थानमा भेटघाट गर्ने अनुरोध गरेमा उनीहरूलाई सम्भव भएसम्म आफ्नै कार्यालयमा बोलाई भेटघाट गर्नु उचित हुन्छ जसले गर्दा आफूलाई बढी सुरक्षा प्रदान गरेको महसुस हुन्छ ।
- कार्यालय बाहिर भेट्न जोड गरेमा त्यस्ता ठाउँमा भेटघाट गर्दा कुनै खतराहरू उत्पन्न हुन्छन् कि हुँदैनन् भन्ने कुरा अग्रिम होसियारपूर्वक सुनिश्चित गर्नुपर्दछ । वातावरण अनुकुल मिलाई स्थानीय जनतासँग परामर्श लिई सजगकताका साथ मात्र विद्रोहीसँग भेटघाट गर्नु वाञ्छनीय हुन्छ ।

- विद्रोहीपक्षसँगको सम्वादको क्रममा कस्ता खालका तर्कहरू राख्नु उचित हुन्छ ?

  आन्दोलनरत पक्ष तथा विद्रोहीपक्षसँगको सम्वादको क्रममा निम्न कुराको बारेमा ख्याल राख्नु पर्दछ ।

  - सर्वप्रथम संस्थाका कार्यक्रम संचालनका मूलभूत मार्गदर्शनहरू बारे उनीहरूलाई जानकारी दिनुपर्दछ । संस्थाको मूल उद्देश्य तथा जनसहभागिताको सवाललाई प्राथमिकता साथ स्पष्ट भाषामा राख्नुपर्दछ ।
  - अवस्था र मौका हेरी स्थानीय कार्यक्रम/परियोजनाको उचित व्याख्या गर्दै कार्यक्रम जनमुखि तथा लक्षित समुदायले सोझै लाभ लिन सक्ने उदाहरण र तौर तरिका पेश गर्नुपर्दछ ।
  - आफू र आफ्नो संस्थाले अनवरत रुपमा केवल स्थानीय समुदायको प्रत्यक्ष एवं अर्थपूर्ण सहभागितामा मात्रै काम गर्ने हुनाले आफूहरू कुनै राजनीतिक मोलतोल तथा सौदावाजी र दबाबमा काम गर्न नसक्ने कुरा निडर तर तार्किक ढंगले प्रस्तुत गर्नुपर्दछ ।
  - संस्था नितान्त रुपमा गैर मुनाफावादी भएको तथा संस्थाका नीति/नियम एवं उद्देश्यमा एक रुपता भएको तथा कुनै निश्चित परियोजनामा सम्बन्धित लक्षित समुदायबाहेक अरु कसैलाई पनि आर्थिक सहयोग, चन्दा, रकम एवं अन्य भौतिक तथा अरु सहयोग उपलब्ध गराउन नसकिने कुरा बताउनुपर्दछ । यसरी आर्थिक एवं भौतिक सहयोग उपलब्ध गराएमा आफू र आफ्नो संस्था धराशायी बन्ने कुरा प्रष्ट रुपमा बताउनुपर्दछ ।
  - संस्थाका गतिविधिको अनुगमन गर्ने काम सबैको अधिकार भएकोले उनीहरूले अनुगमन गरिरहेको कुरा बताएमा धन्यवाद दिंदै थप अनुगमन एवं रचनात्मक आलोचनाको अपेक्षा प्रस्तुत गर्नुपर्दछ जसले गर्दा उनीहरूलाई संस्था र कार्यक्रमप्रति थप विश्वास पैदा हुन जान्छ ।

- विद्रोहीपक्षले व्यक्तिगत जानकारी मागी प्रश्न सोधेमा के भन्नुपर्दछ ?

  व्यक्तिगत बिबरणको जानकारी मागेमा सकभर जानकारी आफुलाई नभएको बारेमा बताउनु पर्दछ । साथसाथै निम्न बमोजिमको उत्तर दिने प्रयास गर्नु पर्दछ ।

  - संस्थाका प्रमुखहरूको व्यक्तिगत विवरण एवं तलब मागेमा सम्पर्कका निम्ति केन्द्रीय एवं क्षेत्रीय कार्यालयको ठेगाना दिनुपर्दछ । तलब/भत्ता आदिको बारेमा आफूहरूलाई केही थाहा नभएको भन्नु उत्तम हुन्छ ।
  - आफ्नो सुरक्षा सर्वोपरी हुने कुरामा सधै ख्याल राख्नुपर्दछ । तसर्थ, कुनै समस्या पर्नासाथै अविलम्ब संस्थाका केन्द्रीय नेतृत्वसँग सम्पर्क गर्नुपर्दछ र सोही मुताविक रणनीति तय गर्नुपर्दछ ।

## ११. व्यक्तिगत सुरक्षामा विस्फोटक पदार्थबारे जानकारी

- विस्फोटक पदार्थ (Improvised Explosive Device-IED) भनेको के हो ?

  विस्फोटक पदार्थ भनेको रासायनिक पदार्थको सम्मिश्रण हो जसको नजिक जाँदा, चलाउँदा वा तोकिएको समयमा

आफै वा दूर नियन्त्रित उपकरण (remote controller) को माध्यमद्वारा पड्किने वस्तु हो । कुनै प्रज्वलनशिल पदार्थ तथा रसायनहरू कन्टेनर, झोला, पोका, बाकस, सुटकेश, प्रेशर कुकर, गाग्री, बाल्टिन आदिभित्र राखी विद्युतीय तार वा सेफ्टी फ्युजको मद्दतबाट विस्फोटन हुने गरी यसको निर्माण गरिएको हुन्छ जुन विस्फोटन हुँदा क्षमता अनुसार ठूलो मात्रामा मानवीय एवं भौतिक क्षति पुऱ्याउँदछ ।

- विस्फोटक पदार्थहरू कसरी विस्फोटन हुन्छ ?

  विस्फोटक पदार्थ भनेकै रासायनिक पदार्थहरूको सम्मिश्रण भएकोले यसमा ताप, घर्षण, चाप वा आगो पर्नासाथ रासायनिक प्रतिक्रिया भएर ठूलो मात्रामा ग्याँस र ताप पैदा हुन्छ र पड्कन्छ । यस्ता पदार्थहरूमा यसको वरिपरिका जीव, व्यक्ति एवं संरचनाहरूलाई ध्वस्त पार्न सक्ने क्षमता रहेको हुन्छ ।

- विस्फोटक पदार्थहरू कति प्रकारका हुन्छन् ?

  विस्फोटक पदार्थ दुई प्रकारका हुन्छन् ।

  (क) उच्च विस्फोटक क्षमता (High Explosives)

  (ख) न्यून विस्फोटक क्षमता (Low Explosives)

- विस्फोटक पदार्थहरू कहाँ-कहाँ र कसरी प्रयोग गरिएका छन् ?

  विस्फोटक पदार्थहरू केवल मानवीय एवं भौतिक सम्पत्तिमा क्षति पुऱ्याउने उद्देश्यले मात्रै प्रयोग गरिएका हुँदैनन् । कतिपय अवस्थामा सडक तथा सुरुङ्ग निर्माण कार्यको क्रममा पहाडका ठूला-ठूला ढुङ्गा तथा पहराहरू फोर्न समेत यस्ता पदार्थहरूको प्रयोग गरिन्छ । वर्तमान सशस्त्र द्वन्द्वका सन्दर्भमा नेपालमा द्वन्द्वरत पक्षद्वारा मानवीय एवं भौतिक क्षति पुऱ्याउन विभिन्न खालका विस्फोटक पदार्थहरूको प्रयोग गरिएको पाइन्छ । विशेषगरी द्वन्द्वरत पक्षहरूले अर्को पक्षको बसोबास भएको, उनीहरूको तालिम केन्द्र वा लुक्न सक्ने सम्भावित ठाउँहरूमा विस्फोटक पदार्थहरू प्रयोग गरेको पाइएको छ । यसैगरी, द्वन्द्वको क्रममा विस्फोटक पदार्थहरूको प्रयोग गरी शत्रु ठानेका व्यक्ति वा समूहहरूलाई क्षति पुऱ्याउने उद्देश्यले आवात जावत हुने ठाउँ, पुल, राजमार्ग, कच्ची रोड, कल्भर्ट आदिमा विस्फोटन गराउने पाइएको छ तर यसरी गराइने विस्फोटनहरूमा लक्षित समूहहरू मात्र नपरी सर्वसाधारण समेत पर्ने गरेका छन् ।

- बम भनेको के हो ? बमहरू कस्ता-कस्ता हुन्छन् ?

  विभिन्न विस्फोटनजन्य रासायनिक पदार्थहरूको समिश्रण गरी व्यापक रुपमा भौतिक संरचना तथा मानवीय क्षति पुऱ्याउने उद्देश्यले बनाइएका शस्त्रहरूलाई बम भनिन्छ ।( बृहद् क्षति पुऱ्याउने किसिमका बमहरूमा एटम बम, हाइड्रोजन बम, न्यूट्रन बम आदि पर्दछन् । यद्यपि, तुलनात्मक रुपले कम क्षति पुग्ने प्रकृतिका बमहरू पनि निर्माण गर्ने गरेको पाइएको छ । जस्तैः सकेट, प्रेसर कुकर, बाल्टिन, पाइप, तुल, पुत्ला बम आदि ।

- बम कति प्रकारले विस्फोटन गराउने गरेको पाइन्छ ?

  विस्फोटन गराउन सकिने प्रकारका आधारमा प्रायः गरेर बम तीन प्रकारका हुन्छन् :

  (क) टाइम बम (Time Bomb) : कुनै पनि निश्चित समयमा विस्फोटन हुनेगरी राखेको बमलाई टाइम बम भनिन्छ । विभिन्न प्रकारका समयसूचक उपकरणहरू वा विशेष रुपमा डिजाइन गरिएका ईलेक्ट्रोनिक सर्किटहरूको प्रयोग गरेर यस्ता बमहरू विस्फोटन गराउने गरिएको पाइएको छ । यस प्रकारको बममा यसभित्र रहेका इलेक्ट्रोनिक सर्किटहरूमा सम्बन्धित पक्षले आफूले विस्फोटन गराउन चाहेको समय निश्चित गरेका समय उपकरणहरू जडान गरेर निर्धारित अवधिमा विस्फोटन गराउन सक्दछन् ।

  (ख) एन्टी ह्याण्डलिङ्ग बम (Anti Handling Bomb) : कुनै पनि स्थानमा राखेका विस्फोटक पदार्थ तथा शंकास्पद वस्तुहरूलाई चलाउँदा, हल्लाउँदा, तान्दा, उचाल्दा वा थिच्दा विस्फोटन हुने गरी बनाइएको बमलाई एन्टी ह्याण्डलिङ बम भनिन्छ । त्यसैले कुनै पनि स्थानमा रहेका शंकास्पद वस्तुको नजिक जाने, छुने वा चलाउन गर्नु हुँदैन । साथै छुँदा, चलाउँदा तथा हल्लाउनासाथै विस्फोटन गराउनको लागि तुल तथा पुत्लाजस्ता बमहरू प्रयोग गरिएका हुन्छन् । यसरी राखिएको बम झण्डा निकाल्न खोज्दा, टांगिएको तुल झार्न खोज्दा, ढुङ्गा/मुढा

पन्छाई बन्द गरिएको बाटो खोल्न खोज्दा विस्फोट हुन्छ ।

(ग) कमाण्ड बम (Command Bomb): चाहेको समय र निशानामा लक्षित गरेर पड्काउन सकिने गरी आफ्नो नियन्त्रणमा राखिएको बमलाई कमाण्ड बम भनिन्छ । यस्ता विस्फोटक पदार्थहरू तारको माध्यम, दूर नियन्त्रित उपकरणद्वारा विस्फोटन गराउने गरिएको पाइएको छ । शत्रुहरूलाई विद्युतीय धरापमा पार्ने, लक्षित समूह आवत-जावत गर्ने बाटोमा यस्ता विस्फोटक पदार्थहरू गाडेर यसको तार जमिनमुनि लुकाई बाटोको दाँया-बाँया अग्लो ठाउँमा लुकेर लक्षित समूह उक्त बाटोमा आएपछि तारको माध्यमबाट विस्फोटन गर्ने गरेको पाइएको छ । यस्ता दूर नियन्त्रित उपकरणहरूमा पेजर, वायरलेस कल बेल तथा डोर बेलहरू पर्दछन् ।

- चिठ्ठी वा पार्सल बम भनेको के हो ? र यसले कसरी क्षति पु¥याउँछ ?
  व्यक्ति विशेषलाई क्षति पु¥याउने उद्देश्यले विस्फोटक पदार्थलाई चिठ्ठी वा पार्सलभित्र हाली तयार गरिएको बमलाई चिठ्ठी वा पार्सल बम भनिन्छ । यस्ता बमहरू निश्चित ठाउँमा छोएपछि मात्रै विस्फोटन वा समय अनुसार विस्फोट हुने गर्दछन् । व्यक्ति विशेषलाई लक्षित गरी बनाइएका यस्ता खालका बमहरू चिठ्ठी वा पार्सलको रुपमा आउँछन् र व्यक्तिले चिठ्ठी वा पार्सल खोल्नासाथै विस्फोट भई मानवीय क्षति हुन सक्दछ ।

- नेपालमा हाल कस्ता-कस्ता खालका विस्फोटक पदार्थहरूको निर्माण भएको पाइएको छ र प्रयोगका हिसाबले ती मध्ये कुन बढी खतरायुक्त छ ?
  हाल निम्न प्रकारका विस्फोटक पदार्थहरू निर्माण भएको पाइएको छः
  - ☐ घरमा आफैंद्वारा निर्माण गरिएको
  - ☐ व्यावसायिक तरिकाले निर्माण गरिएको
  - ☐ सैनिक प्रयोजनका लागि निर्माण गरिएको

क्षमताको हिसाबले घरमा बनाइएको भन्दा व्यावसायिक विस्फोटक पदार्थ बढी शक्तिशाली हुन्छ । तर यी दुई प्रकारका विस्फोटक पदार्थको तुलनामा सैनिक प्रयोजनको लागि तयार गरिएका विस्फोटक पदार्थहरू सबैभन्दा बढी शक्तिशाली हुन्छन् ।

### १२. व्यक्तिगत सुरक्षामा बारुदे सुरुङ्गबारे जानकारी

- माइन (Mine) भनेको के हो ?
  गाडीहरू ध्वस्त बनाउने वा मानवीय क्षति पु¥याउने उद्देश्यले विस्फोटक पदार्थ (explosives) राखी तयार पारिएको उपकरण (device) लाई माइन भनिन्छ । माइन विभिन्न आकार प्रकारका भाँडाहरूमा विस्फोटजन्य पदार्थहरू राखी तयार गरिएको हुन्छ । (http://en.wikipedia.org)
- बारुदी सुरुङ्ग वा विद्युतीय धराप (Land Mine) भनेको के हो ?
  (क) बारुदी सुरुङ्ग :
  जमिनमुनि राखिएको विस्फोटक पदार्थलाई बारुदी सुरुङ्ग भनिन्छ । यस्ता धरापहरू जमिनमाथि राखिएका विस्फोटक पदार्थभन्दा बढी नै खतरायुक्त हुन्छन् । बारुदी सुरुङ्ग विच्छ्याइएको जमिनमाथि कुनै सवारी साधन, गाइवस्तु एवं व्यक्तिको सामिप्य एवं सम्पर्कबाट विस्फोट हुने गर्दछन् जसबाट लक्षित वस्तुलाई मात्र असर नगरी कुनै पनि निर्दोष प्राणी वा वस्तु पर्न सक्दछ ।

  (ख) विद्युतीय धराप
  लक्षित मानिस वा सवारी साधनलाई क्षति पार्ने उद्देश्यले कुनै पनि विद्युतीय साधन वा सेफ्टी फ्युजको मद्दतबाट विस्फोटन गराइने उपकरणलाई विद्युतीय धराप भनिन्छ । विद्युतीय धरापमाथि वा यसको नजिक कुनै लक्षित

मानिस वा सवारी साधन आएको अवस्थामा विद्युतीय तारहरू एक आपसमा सम्पर्क गराएर वा दबाब सिर्जना गरेको खण्डमा यस प्रकारको धराप विस्फोट हुने गर्दछ । बारुदी सुरुङ्ग वा विद्युतीय धरापमा यसको वरिपरि रहेको भौतिक संरचना ध्वस्त बनाउने एवं गम्भीर किसिमको मानवीय क्षति पुऱ्याउन सक्ने क्षमता रहेको हुन्छ ।

- माइन (Mine) कति प्रकारका हुन्छन् ?
  माइनलाई प्रयोगका हिसावले दुई प्रकारका मान्ने गरिन्छ ।
  मानवभेदी माइन (Anti-Personnel Mine)
  ट्याङ्क भेदी माइन (Anti-Tank Mine)

  (क) मानवभेदी माइन (Anti-Personnel Mine)
  मानवभेदी माइन भनेको जमिनमुनि बिछ्याएको त्यस्तो विस्फोटक पदार्थ हो जुन कुनै पनि मानिसको उक्त विस्फोटक पदार्थमाथिको उभ्याई, सामीप्यता वा सम्पर्कबाट विस्फोटन हुने गर्दछ। माइनमा राखिएको विस्फोटक पदार्थको क्षमताको आधारमा यसले क्षति पुऱ्याउँछ ।

  (ख) ट्यांकभेदी माइन (Anti-Tank Mine)
  ट्यांकभेदी माइन भनेको जमिनमुनि बिछ्याइएको त्यस्तो विस्फोटक पदार्थ हो जुन ट्यांक वा बख्तरबन्द गाडीको माइनमाथिको उपस्थिति, सामीप्यता वा सम्पर्कबाट विस्फोटन हुनेगर्दछ ।

- बारुदी पासो (Surface Mine) भनेको के हो ?
  महत्वपूर्ण स्थल/संरचना र निशाना बनाउन चाहेका व्यक्ति वा समूहलाई लक्षित गरी प्रहार गर्न जमिनमा जथाभावी खुल्ला रुपमा राखिने यस्ता विस्फोटन योग्य पदार्थहरूलाई खुला बारुदी पासो भनिन्छ । यसलाई जहाँ जस्तोसुकै तरिकाले र जुनसुकै आकारमा पनि राख्न सकिन्छ ।

- विद्युतीय धरापमा कस्ता खालका बमहरू प्रयोग गरिन्छन् ?
  हालसम्म प्रायः विद्युतीय धरापमा प्रयोग गर्ने बमहरूमा बकेट बम, प्रेसर कुकर बम, पाईप बम, गाग्री बम, बाल्टिन बम, गमला बम आदि रहेको पाइएको छ । यी बमहरूलाई विद्युतीय तारबाट विस्फोटन गराउने गरिन्छ ।

## १३. राजनिती संक्रमणमा मानवअधिकार रक्षक तथा सञ्चारकर्मीको व्यक्तिगत सुरक्षामा

राजनितिक संक्रमणको अवस्थामा भनेको पत्रकार तथा मानवअधिकार रक्षकको लागि प्रतिकुल समय हो । राजनितिक संक्रमणको अवस्थामा उनहरुको पेसाको कार्य प्रकृतीको कारणले जोखिमता अत्यधिक रहन्छ । राजनितिक संक्रमणको अवस्थामा पत्रकार तथा मानवअधिकारकको सुरक्षाको सर्न्दभमा निम्न कुराहरुमा ध्यान दिनु आवश्यक हुन्छ ।

- राजनीतिक अस्थिरता
  राजनीतिक अस्थिरताको कारणले राज्य संयन्त्र कमजोर भएको हन्छ । प्रशासनिक संयन्त्रले सहज तथा चुस्त दुरुस्त हिसावले कार्य गर्न सक्दैन । आश्यक कानुनको तर्जुमा तथा कार्यन्वयनमा व्यवस्थापिका तथा न्यायपालिकाले उचित रुपमा निष्पक्ष भएर कार्य गर्न सक्दैन ।
- सुरक्षा संयन्त्रको निस्कृयता तथा अनुपस्थिति
  राजनितिक संक्रमणको अवस्थामा सुरक्षा संयन्त्रको सहज उपस्थिती हुदैन । जनताको सुरक्षा निकायमा पहुँच नै रहदैन । पत्रकार तथा मानवअधिकार रक्षकहर कार्यको सिलसिलामा बिभिन्न स्थानहरुमा जानुपर्ने हुन्छ सो स्थानहरुमा सुरक्षा संयन्त्रको उपस्थीति नहुदा उनीहरु जेखिममा पर्ने सम्भावना रहन्छ । राजनितिक संक्रमणको अवस्थामा सुरक्षा संयन्त्र उपस्थित रहेको भएता पनि सकृय रुपमा कार्य गदैन ।

- अपराधिक तत्वको प्रभाव
  सुरक्षा संयन्त्रको निस्कृयता तथा अनुपस्थिति तथा राज्य संयन्त्रको उदासिनताले अपराधिक तत्वहरुले बढि रुपम चलखेल गर्दछन् । उनहिरुले मानवअधिकार रक्षक तथा पत्रकारहरुलाई आफ्नो अनुकुलताम कार्य गर्न दवाव दिने

तथा सोहि अनुरुपमा कार्य नगरेमा आक्रमण तथा हतोत्तसाहन गर्ने गर्दछन् ।

- दण्डहिनताको अवस्था

  कुनैकारणले अन्यायमा परेको अवस्थामा तथा बिभिन्न समुहको आक्रमणमा परेको अवस्थामा न्याय पाउने सम्भावन न्युन रहन्छ । राजनितिक संक्रमणको दण्डहिनताको अवस्था भयाभय रहन्छ । अपराध गर्नेहरुले सजाँय पाउँदैन् । सुरक्षा संयन्त्रको निस्कृयता तथा अनुपस्थिति रहन्छ, अपराधिक तत्वको प्रभाव बढि रहन्छ । जहाँ दण्डहिनताको अवस्था रहन्छ त्यहाँ पत्रकार तथा मानवअधिकार रक्षकले कार्य गर्न अप्ठारो हुन्छ । यस्तो अवस्थामा उनीहरुको कार्यको जोखिमता पनि बढि हुन्छ ।

## १४. मानवअधिकार रक्षक तथा सञ्चारकर्मीको व्यक्तिगत सुरक्षामा व्यवहारिक ज्ञानको प्रयोग

व्यक्तिगत सुरक्षा एक प्रमुख र विषय भएकाले व्यक्तिगत सुरक्षाका लागी सैद्धान्तिक ज्ञान मात्र पर्याप्त नहुने भएकाले सहभागीहरुलाई सकेसम्म ज्ञान होस भन्ने अभिप्रायले भविष्यमा घटन सक्ने सम्भावित केही घटनाहरुलाई व्यवहारिकरुपमा सहभागीहरुलाईनै पात्र बनाई घटना विशेष र व्यक्तिगत सुरक्षालाई केन्द्रबिन्दुमा राखी केही घटनाहरु वास्तविक घटनाको महसुस हुने गरी तयार पारीएको थियो । जस अनुसार :

- **व्यवहारिक ज्ञान पहिलो अध्याय (Practical Item: Scenario One)**

  प्रयोग गरिएको बिधि – धम्की :

  यसका लागी सहभागीहरुको नामावलीबाट स्थानिय सहकर्मीको सुझाब अनुसार दुइ जना सहभागीहरु चयन गरीयो । चयन भएका दुबै जनालाई तालिमको पहिलो दिन देखीनै फोनबाट धम्की दिने गरी बिद्रोही समूहलाई राम्रो संग बुझ्ने दुइ जना व्यक्ति गोप्य रुपमा तयार गरीयो । उनीहरुलाई अन्जान समूहबाट सञ्चार माध्यमबाट लगातार घम्की, पत्रकारीता नगर्ने दबाब, पैसाको प्रस्ताब, सूचना गोप्य राख्ने दबाब समाचार शारीरीक यातना दिइने कुरा गरियो । तालिमको अन्त्य सम्म घम्की यथावतनै रहिरह्यो । चयन गरीएका सहभागीहरुलाई गहिरो निगरानीमा राखियो । धम्कीमा परेका ती सहभागीहरुले कसरी समस्यालाई सम्बोधन गर्दारहेछन् भनी व्यक्तिलाई ध्यानपूर्वक हेरियो । अन्तमा षडयन्त्रको खुलासा गरिएको थियो र उक्त मुद्दामा छलफल गरिएको थियो ।

  **प्रभावः**

  धम्कीमा परेका दुबै जना सहभागीहरुमा केही भयको भावना देखीएता पनि तेस्रो दिनको बेलुका मात्र सहजकर्ताहरुलाई आफ्नो समस्याहरु राखेका थिए । दुइ मध्ये एक जना संयोगबश पूर्व बास्तविक धम्कीबाट पिडित समेत रहेकाले अनुभव आदान प्रदान गर्ने क्रममा आफ्नो अनुभवहरु सहभागी समक्ष राखेकी थिइन । तर उक्त अवधीमा आएको धम्कीका बारेमा अन्य सहभागीहरुलाई जानकारी भएन । तालिमको अन्त्यमा उक्त घटना वास्तविक नभएको जानकारी दिइदा उनीहरुमा खुशीको अनुभुती प्रस्ट देखिन्थ्यो । उनीहरुको धम्कीलाई सैद्धान्तिक ज्ञानसंग तुलना गरी सैद्धन्तिक ज्ञानको अवधीमा नै सहभागीहरुलाई धम्की र धम्कीसंग कसरी सामना गर्ने भन्ने विषयमा बुझाउने हाम्रो पूर्व निर्धारित योजना सफल नभएता पनि तालिमको अन्त्यमा यो घटनाको वास्तविक जानकारी गराउदा मात्र सहभागीहरुले खुलेर आफ्नो अनुभव राखेकाले अन्त्यमा मात्र धम्कीको अनुभव, धम्कीमा परेका सहभागीहरुको प्रयास र सैद्धान्तिक ज्ञान संग व्यवहारीक घटनाको तादम्यता अनी गल्ती कमजोरी र सुधार गर्नु पर्ने विषयमा समीक्षा गरिएको थियो ।

- **व्यवहारिक ज्ञान दोस्रो अध्याय (Practical Item: Scenario Two)**

  प्रयोग गरिएको बिधि – अपहरण र यातना :

  तराइमा कार्यरत पत्रकारहरु अपहरणमा पर्न सक्ने प्रवल सम्भावनालाई ध्यान दिई सहभागीहरुलाई पनि अपहरण र अपहरणमा पर्दा गरिनु पर्ने क्रियाकलापका सन्दर्भमा व्यक्तिगत सुरक्षालाई केन्द्रबिन्दुमा राखी सम्भावित बिद्रोही समूहबाट अपहरण गराउने पूर्व निर्धारित योजना थियो । जस अनुसार सहभागीहरुलाई शहर नजिकैको कुनै स्थानमा

गई आफूले देखेको विषयमा रिपोटिङ्ग गर्ने गरी तालिम स्थान भन्दा केही टाढा एकान्त स्थानमा पुऱ्याइएको थियो । समूहमा गएका सहभागीहरु आफ्नो कार्यका लागी बिभाजित हुने क्रममा एक्कासी अपहरणकारीद्धारा वास्तविक हातहतियार देखाउदै अपहरण गरियो । (जिल्ला प्रहरी कार्यालयमा कार्यरत विशेष व्यूरोका दुइ महिला सहित आठ जना कथित बिद्रोहीको भेषमा आएका व्यक्तिहरुद्धारा) १४ जना सहभागीहरु, प्रशिक्षक र आयोजक प्रतिनिधी समेतलाई समान र्दुव्यवहार गर्दै नजिकको एक घरमा लगी बन्दी बनाएका थिए । महिला पुरुषलाई अलग अलग राखी मौखिक र्दुव्यवहार र सामान्य यातना समेत दिइएको थियो । करिब ४ घण्टा सम्मको कथित बिद्रोहीको व्यवहार, यातना, धम्की र पैसाको मोलतोल गरिएको थियो । बिद्रोहीले आफ्नो सरकारी बन्दी साथीहरुलाई छुटाउन र पैसाको कारणले अपहरण गरिएको जानकारी उक्त अवधीमा सहभागीहरुलाई राखेका थिए । अन्त्यमा स्थानिय आयोजकका प्रमुखद्धारा उनीहरुमाग पूरा गर्ने र सरकारी बन्दी छुटाइएको भनी अपहरणमा परेकाहरुलाई उद्धार गरीएको थियो ।

पत्रकारहरु माथि षडयन्त्रपूर्ण आक्रमण, जब उनीहरु कुनै मुद्दा माथी रिपोटिङ्ग गरिरहेको हुन्छ । उनीहरु आफ्नो सुरक्षाका लागी कसरी प्रतिकार र प्रभावकारी कार्य गर्छ । यदी व्यवस्थापनबाट स्किृती पाए आक्रमण गर्ने समूहका १/२ जनालाई नियन्त्रणमा राखिन्छ र केही सहभागीसहरुंगको वार्ताका माध्यमबाट उनीहरुलाई मुक्त गरिन्छ ।

**प्रभावः**
सहभागीहरु सबै महिला पत्रकार भएकाले यो व्यवहारीक ज्ञान दिलाउन केही चुनौती थियो । गोप्य रुपमा तयार गरीएको यस योजनामा सहभागीहरुलाई नजिकको गाँउमा लगी सहभागीहरुको बीचबाट पाँच जना मात्र सहभागीहरुलाई दिनभर अपहरण गराई दुबै तर्फको (अपहरणमा परेका र नपरेका) प्रतिक्रिया, व्यवहार सैद्धान्तिक ज्ञानसंगको तादम्यता जस्ता विषयहरुमा गहीरो निगरानी राखी तालिमको अन्त्यमा समीक्षा गर्ने योजना गरीएको थियो । तर स्थानिय अवस्था र प्रहरी कार्यालय समेतको सल्लाहमा जनकपूर भित्रै उक्त कार्य गर्नु पर्दा योजनामा केही फेरबदल गरीयो । जस अनुसार फिल्ड कार्यका लागी भनी पहिलो चरणमा पुगेका २० मध्ये १४ जनालाई नै एकै साथ अपहरणमा पारियो । योजना गोप्य राख्नु पर्ने भएकाले घटना हुने ठाँउ सम्म ५ जना सहभागीहरु समयमा नै पुगेनन् । जसले गर्दा अपहरणको घटना एकछिनमानै सनसनी खबर बन्न गयो । अपहरणमा नपरेको सहभागीहरुको स्वभावीक प्रतिक्रिया र संचारका कारण उक्त घटना सत्य नभई योजना अनुसार भएको भनी लुकाउन गाह्रे भयो ।

महिलाहरु हतासमा परेको र उनीहरुको शारीरिक एवं मानसिक अवस्थालाई ध्यान दिई केही छिटो अपहरणमुक्त गराइएको थियो । सबै गोप्य योजना तालिमको अन्त्यमा मात्र राख्ने भनिय पनि अपहरण पछि सहभागीमा देखीएको स्वभावीक प्रतिक्रियाका कारण उक्त घटनालाई सोही दिन बेलुका समीक्षा गरियो । अपहरणको क्रममा सहभागीहरुले घटनालाई वास्तविक बुझेका कारण (वास्तविक बनाउने प्रयास गरिएको थियो जसका लागी बिद्रोही नियन्त्रणमा खटिएका अनुभवी प्रहरीहरु वस्तविक हतियार सहित खटिएका थिए) कारण सैद्धान्तिक ज्ञानलाई परिआएको अवस्थामा पूर्णरुपमा लागू गर्न असमर्थ भएता पनि सहभागीहरुको प्रयास, धैर्यता र व्यवहार सर्हायिन थियो ।

- **व्यवहारिक ज्ञान तेस्रो अध्याय (Practical Item: Scenario Three)**
  प्रयोग गरिएको बिधि – प्रहरी नियन्त्रण :

पत्रकारहरुलाई राज्यको र्दुव्यहार निरन्तररुपमा परिरहने सत्यलाई दृष्टिगत गरी तालिमका सहभागीहरुलाई प्रहरी प्रशासन संग पर्न सक्ने सम्भावित घटनालाई व्यवहारीक रुपमा ज्ञान दिलाउन प्रहरीद्धारा नियन्त्रण गर्ने गरी आरोपित गर्ने योजना गरिएको थियो । जस अनुसार :
तालिम कक्षमा रहेका सहभागीहरुलाई प्रहरी भ्यानमा प्रहरी निरीक्षकको नेतृत्वमा आएको टोलीले तालिम कक्षमा प्रबेश गरी ४ जना सहभागीलाई केही बुझ्नु छ भनी भ्यानमा राखी जिप्रका पुऱ्याएको थियो । जिप्रकामा लगी चारै

जनालाई सशस्त्र र अपराधी समूहसंग साठगाठ भएको र षडयन्त्र गरेको आरोपमा केरकार गरि प्रहरी हिरासतमा राखिएको थियो । जसमा हिरासतमा परेका सहभागीहरुको प्रतिक्रिया र चालचलन र व्यवहारको गहिरो अवलोकन गरिएको थियो । बाँकी सहभागीहरुबाट हिरासतमा परेको सहभागीहरुलाई नजिकबाट चिन्नेहरुको चयन गरी चार जनालाई प्रहरी कार्यालयमा वार्तालापका लागी पठाइएको थियो । करीब तीन घण्टाको केरकार, हिरासत र अन्य सहभागीहरुको वार्ता्लाप पछि हिरासत मुक्त गरीएको थियो । हिरासत मुक्ति पछि घटनाको अनुभव र समीक्षा गरिएको थियो ।

**प्रभावः**

प्रहरी नियन्त्रणको कार्य अपहरण पछि भएकाले सहभागीहरुमा कतै तालिमकै अर्के भाग होकी भन्ने कौतुहलता रहेको थियो । तर प्रहरीको वास्तविक व्यवहारका कारण सत्य तर्फ अनुभुत गरायो । प्रहरीकै सूचना अनुसार स्थानिय एफ.एम.बाट उक्त घटना सार्वजनिक भएकाले सबै सहभागीहरुले उक्त घटनालाई वास्तविक बुझेका थिए । सहभागीहरुमा डरको भावना देखीए पनि प्रहरीसंगको सम्वाद र व्यवहार उत्कृष्ट प्रर्दशन गरेका थिए ।

### ४. व्यवहारिक ज्ञान चौथो अध्याय (Practical Item: Scenario four)

सहभागीहरुलाई व्यक्तिगत सुरक्षा संग सम्बन्धित विषयहरु र राज्यका संयन्त्र तिनीहरुको कार्य पद्धती तथा हातहतियार र विष्फोटक पर्दाथहरुको व्यवहारिक ज्ञान गराउन जिल्ला प्रहरी कार्यालय र नजिकको सैनिक व्यारेकमा भ्रमण गराई व्यवहारीक ज्ञान प्रहरी मार्फत गराउने योजना गरीएको थियो । स्थानिय संयोजन र केही प्राबधिक कारणवस सैनिक व्यारेकमा भ्रमण गराउन असफल भएता पनि योजना अनुसार आवश्यक सम्पूर्ण व्यवहारीक ज्ञान जिल्ला प्रहरी कार्यालय धनुषाबाट प्राप्त भयो । जस अनुसार सहभागीहरुलाई

- प्रहरीको कामका बारेमा जिप्रकाका प्रनाउ मार्फत जानकारी गराइयो
- आवश्यकता र जोखिम अवस्थामा पर्दा प्रहरीबाट कसरी सुरक्षा लिन सकिन्छ भन्ने विषयमा ज्ञान गराउने जिप्रकाका प्रनाउ मार्फत जानकारी गराइयो
- प्रहरीले प्रयोग गर्ने हातहतियार, तराइका विद्रोही समूहहरुले हाल सम्म प्रयोगमा ल्याएका हातहतियार र गोलीगट्ठा, विष्फोटक पर्दाथहरुलाई नजिकबाट चिनाउने कार्य गरियो
- हातहतियकारले घात गर्ने असर र विष्फोटक पर्दाथहरु नजिकमा रहदा वा विष्फोटन हुदा बच्नका लागी गर्नु पर्ने बिधीका बारेमा जानकारी गराइयो

## सन्दर्भ सामग्री


- नेपालको अन्तरिम संविधान, २०६३
- हक अधिकार, श्रीकृष्ण सुवेदी, वि. पी. अधिकारी र टङ्क अर्याल, इन्हुरेड इन्टरनेशनल, २००८
- न्याय निसाफ, श्रीकृष्ण सुवेदी, वि. पी. अधिकारी र टङ्क अर्याल, इन्हुरेड इन्टरनेशनल, २००८
- पत्रकार आचारसंहिता-२०६० (संशोधित तथा परिमार्जित-२०६४), प्रेसकाउन्सील नेपाल २०६४
- संवाद, गोपाल कृष्ण सिवाकोटी, हिमराइट्स २०६२
- बिस्फोटन, वि. पी. अधिकारी, हिमराइट्स २०६२
- मानवअधिकार रुक्षकहरुका लागि सुरक्षा निर्देशिका, पिस ब्रिगेड्स इन्टरनेशनल
- UN Declaration on the Right and Responsibility of Individuals, Groups and Organs of Society to Promote and Protect Universally Recognized Human Rights and Fundamental Freedoms
- http://www2.ohchr.org/english/law/index.htm#core
- United Nations Special Representative on Human Rights Defenders
- EU Guidelines on Human Rights Defenders
- UN Fact Sheet no 29 on Human Rights Defenders: Protecting the Right to Defend Human Rights
- Defending human Rights: A Resource Book for Human Rights Defenders- Published by East and Horn of Africa Human Rights Defenders Project (EHAHRDP), 2007
- Resolution on the protection of human rights defenders in Africa from the African Commission on human and Peoples' Rights (ACHPR) meeting at its 35th ordinary session held from 21st May to 4th June 2004, in Banjul,
- Hand Book of Human Rights Defender, Tanka Raj Aryal, Human rights Home, 2007



**Advocate Tanka Raj Aryal**
Country Representative – Nepal
ARTICLE 19
9851075026
Aryal_law@yahoo.com

**Advocate Shree Krishna Subedi**
Executive Director,
INHURED International
9841731480
skssubedi@yahoo.com

# आधारभूत पत्रकारिता प्रशिक्षण

नेपाल प्रेस इन्स्टिच्यूट, काठमाडौं

# आधारभूत पत्रकारिता प्रशिक्षण

**एकाई**: **१.१**

पाठ्यशीर्षकः (Course Objectives): पाठ्यक्रमका उद्देश्यहरु

**शीर्षकको परिचय**: (Course Details):

(क) एकहप्ताभित्रमा प्रशिक्षार्थीहरुलाई पत्रकारिताको आधारभूत एवं प्रयोगात्मक ज्ञान दिइनेछ ।

(ख) प्रशिक्षार्थीहरु समाचार रिपोर्टका सीपसंग परिचित भई त्यसलाई जीवनमा उतार्न सक्नेछन् ।

(ग) आफूमा रहेको सम्पादन सीप र लेखन शैली अझ परिस्कृत बनाउन तालीमले सघाउनेछ ।

(घ) प्रशिक्षार्थीहरुलाई उपयुक्त समाचारको छनौट गर्न तालीमले मद्दत पुऱ्याउनेछ ।

(ङ) प्रेस तथा प्रकाशन सम्बन्धी कानूनी व्यवस्थाबारे जानकारी गराउनु पाठ्यक्रमको उद्देश्य रहेको छ ।

(च) पाठ्यक्रम व्यवहारिक पक्षमा बढी केन्द्रित छ ।

(छ) प्रशिक्षार्थीहरु अखबार प्रकाशनको प्रक्रिया बुझ्न सक्नेछन् ।

**उद्देश्यहरु** (Objectives):

- पाठ्यक्रमको परिधि र क्षेत्रको प्रशिक्षार्थीहरुलाई ज्ञात गराउनु ।
- पाठ्यक्रमका उद्देश्यहरुसंग परिचित गराउनु ।
- तालीमप्रति सहभागीहरुको अभिरुचि जगाउनु ।
- एक हप्ताको अध्ययनका लागि प्रशिक्षार्थीले दिएको समय सार्थक हुने विश्वास दिलाउनु ।

**शिक्षण विधि** (Methodology):

प्रश्न उत्तर विधि

प्रशिक्षार्थीहरुलाई के कस्ता अपेक्षा लिएर तालीममा आएको हो भनी एक एक गरेर सोध्ने । उत्तरमा आएक उद्देश्यहरु बोर्डमा लेख्दै जाने ।

**छलफल विधि**:

- प्रशिक्षार्थीबाट आएका एकै प्रकारका उद्देश्यहरु छलफलद्वारा तय गर्ने ।
- अस्वाभाविक उद्देश्यहरु भनिएमा विद्यार्थीहरुमै छलफल गराई टुंगोमा पुग्ने ।

**प्रदर्शन विधि**:

अन्तमा प्रशिक्षकले फ्लिप चार्टमा लेखेर ल्याएका पाठ्यक्रमका उद्देश्यहरु प्रदर्शन गरी नोट बनाउन लगाउने ।

**सामाग्री र सन्दर्भ** (Tools & Reference):

ह्वाइट बोर्ड, फिल्प चार्ट, मार्कर पेन, साइनपेन, डस्टर आदि शैक्षिक सामग्रीको प्रयोगका अतिरिक्त यस्तै एक महिने तालीम लिएर स्थापित पत्रकार बनेका केही पत्रकारको बाइलाइनमा प्रकाशित सामग्री कक्षामा प्रस्तुत गरी तालीम उपयोगी हुने कुराको विश्वास दिलाइने ।

**क्षमता**: (Ability):
तालीमको उद्देश्य बुंदात्मक रुपमा उल्लेख गर्न सक्नेछन् ।
तालीम आफ्नाका लागि कति उपयोगी रहेछ, बुझ्नेछन् ।

## एकाई: १.२

पाठशीर्षक: आमसंचार तथा यसका प्रकार र कार्यहरु
(mass communication and mass media- Type and functions)

**शीर्षकको परिचय**: (Course detail):

(क) संचारको परिभाषा:
साधारण अर्थमा एक व्यक्तिबाट अर्को व्यक्तिसम्म संकेत, बोली, लिपि वा अन्य कुनै प्रकारले विचार धारणा एवं जानकारी पुऱ्याउने कामलाई संचार भनिन्छ ।

(ख) आम संचारको परिभाषा:
असीमित जनसमुदायका लागि कुनै माध्यमको सहायताबाट कुनै पनि विषयवस्तुलाई सन्देशको रुपमा प्रसारण प्रक्षेपण गरिन्छ भने त्यस्तो प्रक्रियालाई आमसञ्चार वा जनसञ्चार भनिन्छ ।

(ग) सञ्चार र आमसञ्चारमा भिन्नता:

- सञ्चारभित्र आमसञ्चार पनि पर्दछ, आमसञ्चार सञ्चारको एक प्रकार मात्र हो ।
- सञ्चार अनौपचारिक पनि हुन्छ, आमसञ्चार प्राय: औपचारिक हुन्छ ।
- सञ्चारभित्र व्यक्तिभित्र हुने सञ्चार (Intraperonal) व्यक्ति व्यक्तिबीचको सञ्चार (Interpersonal) र आमसञ्चार वा जनसञ्चार (mass communication) सबै पर्दछन् ।
- आमसञ्चारका माध्यमहरमा रेडियो, टेलिभिजन, पत्रपत्रिका पुस्तक, पर्चा, पोष्टर, सिनेमा, आमसभा आदि हुन् ।

**सञ्चार प्रक्रिया** (Communication Process)
जुनसुकै प्रकारको सञ्चार पूरा हुनका लागि एक निश्चित प्रक्रियाका अंगहरु पूरा हुनु पदर्छ र सञ्चार प्रक्रिया पूरा गर्न आवश्यक मुख्य पांच अंगहरुको आवश्यकता पर्दछ:

- प्रेषक
- प्रापक
- माध्यम
- सन्देश
- प्रतिक्रिया

१) प्रेषकले आफ्नो सन्देशलाई कुनै एउटा वा धेरै संकेतहरुमा बदल्छ र कुनै माध्यमद्वारा प्रेषित गर्दछ ।

२) सन्देश, प्रेषकले पठाएको सूचना वा जानकारी हो ।

३) माध्यम, सञ्चारको साधन हो । बोली, संकेत, चित्र, मेशिन उपकरण आदि सञ्चारका माध्यम हुन सक्तछन् ।

४) प्रापक, सन्देश प्राप्त गर्ने पक्ष हो । दर्शक, स्रोता वा पठाक सन्देश प्राप्त गर्ने पक्षहरु हुन् । प्रेषकले दिएको सन्देश

सही अर्थमा बुझ्न (decoding) हुन सक्नुपर्दछ ।

५) प्रतिक्रिया, सन्देश प्राप्त गरेपछि प्रापकले प्रतिक्रिया व्यक्त गर्दछ । प्रतिक्रियाका आधारमा कुन रुपमा संचार भएछ भनेर प्रेषले मूल्यांकन गर्दछ ।

**प्रवचन**:
प्रशिक्षकले सञ्चार, आमसञ्चार र यसका साधनहरुको परिभाषा र परिचय प्रवचन शैलीमा बताउने परिभाषा लेखिएको ल्फिपचार्टको प्रदर्शन गरी परिभाषाको ब्याख्या गरिने । सञ्चारका साधनहरुको सूची बोर्डमा लेखी त्यसको परिचय दिने ।

**नाटक प्रदर्शन**:
सञ्चार प्रक्रियाको जानकारीका लागि प्रवचन र छलफल विधिद्वारा कक्षालाई जानकारी गठराएपछि कुनै एक छात्रलाई म किन तालीम लिंदैछु भन्ने प्रश्नको जवाफ फ्लासकार्डमा लेखी सहभागीहरुमा पालैपालो मौनरुपमा पढ्न लगाउने र आ–आफ्नो कापीमा त्यसको प्रतिक्रिया (feedback) लेख्न लगाउने । पछि सन्देश दिनेको आशय प्रापकले सही रुपमा बुझ्न सके नसकेको जानकारी प्रेषकलाई नै दिन लगाउने ।

## एकाई:१.३

पाठ्यशीर्षकः पत्रकारिताको परिचय (Introduction to Journalism course)
पाठ्यशीर्षकको परिचयः (course detail): पत्रकारिताको परिभाषा र परिचयः
प्रसिद्ध लेखक David wainwright का विचारमा पत्रकारिता संचारको एक संगठित व्यवसाय हो । यसको आफ्नै इतिहास, विकास प्रक्रिया र सिद्धान्त छ । दैनिक घटनाहरुको त्यस्तो प्रस्तुति जसमा छानिएका निम्न शब्दहरु, आवाजर र चित्रहरु समावेश भएका हुन्छन्, तयसलाई पत्रकारित भनिन्छ ।

– अंग्रेजी Journalism शब्द Journal बाट आएको हो भन्दै लेखक wainwright ले मग वयगच दिनभरिको भन्ने शब्दबाट नै वयगचलर्बा बनेको बताएका छन् ।

– अमेरिकी सञ्चारविद् वारेन के. एगी र साथस्हरुका विचारमा पत्रकारिता लेखन बदलिंदो स्थितिका बारेमा समसामयिक विवरण हो जसले पाठकहरुलाई आफ्नो वरिपरि के भइरहेको छ सो बारेमा जानकारी दिने उद्देश्य राख्दछ । पत्रकारिता तत्कालसित सरोकार राख्ने विषय हो ।

पत्रकारिता भनेको ......

– सूचना हो ।
– सञ्चार हो ।
– घटनाहरुको संक्षिप्त अभिव्यक्ति हो ।
– नयां जानकारी प्राप्त गर्न चाहने व्यक्तिको खुराक पुऱ्याउने कार्य हो ।
– मनोरञ्जन, सूचना, आशंकाको निदान र शिक्षा पनि हो ।
– पाठक दर्शन स्रोताको मस्तिष्कलाई आराम पुऱ्याउने साधन हो । सरकारका लागि वाचडग समाजका लागि ऐना र जनताका लागि न्यायाधीश हो ।

**एकाईः १.४**

शीर्षक (course): को हो पत्रकार ? (Who is Journalist ? )
शीर्षक परिचयः
परिभाषा (course detail)
रेडियो, टेलिभिजन पत्रपत्रिका आदि आम सञ्चारका माध्यममा रही समाचार संकलन, लेखन, वाचन, प्रस्तुतिकरण, सम्पादन आदि कार्य गर्ने व्यक्ति पत्रकार हो ।

न्यूज एजेन्सीहरुका लागि समाचार, तस्वीर, कार्टुनचित्र आदिको संकलन र संयोजन गर्ने व्यक्ति पनि पत्रकार नै हो ।

पत्रकारका अन्य नामहरुः

संवाददाता (Report)

समाचारदाता (Correspondent)

सम्पादक (Editor)

फोटो पत्रकार

स्ट्रिङ्गर

कार्टुनिष्ट

समाचारवाचक

समाचारलेखक

क्यामेराम्यान (टेलिभिजन वा भिडियो म्यागाजिन आदिका लागि)

प्रेससंग सम्बद्ध सबै व्यक्ति पत्रकार होइनन्
जस्तै पकाशक, बजार व्यवस्थापक, वितरक, बिक्रेता कम्प्यूटर अपरेटर, कम्पोजिटर, पेस्टर आदि ।

सञ्चारमा संलग्न सबै व्यक्तिहरु पत्रकार होइनन् ।
जस्तै, प्रवक्ता, टेलिफनेन अपरेटर, रेडियो प्राविधिक आदि ।

**एकाईः १.५**

शीर्षक (course): पत्रकारिताको क्षेत्र (Scope of Journalism)
शीर्षक परिचयः (Course detail)

**फराकिलो क्षेत्रः**

- पत्रकारिताको क्षेत्र फराकिलो छ । स्थानीय टोल देखि देश विदेशसम्मका राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाहरु समेट्ने काम पत्रकारिता हो ।
- पत्रपत्रिका, रेडियो, टेलिभिजन, समाचार समिति आदि आम सञ्चारका माध्यमहरु पत्रकारिताका क्षेत्रभित्र समेटिन्छन् ।
- समाचार संकलन, समाचार लेखन, पुनर्लेखन, समाचार छनोट, लेआउट, डिजाइनिङ, सम्पादन, शीर्षकचयन आदि सम्पूर्ण कार्यहरु पत्रकारिताका क्षेत्रभित्र पर्दछन् ।

- रेडियो र टेलिभिजनका लागि प्रसारण सामग्रीको उत्पादन पनि पत्रकारिताको क्षेत्रभित्र पर्दछ ।
- समाचार सन्देश दिने घटनालाई आफ्नो क्यामेरामा कैद गर्ने फोटो पत्रकारको कार्यलाई पनि पत्रकारिताको क्षेत्रभन्दा बाहिर राख्न मिल्दैन ।
- संवाद समितिका लागि समाचार संप्रेषण गर्ने स्ट्रिङ्गरको कार्य पनि पत्रकारिताकै क्षेत्रमा आउंछ ।
- प्रकाशन गृहद्वारा पत्रकारहरुका लागि दिइने इनहाउस ट्रनिङ्गलाई पर्ि नयसको क्षेत्रभन्दा बाहिर राख्न किल्दैन । ग्राफिक डिजाइन र कार्टुन पनि पत्रकारिताकै क्षेत्राधिकारका विषयहरु हुन् ।
- आमसंचारका माध्यमबाट समाजलाई दिइने शिक्षा, सूचना, मनोरञ्जन पत्रकारिताकै अंग हुन् ।
- अमेरिकामा नागरिकले भोट हाल्छन्, पत्रकारले राष्ट्रपति बनाउंछन् भन्ने प्रचलित भनाइले पत्रकारिताको क्षेत्र कति प्रभावकारी र सशक्त रहेछ, प्रष्ट पार्छ ।

**संविधानमा प्रेस**

- नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा सूचनाको हकबारे गरिएको व्यवस्थाले पनि पत्रकारिताको फराकिलो पहुंच अभिव्यक्त गर्दछ । उक्त धारामा भनिएको छ ।
- प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।
- सूचना प्राप्तिका लागि संविधानले उदारतापूर्वक व्यवस्था मात्र गरेको छैन, यसलाई अराजक हुन पनि रोकेको छ । धारा १६ मा अगाडि भनिएको छः यस धारामा लेखिएको कुनै कुराले कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

## एकाई: २.१/२.२

पाठ्य शीर्षक (course): नेपाली संचारमाध्यमको सामान्य परिचय (General introduction to Nepali media) र पत्रकारिताको विकासक्रम (Trends of Journalism)

शीर्षक परिचय:(Course detail)

(क) २००७ साल अघिको संचारमाध्यम

(ख) प्रजातन्त्रको पुनर्प्राप्ति अघिको संचारमाध्यम

(ग) प्रजातन्त्रकालको संचारमाध्यम

वाक् तथा प्रकाशन स्वतन्त्रताको सुनिश्चितता नेपाल अधिराज्यको संविधान २०४७ पछि मात्र रहेकोले यस अघिको पत्रकारिता र वर्तमान अवस्थाको पत्रकारितामा मात्र होइन सम्पूर्ण संचार माध्यममा नै त्यसको प्रभाव परेको देखिन्छ । नेपाली संचार माध्यमको परिचय पाउन निम्न बुंदाहरुको जानकारी आवश्यक छ :

- वि.सं. १९०८ मा प्रधानमन्त्री जंगबहादुरले बेलायतबाट फर्किदा ल्याएको गिद्धको ट्रेडमार्क अंकित हात प्रेसबाट नेपाली संचारमा प्रेसको प्रवेश हुन्छ ।
- नेपाली संचारको इतिहासकाल कटुवाल कराउने, ढोल पिट्ने, चिठी लेख्ने र व्यक्तिद्वारा खबर गर्ने आदि विधिहरु मै सीमित देखिन्छ । गिद्धे प्रेसको आगमनले ती विधिहरुमा प्रभाव परेको देखिंदैन ।
- किताब प्रकाशनका लागि प्रेस भारतको बनारस र कलकत्ताका प्रयोग हुन्थे, नेपालमा वि.सं. १९१९ सालसम्ममा मनोरञ्जन प्रेस स्थापना भैसकेको तथ्यांक लेखक शिव रेग्म उल्लेख गर्नु हुन्छ ।
- वि.सं. १९५० मा आइपुगेपछि मात्र उल्लेख्यरुपमा नेपालबाट पनि किताव प्रकाशन शुरु भएको देखिन्छ । यसै बर्ष

मोतीकृष्ण धीरेन्द्र कम्पनीद्वारा काठमाडौंको ठहितीमा पशुपत प्रेसको स्थापना भएको देखिन्छ। शुरुमा गोरखापत्र पनि यसमै छापिने भएकोले यसको नाम वहुचर्चित रहन गयो ।

- वि.सं. १९५८ बैशाख २४ गतेबाट गोरखापत्रको प्रकाशन शुरु भएपछि नै नेपाली संचारको इतिहासमा सजीवता सलबलाएको देखिन्छ ।
- नेपाली संचार माध्यमको विकासमा भारतको दार्जीलिङ्ग, बनारस, कलकत्ताको पनि उल्लेख्य भूमिका रहेको छ ।
- युवा कवि मोतीराम भट्टले बनारसबाटै वि.सं. १९४८ बाट गोर्खा भारत जीवन र १९५५ बाट काठमाडौंमै शुरु भएको सुधासागर मासिक नेपाली संचारमात्तयमका जग मानिन्छन् ।
- नेपाली अखबारमा पहिलो साप्ताहिक पत्रिका गोरखापत्र रहेपनि पछि १९७२ मा गोर्खाली, १९८३ मा राजभक्ति, शारदा १९९१ ले समाजमा शिक्षा र मनोरञ्जन दिनुको साथै भाषा साहित्यको विकासमा बढी योगदान पुऱ्याएको देखिन्छ ।
- २००७ साल अघिका पत्रकारमा मोतीराम भट्ट नरदेव मोतीकृष्ण शर्मा, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ आदि प्रमुख देखिए ।
- सिद्धिचरण श्रेष्ठ नेपाली पहिलो दैनिक आवाजका सम्पादक हुनुहुन्थ्यो, तर उहांको आवाज केही समयमै बन्द भयो ।
- २००७ सालको प्रजातन्त्रको पाठकहरुको विकास गऱ्यो तर आर्थिक पक्ष र अन्य कतिपय कारणले सरकारको मुखपत्र रहेको गोरखापत्र मात्र टिकिरह्यो, अरु त जादै गर म आइहालेको शैलीमा भटाभट बन्द भए ।
- देशमा पञ्चायती व्यवस्था आएपछि २००७ सालमा आएको उत्साहमा बांध लाग्यो, यसबीच पर्याप्त साप्ताहिक पत्रिका देखिए, तर सबैजसोको उद्देश्य एउटै थियो पञ्चायत ढाल्ने वाक् तथा प्रकाशन स्वातन्त्रताको अनुदार अवस्थाका कारण अखबारहरु फटाफट बन्द हुंदै जान्थे ।
- पञ्चायतकालमा अत्यन्त थोरै पत्रिकाले मात्र समाचार लेखनमा व्यावसायिकता प्रदर्शन गरेका छन् । प्रजातन्त्र पुनर्प्राप्ति पछि भने व्यावसायिकताको विकासमा तीव्रता आएको छ ।
- प्रजातन्त्र पुनर्प्राप्तिको अघि र पछिका नेपाली पत्रपत्रिकाको संख्यामा देखिएको प्रगतिले अखबारप्रति पाठकवर्गमा देखिएको अभिरुचि प्रष्ट हुन्छ ।
- वर्तमान अवस्थामा राष्ट्रिय दैनिकले सबैभन्दा बढी व्यावसायिक मार्ग अवलम्बन गरेको देखिन्छ र पनि पुर्णसन्तुष्ट हुने स्थिति भने पाइदैन ।
- आजका अखबार, रेडियो, टेलिभिजन आदि संचारमाध्यममा व्यापारिक प्रतिष्ठानको आर्थिक दबाब राजनीतिक पार्टीहरुको आग्रह र प्रशासनिक क्षेत्रको दाउपेचले प्रभाव जमाएको देखिन्छ ।
- विद्युतीय संचारमाध्यममा ००७ सालमा खुलेको रेडियो नेपाल र ०४१ सालदेखि प्रासम्भ भएको नेपाल टेलिभिजनको पनि जानकारी हुनु अनिवार्य छ। यी संचारमाध्यमहरुले पत्रकारिताका क्षेत्रमा पर्याप्त व्याबसायिकता देखाउन नसके पनि प्रभाबको दृष्टिले हेर्दा उनीहरु निकै अगाडि रहेको मान्नैपर्छ ।

## एकाईः २.३

शीर्षक (course): संचारमाध्यमले कसरी कार्य गर्छ ?

(How media works?)

शीर्षक परिचयः (course details): छापा र विद्युतीय माध्यममा प्रविधि

संचारमाध्यमका मुख्य दुई प्रकार, छापा र विद्युतीयका काम गर्ने आ–आफ्नै प्रविधि, शैली र तरिकाहरु छन् । तरपनि सामग्री संकलनका लागि रिपोर्टरको व्यवस्था र प्रचार–प्रसउारका लागि सम्पादन गर्ने सिद्धान्तको आधार भने एउटै

हुन्छ। त्यसैले नेपाल टेलिभिजन, रेडियो नेपाल र एफएम रेडियोहरुले र गोरखापत्र, कान्तिपुर, नेपाल समाचारपत्र आदिले पत्रकारिता गर्ने आधार भिन्न छैन। केवल त्यहां प्रविधिको मात्र भिन्नता हो।

**प्रभावको फुर्ती**

दुबैखाले संचारमाध्यम आफुले आर्जन गरेको पाठक दर्शकको परिमाण हेरेर समाजमा प्रभाव छोड्ने गर्दछन्। टेलिभिजनका धेरै दर्शक छन्, त्यसको प्रभाव सशक्त छ, त्यसैले प्रधानमन्त्री र मन्त्री समेत कार्यक्रमको उद्घाटन गर्नु अघि सोध्ने गर्छन् टेलिभिजनको क्यामेरा खै त ?

संचारमाध्यमले कसरी कार्य गर्छ भन्ने प्रश्नको जवाफका लागि भारतीय अभिनेता ऋतिक रोशनको अपुष्ट अभिव्यक्तिको प्रकाशनले देशव्यापी रुपमा सृजना भएको हिंसालाई हेरे धेरै कुरा बुझिन्छ। भारतीय टेलिभिजन जीन्यूजले नेपाली नागरिक गजेन्द्र ताम्राकारलाई बद्नाम गराएर पूरै भारतप्रति नेपालीहरुको दृष्टिकोण बदलियो। भारतको यौटा निजी संचारमाध्यमको कार्यको प्रभाव दुई देशको सम्बन्ध बिर्गासक्ने हैसियतसम्म विकसित भयो भने संचारुमाध्यमले कति प्रभावकारी रुपमा कार्य गर्दो रहेछ, अनुमान नर्ग असजिलो छैन।

आज मुलुकमा राष्ट्रिय दैनिक अखबारहरुले चाहिं भने निर्वाचनमा जित्ने उम्मेदवार पराजित हुनसक्ने अवस्था छ, स्टार टेलिभिजनका मालिक रुपर्ड मूर्डहकले गलत धारणा राखे भने दक्षिण पूर्वी एशिया एकसाथ प्रभावित हुनसक्छ। अर्थात् संचारमाध्यम प्रतिको विश्वास र आकर्षण अत्यन्त सशक्तरुपमा कार्य गर्छ भनेर बुझाउन सकिन्छ।

शक्तिशाली संचारमाध्यमले देश चलाउंछ, राजनीतिक पार्टीहरु केवल निमित्त नायक मात्र हुन्छन् भन्ने भनाइले पनि यसको प्रभावले कसरी कार्य गर्दो रहेछ, जानकारी हुन्छ।

**एकाई: २.४**

पाठ्य शीर्षाक (course): संचारमाध्यम समाचार संकलन

(Media and Reporting)

शीर्षक परिचयः (course details)

- संचारमाध्यमभित्र पत्रकारिता र पत्रकारिता भित्रको समाचार संकलन, महत्वपूर्ण विधाभित्रको महत्वपूर्ण पक्ष हो।
- रिर्पोटिङ्ग पत्रकारिताको जग हो। रिपोर्टरले संकलन गरी ल्याएको सामग्रीकै आधारमा संचारमाध्यमको व्यक्ति प्रखर वा धूमिल हुने गर्दछ। त्यसैले रिपोर्टिङ्गलाई रुखका जरासंग दाज्न सकिन्छ। जराले पौष्टिक आहारा प्राप्त गरेमात्र रुखमा स्वादिला फल लाग्दछ।
- संचारमाध्यमभित्रको इन्धन भन्न पनि मिल्ने रिपोर्टिङ्ग सबल हुने रिपोर्टर सबल हुनु आवश्यक हुन्छ।

सबल वा सक्षम रिपोर्टरका गुणहरु हेरौं:

- उपयुक्त समाचार (news-worthy) बुझ्न सक्ने र संकलन गर्न सक्ने।
- प्रतिस्पर्धी पत्रकारहरुका बीच सदा अग्रपंक्तिमा पर्ने लगनशील र जागरुक।
- समाचारका लागि उच्च घ्राणशक्ति (Nose of News) भएको संवाददाता।
- समाचारको महत्वको र प्रकृति (News sense and nature) हेरी प्रस्तुत गर्नसक्ने क्षमता हुनु।

**एकाईः ३.१**

पाठ्य शिर्षकः (course) समाचार संकलनः अवधारणा र व्यवहार
(Reporting concept and Practicae)

**शीर्षक परिचयः**

- रिपोर्टिङ्ग पत्रकारिताको जग हो, इन्धन हो र मेरुदण्ड हो । यो अवधारणा सिद्धान्तमा मात्र होइन व्यवहारमा पनि देखिन्छ ।
- सिद्धान्ततः रिपोर्टिङ्गमा जुन स्तरको शुद्धता र व्यावसायिकताको कुरा गरिएको छ त्यो व्इवहारमा नदेखिएका उदाहरणहरु पनि पर्याप्त छन् ।
- छापा माध्यमको उदाहरण मात्र हेर्दा पनि यो तथ्य यत्रतत्र देख्न सकिन्छ ।
- रिपोर्टर योग्य र दक्ष भएपनि व्इवस्थापनका कमजोरीले त्यस्तो कमजोरीहरु बजारसम्म पुग्छन् ।
- सिद्धान्तअनुसार व्यवहार नहुंदा पत्रकारिता जगतले समाजमा अवाञ्छित प्रभाव पार्न, गलत सन्देश दिन र अस्वस्थकर शिक्षा दिन पुगेका कारण आलोचित पनि हुनु परेको छ ।

**एकाईः ३.२**

पाठ्य शीर्षकः समाजमा संचारकर्मीको जिम्मेवारी
शीर्षक परिचयः लेखन तथा प्रकाशनमा सतर्कताः

- संविधानको धारणा १६ र २२ समानरुपमा ध्यान दिनु आवश्यक छ । धारा १६ ले सूचनाको हक दिएको छ भनेर जस्तोसुकै सामग्री प्रकाशन गर्न मिल्दैन । धारा २२ मा गोपनीयताको हकको पनि व्इवस्था भएको छ । यस धाराले भन्छः:
- कुनै पनि व्यक्तिको जीउ, आवाजस, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।
- प्राप्त सूचनाले राष्ट्रिय स्वार्थमा आघात पार्छ भने त्यो प्रकाशन योग्य मानिदैन । त्यस्तो सूचना पाएर पनि प्रकाशित नगर्नु संचारकर्मीको सामाजिक जिम्मेवारी हो ।
- जातिगत, धार्मिक, साम्प्रदायिक सद्भावमा आघात पुग्ने सहिष्णुता सृजना गर्ने कार्य आफ्नो लेखाइबाट नहोस् भन्ने कुरामा संचारकर्मीहरु चनाखो रहनुपर्दछ ।
- पत्रकारले आर्थिक बर्षका लागि घोषणा हुन लागेको बजेटको पूर्व जानकारी पाउनसक्छ तर प्रकाशन गर्दा मूल्यवृद्धि हुने, बजारमा वस्तुको कृत्रिम अभाव सृजना हुने, चोरी निकासी पैठारी बढ्ने आदि संभावना छ भने त्यस्तो खबर प्रकाशित नगर्नु नै सामाजिक जिम्मेवारी हुन्छ ।
- बलात्कृत महिला, अभियुक्त नावालक र अन्य पीडित पक्ष अझ अपमानित हुनेफोटो पाए पर्ि नप्रकाशन गर्न मिल्दैन ।
- अपुष्ट खबर प्रकाशन गर्दा बढी सतर्कता अपनाउनु पर्छ । त्यसले समाजलाई हानी नोक्सानी पुऱ्याँउछ भने त्यस समाचारको प्रकाशन स्थगित गर्नुपर्छ ।
- इम्बार्गोको पालना गर्ने ।
- अदालतको मानहानी नगर्ने ।
- लेखन तथा अभिव्यक्तिमा जनता वा पाठकप्रति आदरपूर्ण भाषा प्रयोग गर्ने, उत्तरदायित्वपूर्ण र जिम्मेवारीका साथ समाचार लेख संप्रेषण गर्ने ।

- समाजका लागि आवश्यक जानकारी खोजी खोजी प्रकाशन गर्ने । यस्ता जानकारी थाहा पाएर पनि प्रकाशमा नल्याउनु संचारकर्मीका लागि सामाजिक अपराध मानिन्छ ।
- समाचारको प्रस्तुति अतिरञ्जित बनाउनु हुँदैन ।

**छपाई बाहिर संचारकर्मी**

- संचारकर्मीको व्यक्तिगत चरित्र पनि समाजमा आदर्श व्यक्तिका रुपमा स्थापित हुनुपर्छ । जतिसुकै बलियो कलमको हकदार भएपनि ऊ यदि व्यभिचारी छ र असामाजिक चरित्र प्रदर्शन गरेर हिंड्छ भने उसलाई कसैले सम्मान गर्दैन ।
- परिचयपत्रको दुरुपयोग गर्न हुँदैन । सित्तैमा बस चढ्ने, सिनेमा हेर्न जाने, मेलामा प्रवेश गर्ने र पैसामाग्दा तिम्रो बदमासी छापिदिन्छु, खबरदार भनेर चर्काउने चारित्र निन्दनीय हुन्छ ।

## एकाई: ३.३

शीर्षक: किन रिपोर्ट गर्ने, के रिपोर्ट गर्ने
(why and what to report)

**शीर्षक परिचय:**

किन रिपोर्ट गर्ने ? के रिपोर्ट गर्ने ?

जनचासो पूरा गर्नजनचासोको विषय

घटनाको जानकारी दिन | अनौठो घटना |

दुर्घटनाको कारण पत्ता लगाउन | दुर्घटना |

नेताहरुको धारणा र भावी कार्यक्रम थाहा पाउन | भाषण |

प्रशासनिक क्षेत्रमा अनियमितता र भ्रष्टाचार हटाउन | प्रशासनिक गतिविधि |

कानूनी समस्या र स्थितिका बारेमा पाठकलाई जानकारी दिन | अदालत, जिल्ला तथा नगर कार्यालयका मुद्दाहरु |

सम्भाव्य समस्याबाट समाजलाई बचाउन | स्वास्थ्य समस्या |

माग थाहा पाउन, प्रभावबाट सतर्क राख्न | आन्दोलन, हड्ताल, माग ज्ञापन |

उपभोक्तालाई जानकारी दिन | नयां उत्पादन/मूल्यबृद्धि टेण्डर |

**रिपोर्टका अन्य विषयहरू**

टेण्डर आह्वान, यातायात समस्या, बाली विनाश, मौसम परिवर्तन, जातीय समस्या, उत्सव चाडपर्व, प्रेस विज्ञप्ती, प्रेससम्मलेन, अनुसन्धानको प्रतिवेदन, सरकारी सूचना, सरकार प्रमुख वा राज्य प्रमुखको काम आदि ।

## एकाई: ४.१

शीर्षक: समाचार के हो ? (What is news)

**शीर्षक परिचय: परिभाषा**

समाचार यही हो भनेर दिन मिल्ने सर्वमान्य परिभाषा देखिदैन ।
विभिन्न विद्वानले विभिन्न आधारहरु मात्र अघिसारेका छन्:

- कुकुरले मान्छेलाई टोक्योभने समाचार हुँदैन, तर मान्छेले कुकुरलायृ टोक्यो भने समाचार हुन्छः ऋजबचभिक ब्लमभचकयल म्बलब
- अंग्रेजी शब्द NEWS मा रहेका अषरहरुबाट चार दिशा बन्ने (North, East, West & South) भएकाले सबै दिशाबाट संकलन गरी ल्याइएका घटना विवरण समाचार हुन् ।
- सरकारहरुको उत्थान र पतन, लडाईं, अन्तर्राष्ट्रिय सम्बन्ध प्रसिद्ध मानिसका काम, यात्राका दृश्य र विवरण, मानव सृर्जित उपद्रव ...... यी र यस्तै अन्य कुराहरु समाचार हुन्ः Reter
- कहीं भुईंचालो गयो, आगलागी भयो, पैरो गयो, बाढी आयो, महामारी चम्केर मानिस सोत्राम्य भए, बस्तुभाउ रोगाए, जंगलमा डढेलो लाग्यो, बाघले दुःख दियो, भालुले चिथोर्यो, कहीं बम पड्क्यो कसैले कसैलाई गोली हान्यो, सबै समाचार हुन्ः

**राजाराम पौडेल (पत्रकारिता)**ः
- समाचार भनेको कुनै महत्वपूर्ण र हालै भएको घटना बारेको त्यस्तो सूचना हो जसले श्रोताहरुलाई असर पार्दछ र जुन कुरा तिनीहरुका लागि रुचिकर पनि हुने गर्दछ । Paul De maeseneer, युनेस्को विशेषज्ञ ।

**समाचार बारे प्रचलित विश्वास**ः
- कतै कसैले कुनै सूचना लुकाउन खोज्यो भने त्यो सूचना चाहिं समाचार हो, बांकी सबै कुरा विज्ञापन हुन् ।
- जुन घटना वा प्रसंगले जनसाधारणमा उत्सुकता, जिज्ञासा पैदा गराउंछ त्यो नै समाचार हो ।
- भोलि इतिहास बन्नसक्ने सामग्रीको आज गरिएको संग्रह नै समाचार कहलिन्छ ।
- ताजा घटनाका विवरणहरु नै सही मानेमा समाचार हुन्

**समाचारका प्रकार**
- स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय
- राजनीतिक, आर्थिक, अपराध सम्बन्धी, खेलकुद, मनोरञ्जनात्मक
- BAnner news, Bos news anchor news आदि
- औपचारिक (hard) / अनौपचारिक (Soft)
- प्रत्याशित र अप्रत्याशित
- Follow up news, running news, depth news, and Investigatine news.

**एकाईः ४.२**

शीर्षक (course) फाइभ डब्लूएच र समाचारमा यसको प्रयोग (The 5 WH/ using 5WH in the content)
शीर्षक परिचयः समाचारमा विषयवस्तु र घटनासंग सम्बन्धित सम्पूर्ण जिज्ञासाहरुको उत्तर आउनुपर्छ । ती प्रश्नहरु हुन्ः

| | |
|---|---|
| के (What) | के घटना/विषय हो, त्यसको जानकारी |
| कहां (Where) | कुन ठाउंको समाचार हो, त्यसको विवरण |
| को (Who) | घटनामा संलग्न पक्षहरुको परिचय |
| कहिले (When) | घटना भएको समय |
| किन (Why) | घटना घट्नुको कारण खुलाउने |
| कसरी (How) | कसरी घटना घट्यो त्यसको विवरण दिने । |

उपर्युक्त छ प्रकारको जवाफ समाचारमा हुनु आवश्यक छ। तर, यी जवाफहरु समाचारको कुन भागमा उल्लेख गर्ने ?

- पुरानो मान्यता अनुसार यी प्रकारको जवाफ समाचारको पहिलो अनुच्छेदमै समेट्नु पर्दछ। (Summary lead)
- आधुनिक मान्यतामा उपर्युक्त शैलीले समाचार अपठनीय बनाउंछ, वाक्य लामो हुन्छ र अभिव्यक्ति क्लिष्ट र अस्पष्ट बन्नजान्छ भन्ने धारणा राखी त्यसलाई सुधार गरिएको छ। (Modified Summery Lead)
- समाचारको प्रकृतिअनुसार उपर्युक्त सबै प्रश्नको जवाफ पहिलो अनुच्छेदमा मात्र होइन पूरा समाचारमा समेटेको नहुन पनि सक्छ।
- भर्खरै घटेको घटनामा (Breaking Event) मा थाहा नहुन पनि सक्छ।
- समाचारको पहिलो अनुच्छेद आकर्षक होस् भन्ने उद्देश्यले बढीमा २५ देखि ३० शब्दसम्मको हुनुपर्ने नमूना देखाइन्छ। यति थोरै शब्दमा सबै प्रश्नको जवाफ समेट्न सम्भव छैन।
- समाचारको प्रकृति अनुसार उपर्युक्त ६ प्रकारको प्रयोग अगाडि र पछाडि हुने गर्दछ।
- प्रत्यक्ष प्रारम्भ (Direct head) मा अधिकांश प्रकार समावेश भएका हुन्छन् भने अप्रत्यक्ष प्रारम्भ (Delayed lead) मा समाचार पढ्दा निस्कने जिज्ञासाहरुको विस्तारै जवाफ दिंदै गरिन्छ।

## एकाईः ४.३

शीर्षकः स्कूप समाचार (Scoop news)

### शीर्षक परिचयः

- अन्य प्रतिस्पर्धी पत्रपत्रिका भन्दा अगाडि आफूले मात्र प्रकाशित गरेको समाचार स्कूप समाचार हो।
- स्कूप समाचारलाई ब्रेकिङ न्यूज (Breaking news) पनि भनिन्छ।
- समाचारको बजारमा तीब्र प्रतिस्पर्धा देखिएको सन्दर्भमा स्कूप समाचारको विशेष महत्व रहन्छ। जुन अखबारमा बारम्बार स्कूप समाचार प्रकाशित हुन्छ, त्यसले बजारमा उच्च स्थान प्राप्त गर्छ र पाठकहरुको विश्वास जित्न सफल हुन्छ।

## एकाईः ४.४

शीर्षकः संवाददातामा हुनु पर्ने गुण/योग्यता
(Quality of the reporters)

### शीर्षक परिचयः

समाचार संकलन (Reporting) भन्नाले तथ्यहरुको संकलन तथ्य परिक्षण, समाचार लेखन र संप्रेक्षण (dispatching) समेतलाई बुझिन्छ। यो कार्य निपुर्णताा साथ गर्न संवाददातामा विशेष गुण वा क्षमता हुनु आवश्यक छ।

असल संवाददाताका गुणहरु निम्न प्रकारका छन्।

- तीक्ष्ण घ्राणशक्ति (News Sense) भएको।
- अध्ययन र मेहनत गर्ने बानी।
- सधैं उत्सुक र तत्पर।

- दूरदर्शी वा संभाव्य घटनाको अनुमान लगाएर समाचारसम्म पुग्न सक्ने क्षमता ।
- शारीरिक र मानसिक रुपमा स्वस्थ ।
- समयनिष्ट ।
- विश्वासपात्र (स्रोत र पाठक दुबैको)
- आत्मानुशासन आचारसंहिता र सामाजिक मर्यादाको पालना
- निडर सत्य खोतल्ने साहस भएको ।
- सरल, संक्षिप्त र छिटो लेख्न सक्ने ।
- आफ्नो विषयको ज्ञाता

**एकाईः ४.५**

शीर्षकः उल्टो परिामिड (The inverted pyramid)

**शीर्षक परिचयः**

उल्टो पिरामिड औपचारिक समाचार लेखनको वहुप्रचलित शैली हो । जसरी पिरामिड खडा हुन जगको भाग बढी महत्वपूर्ण हुन्छ त्यसरी नै त्यसलाई उल्टाउंदा महत्वपूर्ण भाग माथि पर्न गएजस्तै समाचारको महत्वपूर्ण अंश माथि अर्थात् शुरुमा लेख्ने गरिन्छ । रेखा चित्रमा हेर्दा उल्टो पिरामिड र त्यसको आधारमा लेखिने समाचारको बनावट निम्न अनुसारको देखिन्छ ।

१. Intro (प्रारम्भ अनुच्छेद)

२. Source sith morfacts (समाचार स्रोतको उल्लेख गर्दै थप तथ्यको उल्लेख)

३. Supporting Quotes (पुष्टिकारक उद्धरण)

४. Background Informations (पृष्ठभूमि विवरण)

५. Morre Facts of Iwsser importance (अनुपातिक रुपमा कम महत्वपूर्ण थप तथ्यहरु)

६. Least important details (अत्यन्त कम महत्वका तथ्यहरु)

तर, उपर्युक्त सूत्रमा ढालेर लेखिने समाचार औपचारिक (Hard) प्रकृतिका हुन्छन् । सबै प्रकारका समाचारहरुका लागि उल्टो पिरामिड शैली उपयुक्त हुँदैन ।

**एकाईः ५.१**

शीर्षकः विषयको पहिचान (Issues Identification)

**शीर्षक परिचयः**

विषय छनौट भन्नाले समाचार बनाउने विषयहरुको छनौट हो । दैनिक अखबारमा दैनिक रुपमै सम्पादन मण्डलको बैठक बसेर समाचार बनाउने विषयहरु के के हुनसक्छन्, पहिचान गरिन्छ । र, विषय प्रति कुन संवाददाताको निपूर्णता छ, सो हेरी कार्य विभाजन गरिन्छ । समाचार बनाउने विषय छनौट गर्न निम्न अभ्यास गर्नु आवश्यक हुन्छ ।

- सामयिक पत्रपत्रिकाको अध्ययन गरी अनुगमन Followup गर्ने विषयको पहिचान गर्न सकिन्छ ।
- निम्तापत्रहरु हेरेर र पार्टी तथा संगठनहरुको पूर्वघोषित कार्यक्रमको सूचीपल्टाएर पनि समाचार बनाउने विषयको छनौट गरिन्छ ।
- समाचार स्रोतसंगको नियमित सम्पर्कले समाचारको विषय फेला पार्न सजिलो हुन्छ ।
- पत्रकारहरुको भेलाबाट विषय देखापर्दछन् ।
- संवाददातामा समाचार देख्ने क्षमता (Nose for news) अथवा (News sense) छ भने समाचारका विषय सजिलै फेला पर्छन ।
- विवादास्पद व्यक्तिसंगको अन्तर्वार्ता इस्यू बन्दछ ।
- आमसभा, भाषण, सम्मेलन आदिमा पनि इस्यू फेला पर्दछन् ।
- प्रसिद्ध व्यक्तिहरुको विपरित चरित्र समाचारको विषय बन्दछ ।
- प्रेस विज्ञप्ति, प्रहरीको समाचार बुलेटिन, समाचार समितिका समाचार भित्र लुकेका थप समाचारहरु खोज्न सक्ता इस्यू देखापर्दछ ।
- विभिन्न क्षेत्र र घटनास्थलको अवलोकन भ्रमणबाट समाचारको विषय देखिन्छ ।
- कुनै परिणाम सार्वजनिक भएपछि पनि त्यसको कारण लुकिरहेको हुन सक्छ ।
- भारतको बैंगलोरमा गएको भूकम्पमा नेपाली परेको समाचार हाम्रा लागि उपयुक्त (Newsworthy) हुन्छ ।
- मौसम हेरेर त्यसले पार्ने प्रभावका सम्बन्धमा दिमाग खेलाउँदै जांदा विमान सेवामा अवरोध भएको इस्यू फेला पर्दछ । अझ खोज्दै जांदा बाहिरबाट आउने कुनै भीआईपी आउन नसकेका कारण राष्ट्रिय सम्मेलनमा समेत बाा पुगेको देखिन्छ ।

## एकाईः ५.२

शीर्षकः समाचारका तत्वहरु (Elements of news)

**शीर्षक परिचयः**

समाचारमा हुनुपर्ने गुणहरुलाई समाचारका तत्व भनिन्छ । समाचारका तत्वहरुलाई निम्नप्रकार सूत्रवद्ध गरिन्छ ।

ABCS (एबीसिज) भनिने यस सूत्रमा ...............

A भन्नाले Accuracy सत्य तथ्य

B भन्नाले Balance सन्तुलन,

C भन्नाले Credibility विश्वनीयता

S भन्नाले Simple सरल गरी चार तत्वहरु समावेश छ । यस अतिरिक्त समाचार संक्षिप्त, आवश्यक सबै जिज्ञासा पूरा गर्ने र समाचार स्रोत तथा पाठक दुबै पक्षलाई सन्तुष्ट बनाउने हुनुपर्दछ ।

## एकाईः ५.३

शीर्षक समाचारको प्राप्ति (Getting the news)

### शीर्षक परिचयः

समाचारको प्राप्ति समाचारका विषयको छनौट वा बन्नसक्ने विषयको छनौट गरिन्छ तब त्यसलाई प्राप्त गर्न समाचार स्रोतसंग भेट्ने, समाचार दिन उसलाई आग्रह गर्ने, साधारण आग्रहले नमाने कूटनीतिक सीपको प्रयोग गरेरै भएपनि समाचार प्राप्त गरेरैं छाड्ने कार्य चुनौतीपूर्ण छ । समाचारको प्राप्तिका लागि निम्न अभ्यास हुनु आवश्यक छ ।

- सम्बद्ध व्यक्तिसंगको सम्पर्क ।
- सम्पर्क गर्नु अघि कसरी समाचार प्राप्त गर्ने, पूरा योजना दिमागमा तय हुनुपर्छ ।
- समाचारलाई विशवसनीय बनाउन समाचारसंग सम्बद्ध सबै पक्षसंगको सम्पर्क र उनीहरुको उद्धरण ।
- समाचार प्राप्तिका लागि दक्ष संवाददाताको सीप, टेप, क्यामरा आदिको उपलब्धता ।
- र, लेखन कार्यका लागि संयोजन ।

## एकाईः ५.४

शीर्षकः समाचार विस्तार (Broading the news)

### शीर्षक परिचयः

शुरुमा समाचार टिप्सको रुपमा प्राप्त हुन्छ र काठमाडौंमा बस दुर्घटना भयो रे, भद्रकालीमा प्रहरीले लाठीचार्ज गऱ्यो रे, जस्ता टाउको र पुच्छरविनाका गिंडहरु फेला पर्दछन् । यी गिंडहरु पर्ि नसही हुन् कि होइनन् कतिपय ठोकुवा गर्न सकिन्न । यस्ता जानकारीलाई जांचबुझ गरी आवश्यक बक्स समाचार, सचित्र समाचार आदिको विशाल रुप प्रदान गरिएको हुन्छ । टिप्सहरु पर्ि नगएर सरकार ढाल्ने, पार्टी फुट्ने, व्यवस्था बदलिने, राष्ट्रिय, अन्तर्राष्ट्रिय चासोको विषय बन्न सक्छन् । यति महत्वपूर्ण कार्य समाचार विस्तारमा निहित छ ।

### समाचार विस्तार कसरी गर्ने त ?

- घटनास्थलमा रिपोर्टर र फोटो पत्रकार समयमै पुगेर ।
- घटनासंग सम्बद्ध पक्षहरुलाई भेटी उनीहरुको अनुभव र अभिव्यक्तिलाई समेटेर ।
- बरिष्ठ नेता र सरकारी अंगका जिम्मेवार पक्षको प्रतिक्रिया लिएर ।
- त्यस घटनाको पृष्ठभूमि थपेर र तयस्तै विगतका अन्य समाचार जोडेर ।
- घटनालाई विभिन्न कोणबाट मुल्यांकन गरेर ।
- विज्ञहरुको धारणा र अन्तर्वार्ता भेला पारेर ।
- विषयवस्तुको गहन अध्ययन गरेर ।
- घटनाले भविष्यमा पार्ने प्रभाव उल्लेख गरेर ।
- समाचार प्रस्तुतिमा उपयुक्त अंशलाई ब्रेकर, बक्स, ट्याग, हेडिङ्ग आदि दिई आकर्षक र प्रभावकारी बनाएर ।

**एकाईः ६.१**

शीर्षक लेखन (Heading Writing)

**शीर्षक परिचयः**

- शीर्षक समाचारको अनुहार हो । अनुहार हेरेर व्यक्तिको व्यक्तित्वबाट प्रथम प्रभाव ग्रहण गरिएजस्तै समाचारको शीर्षकबाट त्यस्तै प्रभाव प्राप्त हुन्छ ।
- शीर्षक समाचाररुपी गृहको प्रवेशद्वार हो । यो सहज, आकर्षक र प्रवेश गरौं, गरौं लाग्ने किंचित रहस्यमय छ, जिज्ञासा बढाउने खालको छ र छरितो छ भने सार्थक मानिन्छ ।
- Good Packaging is half selling भन्ने व्यापारिक क्षेत्रमा प्रयोग हुने पत्रकारितामा प्रयोग गर्न सकिन्छ तर अलिकति सम्पादन गरेर good Headline is half selling अर्थात् आकर्षक शीर्षले समाचारपत्रको बिक्री बढाउंछ र पाठकको संख्या थप्छ ।
- शीर्षकले समाचारको विषयलाई कोट्याउंछ मात्रै । सबिस्तार जानकारी लिन समाचार पढ्नै पर्दछ । यदि शिर्षकले नै सबै कुरा बताइदियो भने पाठकलाई समाचार पढ्ने उत्सुकता मरेर जान्छ । शीर्षकले समाचारको केन्द्रविन्दुलाई मात्र उजागर गर्नु पर्याप्त हुन्छ ।
- जसरी शरीर अनुसार ठूलो सानो टाउको हुनुपर्छ, सानो बच्चाको टाउको वयश्कको जत्रो र वयश्कको टाउको बच्चाको जत्रो भाये भने राम्रो देखिन्न ठीक त्यस्तै समाचारको शीर्षक चयनमा ख्याल गर्नुपर्दछ ।

**शीर्षकका प्रकारः**

- ब्यानर हेडिङ्ग (Banner Heading)
- सिंगल डेक (Singledeck heading)
- डबल डेकर हेडिङ (Daubledeeker Heading)
- लेवल हेडिङ (Lable Heading) or ट्याग हेडिङ्ग (Tag Heading)
- प्रश्नात्मक शीर्षक (Question Heading)
- कृयाविहीन शिर्षक (Heading without berb)
- केन्द्र शिर्षक (Center Heading)
- बायां मिलान शिर्षक (Left Justification)
- प्यारालल शिर्षक (Paralal Heading)
- उद्धरण शिर्षक (Question Heading)
- उखान शिर्षक (Proverb Heading)
- उप शिर्षक (Sub-Heading)

**एकाई**: **६.२/३**

शीर्षक: सत्य तथ्य, महत्वपूर्ण आकार, निकटता
(Accuracy/Fairness, Importance/Size/Proximity)

**शीर्षक परिचय: समाचारमा हुनुपर्ने गुण वा तत्वहरू मध्ये प्रमुख यी हुन्:**
सत्य तथ्य, महत्वपूर्ण उपयुक्त आकार र निकटता

- समाचार पत्रिकामा छापिएको वा रेडियो टेलिभिजनले बोलेको देखिएपछि पाठक वा श्रोतामा ब्रह्मवाक्य सरह प्रधावकारी बन्दछ ।
- संसारका सबै विषय समाचार होइनन् न्यून महत्वका वस्तुहरु जसमा पाठकहरुको रुचि नै हुँदैन, समाचार होइनन् ।
- समाचारको महत्व हेरी त्यसको आकार दिइनुपर्दछ । देशका प्रधानमन्त्री दिवंगत भएको समाचार एक अनुच्छेदमा सकियो भने, अन्तिम पृष्ठतिर खांदियो भने त्यसलाई हासंउठ्दो पत्रकारिता मान्नुपर्छ ।
- Proximity अर्थात् निकटता कुनै समाचारमा कति Newsworthy छ भन्ने कुराको निर्णायक तत्व हो । आफ्ना वा आफ्नो निकट विषयको समाचार पाठकहरु पढ्न प्राथमिकता दिइन्छन् ।

**एकाई**: **६.४**

शीर्षक समाचारमा विचार:

**शीर्षक परिचय**:

- सामान्यत: समाचारमा समाचार संकलक वा लेखकको विचार लेख्न पाइदैन । सामन्यत: किन भनिएको भने समाचार विश्लेषणमा प्रकारान्तरले समाचार लेखकले आफ्नो अवधारणा प्रस्तुत गर्नसक्छ ।
- औपचारिक (Hard News) को शैलीमा समाचार संकलकको विचार समावेश हुँदैन । तर, उसले चाहेको विचार बोल्ने व्यक्तिको छनोट गरी उसको विचार छाप्न ऊ स्वतन्त्र रहन्छ ।
- अनौपचारिक (Soft News) शैलीमा समाचार संकलकको विचार अझ बढी अभिव्यक्त हुन्छ ।
- अखबारमा विचारका लागि सम्पादकीय पृष्ठ छुट्याइएको हुन्छ जसमा समाचार विश्लेषण समेत उल्लेख गर्न सकिन्छ ।

**एकाई**: **७.१/२/३**

शीर्षक समाचारको योजना समाचार आलेख निर्माण
(Planning The News, Building News to a Story)

**शीर्षक परिचय**:

- दैनिक अखबारमा दैनिकरुपमै समाचारको योजना बनाइन्छ । आज कुन समाचार कसले खोज्ने बिहानै सम्पादक वा चिफ रिपोर्टरको संयोजनामा बैठक बसी निर्णय गरिन्छ । प्रकाशित समाचारको लेखन र प्रस्तुति मूल्यांकन गरिन्छ ।
- अनियन्त्रित समाचारका लागि खोजी गर्न खोजी संवाददाता लागिरहन्छन् । हरेक दिन स्कूप र खोजी समाचार केही न केही हुनैपर्छ, नभएमा प्रस्तुतिमात्र पनि विशेष हुनैपर्छ भन्ने कुरामा जोड दिइन्छ ।
- समाचार संकलन गरी ल्याएपछि लेख्नवस्ता आवश्यक सामग्री उपलब्ध हुनुपर्छ । पुस्तकालय, विषयगत फाइल, शान्त वातावरण आदि ।

- समाचारको लेखन कार्य प्रारम्भ गर्नु अघि आवश्यक पक्षसंगै सम्पर्क गरिसकेको, पर्याप्त पृष्ठभूमि तयार पारिसकेको हुनु आवश्यक छ ।
- समाचार लेख्न बस्नुअघि संवाददाताले कुन पक्षलाई महत्व दिने, लिडिङ्ग के बनाउने, समाचार स्रोतमा व्यक्त वा अव्यक्त रुपमा क–कस्लाई देखाउने योजना बनाइसकेको हुनुपर्दछ ।
- अस्पष्टता र अनिश्चितताहरु दोहोऱ्याएर जांची लेख्न बस्दा प्रष्ट भैसक्नु पर्दछ ।
- प्राप्त जानकारीलाई बारम्बार कसी लगाउनु पर्दछ ।
- समाचारको आकार कत्रो हुने हो, योजना बनाउनु पर्दछ ।
- ब्रेकर छुट्याउने हो कि, सबहेडिङ्गमा लेख्दा अझै राम्रो हुने हो कि निर्णय गर्नु पर्दछ ।
- प्रतिस्पर्धीहरुको पहुंच हेरेरलेख्न सके अझ राम्रो ।
- हार्ड र सफ्टको शैली समाचारको विषय हेरी तय गर्नु आवश्यक छ ।
- पाठकलाई समयसीमा देखाई पूर्णतः चित्त बुझाउन सक्ने समाचार तयार हुनुपर्दछ । संवाददाताले यस प्रश्नको जवाफ खोज्नसक्थ्यो, अल्छी गरेछ भनेर पाठकले कहिल्यै सोच्न नपाउन ।

## एकाई ८.१/२

शीर्षकः अन्तर्वार्ताको सीपहरु (Interview Techniques)

### शीर्षक परिचयः

- अन्तर्वार्ता समाचारको मुख्य स्रोत हो । वास्तवमा कुनै पनि अखबारका अधिकांश समाचारमा अन्तर्वार्ताकै अंशहरु देखिन्छन् । उहां यस सम्बन्धमा यसो भन्नुहुन्छ ..... भन्दै उद्धरणमा वा उद्धरणमा वा उद्धरण बाहिर कसै न कसैका भनाइहरु समावेश भएकै हुन्छन् ।
- अन्तर्वार्ता प्रकाशन भन्दा कुनै व्यक्तिको सिंगो व्यक्तित्व झल्किने वा कुनै विषयमा विस्तृत (Comprehensive) जानकारी प्राप्त गर्न गरिएको कुराकानी भन्ने बुझिन्छ, तर समाचारपिच्छे समावेश गरिने व्यक्तिका मतहरु पनि अन्तर्वार्ता नै हुन् समाचार लेखनमा यस्ता टुक्रे अन्तर्वार्ताको महत्वपूर्ण स्थान रहन्छ ।
- समाचारमा विवादास्पद, रोचक अनपेक्षित अभिव्यक्तिहरु कसैको नाममा उल्लेख गर्नुपर्दा उद्धरण चिन्हभित्र राख्नुपर्छ । यसका लागि संवाददातासंग व्यक्तिको जस्ताको त्यस्तै बोली टिप्नसक्ने कला हुनु पर्छ । यसका लागि टेपरेकर्डर आवश्यक छ ।
- समाचारमा जुनसुकै जानकारी उद्धरणमै राख्ने प्रयास गर्नु लेखन कलालाई भद्दा र अपठनीय बनाउनु हो ।
- समाचारमा कसैको उद्धरण राख्ने हो भने निजसंग पूर्व अनुमति लिनु आदर्श तरिका हो । तर, पत्रकार सम्मेलनमा भाषणमा वा यस्तै कुनै सार्वजनिक समारोहमा दिएको अभिव्यक्तिका लागि यो कोट गरौं त्यो कोट गरौं भनेर सोधिरहनु आडम्बर मात्र सावित हुनेछ । त्यस्तो बेला सोद्धै नसोधी मजाले कोट गर्न सकिन्छ ।

### अन्तर्वार्ताको पूर्ण तयारी र अन्तर्वार्ता

- जोसंग अन्तर्वार्ता लिने हो, पहिला त ऊसंगै समय नै लिनुपर्छ ।
- अन्तर्वार्ताको उद्देश्य र विषय जानकारी गराउनुपर्छ ।
- पूर्ण तयारीको साथ विषयको जानकारी र टेपरेकर्डर क्यामेरा आदिको साथै ठीक समयमा उपस्थित हुनुपर्छ ।

- उचित सम्मानका साथ तर स्वाभिमानको छनक दिंदै प्रश्न गर्नुपर्छ ।
- प्रश्नको जबाफ दिन चाहिएन भने जोर जुलुम त गर्न मिल्दैन तर कुटनीतिक शैली प्रयोग गरेर जानकारी लिने प्रयास गर्नु पर्छ ।
- प्राप्त जानकारी र अभिव्यक्ति बक्ताकै आशयमा प्रकाशित हुनुपर्छ ।

## एकाई ८.३/४

शीर्षकः प्रारम्भिक स्रोत र अप्रतयक्ष स्रोत (Primary and Secondery sources)

**शीर्षक परिचय**:

- समाचारको प्रारम्भिक बिन्दुबाट प्राप्त जानकारी भरपर्दो मानिन्छ । दुर्घटनामा परेको बस चालकले घटना विवरण बताउंछ भने उसलाई प्रारम्भिक स्रोत भन्नुपर्छ ।
- झट्ट सुन्दा प्राइमरी स्रोत अपरिपक्व वा पुष्टि हुन बांकी स्रोतजस्तो लाग्नसक्छ तर बास्तविकता त्यो होइन । प्रारम्भिक स्रोत सबैभन्दा भरपर्दो घटनाको वा विषयसंग सम्बन्धित प्रारम्भिक महानसंग सम्बद्ध स्रोत हो ।
- त्यसैगरी एकजनाको खबर अर्कोले भन्दैछ अथवा दोश्रो, तेश्रो व्यक्ति हुँदै अरे को तहसम्मबाट पनि प्राप्त जानकारीको स्रोत अप्रत्यक्ष वा सेकेण्डरी स्रोत हो । यस्तो स्रोतबाट समाचार प्राप्त हुनासाथ लेख्न बसिहाल्नु हुँदैन । त्यसलाई पुष्टि गर्न प्रारम्भिक बिन्दुतिर अघि बढ्नु पर्दछ ।

## एकाईः ८.५

शीर्षक भाषाण र पत्रकार सम्मेलनको समाचार
(Covering Speeches and press Conferences)

**शीर्षक परिचय**:

- समाचारका विभिन्न स्रोतहरुमध्ये बारम्बार दोहोरिइरहने र मुख्य पृष्ठमा स्थान पाउने समाचारमा भाषण र पत्रकार सम्मेलन अग्रस्थानमा रहका छन् । प्रधानमन्त्री मन्त्री र नेताहरु दिनदिनै भाषण गरिरहेका देखिन्छन् भने विभिन्न प्रेक्षालयहरुमा पत्रकार सम्मेलन नै भैरहेको पाइन्छ । त्यसैले नै अखबारमा भाषण अर्थात् भन्नुभयो समाचारको बाहुल्यता रहेको हो ।
- भन्नुभयो समाचार बनाउंदा जुन प्रसंगमा जे भनिएको छ त्यही प्रसंग बुझेर समाचार सम्प्रेषण गर्नु एकातिरको चुनौती हो भने बक्ताले आफ्ना लागि भनेको विषय आम पाठकका लागि रुपान्तर गरी प्रस्तुत गर्नु उत्तिकै सीप र दक्षताको विषय हो । आम पाठक नेताका लामा भाषण सुनेर दिक्क छन् उनीहरुका कमजोरी पाएभने पढ्न चाहन्छन् तर नेता स्वयं आफ्नो कमजोर आफ्नै मुखबाट कसरी बक्छन् र बक्दैनन् । यस्तोमा समाचार संकलकले वक्ताको संभाषण मात्र प्रयोग नगरी विगतको पृष्ठभूमि र पूर्व बिरोधाभाषपूर्ण अभिव्यक्ति प्रस्तुत गर्न सके पठनीय समाचार लेखिनसक्छ ।

## एकाईः ९.१

शीर्षक विषयगत समाचार संकलन (Beat Reporting)

**शीर्षक परिचय**:

- समाचार संकलनका दैनिक हजारौं शीर्षकहरु देखिन सक्छन् । ती शीर्षकहरुलाई अर्थ, राजनीति, शिक्षा, अपराध

खेलकूद आदि ठूलो क्षेत्र समेट्ने गरी बर्गीकरण गरिन्छ। खास विषयका लागि खास व्यक्तिहरुलाई समाचार संकलनका लागि जिम्मा नदिने हो भने काममा दक्षता आउदैन, न त विषयको गहिराईसम्म पुग्न सकिन्छ। त्यसैले विषय तोकेर समाचार संकलन गर्न समाचारदाताहरुलाई निर्देशन दिइन्छ। यस व्यवस्थालाई नै विषयगत समाचार संकलन (Beat Reporting) भनिन्छ। बीट रिपोर्टिङ्ग गर्दा संवाददाताले आफ्नो पुरानो अनुभव रेकर्ड फायलको प्रयोग गर्ने भएकोले त्यसमा थप आकर्षणको संभावना रहन्छ।

**एकाईः ९.२**

शीर्षक औपचारिक तथा अनौपचारिक समाचार
(Hard News VS Soft News)

**शीर्षक परिचयः**

- हार्ड तथा सफ्ट वास्तवमा समाचार लेख्ने दुई शैलीहरु हुन्। औपचारिक प्रकृतिका समाचारमा हार्ड न्यूज स्टाइल प्रयोग गरिन्छ। उल्टो पिरामिडको शैलीमा लेखिने समाचार प्रायः हार्ड न्यूज नै हुन्छ।
- सफ्ट न्यूजमा अनौपचारिक शैली प्रयोग हुने भएकोले यसलाई कुनै पिरामिडमा कैद गर्न सकिन्न। लीड देखिनै स्वतन्त्र यो शैलीले पाठकलाई प्रभाव भने पारेकै हुनुपर्छ। मन छुने शैली समाचार लेखनको सफ्ट अर्थात् अनौपचारिक शैलीमै हुन्छ।
- दैनिक रुपमा प्राप्त समाचारमध्ये कुन समाचार कुन शैलीमा प्रस्तुत गर्ने भन्ने कुरा सम्पादक वा प्रमुख संवाददाताले निर्णय गरी समाचार संकलन गर्ने व्यक्तिलाई समाचार यो शैलीमा लेख्नुस् भन्न सक्छन् यसैगरी कतिपय अवस्थामा संवाददाता आफैंले एक शैली छनौट गरी समाचार तयार पारेर बुझाउन पनि सक्छन्।

**एकाईः ९.३**

शीर्षक प्रारम्भ (Lead/Intro)

**शीर्षक परिचयः**

१. प्रत्यक्ष प्रारम्भ (Direct Leads) र संक्षिप्त (Summery Lead)

२. अप्रतयक्ष प्रारम्भ (Delayed Lades) र संशोधित संक्षिप्त (midified lead)

**शेखन शैली/प्रस्तुतिको आधारमा**

१. सारांशात्मक (Summary Intro) घटना/विषयवस्तुको सारांश खिचेको। धेरैजसो प्रचलित। पढ्न बुझ्न सम्पादन गर्न सजिलो। प्रायः प्रत्यक्ष।

२. प्रश्न भएको (Question Intro) प्रश्न गरेर लेख्ने।

३. उद्धरणयुक्त (Quotation intro) कसैको भनाइबाट गर्ने शुरुवात।

४. बर्णन गरिएको (Descriptive Intro)

क्रमिक वर्णन वा व्याख्या गरेर गर्ने शुरुवात

५. भावकु (stacatto intro)

नेपालको राजनीति विवाद र कलहको अर्को नाम। फेरि अर्को विवाद।

६. सांकेतिक वा उपमा (Figurative Intro)

आगामी निर्वाचनको लागि टिकट वितरणले कांग्रेसमा भुईचालो ल्याएको छ ।

७. टङ्कारो (Bullet Intro)

कम्युनिष्ट पार्टी फेरि फेटेको छ ।

८. संवगाद (Dialogue Intro)
हामी घरफर्क भन्छौं माधव नेपाल । भत्किएको घरमा फर्किइन्नः । बामदेव गौतम ।

**एकाईः ९.४**
शीर्षकः शैली पुस्तिका (Style book for news media)

**शीर्षक परिचयः प्रकाशन गृह वा संस्थाद्वारा आफ्नो अखबारले अवलम्बन गर्ने लेखन तथा प्रस्तुतिको नमूना संग्रहलाई शैली पुस्तिका वा Style Book भनिन्छ । यसमाः**

– विज्ञापन र समाचारको प्रतिशत प्रायः ४० र ६० प्रतिशत तय गरिन्छ ।
– विज्ञापनको नीति निश्चित गर्ने (जस्तै समवेदनको विज्ञापन मृतकको मृत्युदर्ता प्रमाणपत्र हेरेर मात्र छाप्ने) ।
– बैकल्पिक शब्दको प्रयोग गर्न सकिने वैयकरणीय आधार देखिएमा अपनाउने निश्चित विधिको व्याख्या ।
– प्रथम पृष्ठको समाचार वा अन्य पृष्ठका लागि ब्यानर समाचार बनाउने आधार वा बक्स समाचारको प्रकृतिको व्याख्या ।
– प्रुफ रिडिङ्गका तरिकाको व्याख्या ।
– अंक अक्षरमा लेख्ने आधार (जस्तै ९ अंकसम्मअक्षरमा र त्यसपछि अंकमा) लेख्ने ।

**शैली पुस्तिकाको आधारमा**

१. प्रकाशन संस्थाको गरिमाको पहिचान ।

२. प्रकाशनमा एकरुपता ।

३. विवाद सिर्जना भएमा निर्णयमा पुग्ने आधार ।

**एकाईः ९.५**
शीर्षक अफ द रेकर्ड (Off the record)

**शीर्षक परिचयः**
– समाचारको स्रोत नखुलाउने वा समाचार नै नछाप्ने गरी प्राप्त जानकारीलाई अफ द रेकर्ड भनिन्छ । यसको परिपालन गर्नु पत्रकारको दायित्व मानिन्छ । एक व्यक्तिले अफ द रेकर्ड भने पनि अर्को व्यक्तिबाट अन रेकर्ड मी समाचार बाई पाठक प्रति न्याय गर्न सकिन्छ ।

## एकाई १०.१/२/३

**शीर्षक: समाचारको पेटबोली/सम्पादन/प्रभावकारी समाप्ति र पूर्ण समाचार** (body writing /Editing/scraping the tail, A complete News)

- समाचारलाई उल्टो पिरामिडमा ढालेर हेर्दा यसको अनुहार र शरीरको भाग प्रष्ट देखिन्छ ।
- समाचारमा यदि औपचारिक शैली अपनाइएको छ भने, कम महत्वका अंशहरु क्रमशः पछिल्ला अनुच्छेदहरुमा समाबेश भएका हुन्छन् ।
- समाचारमा ब्यक्त तथ्यहरु पूर्णतः परिस्कृत र परिक्षण गरिएका हुनुपर्छ ।
- समाचारमा A,B,C/S (Accurate, Balance, credibility/Simple) आदि तत्वहरु छन् छैनन् हेर्दुपर्छ ।
- Proximity का आधारमा समाचारलाई मह्त्व दिएको, आकार प्रदान गरिएको छ तैन दोहोऱ्याई हेर्नुपर्दछ ।
- समाचारको समाप्ति सार्थक र परिपूर्ण हुनु आवश्यक छ ।
- समाचारका स्रोत वा पाठकले यो पक्ष छुटेछ भनेर टिप्पणी गर्ने ठाउं पाउनु हुन्न ।
- समाचारमा ६ प्रकारको संभव भएसम्मको जवाफ खोतली खोतली निकालिएको हुनुपर्छ ।

## एकाई: ११.१

शीर्षकः उल्टो पिरामिडको विकल्प
(Alternative to inverted Pyramid)

**शीर्षक परिचय:**

- अनौपचारिक शैलीमा समाचार लेखिंदा उल्टो पिराडिमको सूत्र लागू नभएको हुनसन्छ ।
- राष्ट्रिय दैनिकका एंकर (Ancher) समाचारहरु प्रायः सबै नै उल्टो पिरामिडका वैकल्पिक उदाहरणहरु रहेका देखिन्छन् ।
- यस शैलीमा विषयवस्तुको प्रस्तुतिले पाठकमा उच्च प्रभाव पार्न सकोस् भन्ने पक्षँलाई प्रधानता दिइन्छ,लेखन शैली उल्टो पिरामिड भयो कि सुल्टो, हेरिंदैन ।

## एकाई ११.४ (११.२ र ११.३ प्रयोगात्मक विषय भएकोले म्यानुयल नबनाइएको)

शीर्षकः उपसम्पादकको भूमिका (Role of Sub- Editor)

**शीर्षक परिचय:**

- समपादक र मुद्रकाका बीचमा रहेर कार्य गर्ने त्यस्तो व्यक्ति जो संवाददाताहरुले तयार पारेको समाचार परिस्कृत बनाउने कार्य गर्दछ । तयस्तो व्यक्तिलाई उपसम्पादक भनिन्छ ।
- थमसनफाउण्डेशनको सम्पादकीय अध्ययन केन्द्रका विचारमा उपसम्पादकका कार्यहरु देहायबमोजिम छन् ।

१. मुद्रकलाई समाचार दिनुअघि दोहोऱ्याएर पढ्ने ।
२. तयारी सामग्री मुद्रक कहां पठाउने ।

३. समाचार अधिकतम प्रभावकारी होस् भन्नाका लागि सुझाव दिई संवाददातालाई थप मेहनत गराउने ।

४. समाचारमा शीर्षक दिने ।

५. फोटो विवरण लेख्ने ।

६. डमी बनाउने ।

७. आवश्यक पर्दा आफैं समाचार संकलन गर्ने ।

८. सम्पादकले अराएको कार्य गर्ने ।

९. समाचारको अंग पूरा गराउने ।

# द्वन्द्व संवेदनशिल पत्रकारिता तालिम

जोन किटिङ्ग, मिडिया एण्ड डेमोक्रेसी ग्रुप, क्यानडा

## द्वन्द्व संवेदनशिल पत्रकारिता तालिम

एउटा पत्रकारको हैसियतले हामीले सदैव द्वन्द्वको सामना गरिरहेका हुन्छौं । हामीले हाम्रा समाचारहरुमा हिंसात्मक द्वन्द जस्तै युद्ध र प्रदर्शनको संप्रेशण गर्छौं । हामी दिनहुँ जसो असहमती, जस्तै सरकारी विवाद छिमेकी बिचको द्वन्द र श्रमिक हड्तालको बारेमा लेखिरहेका हुन्छौं । हामी प्रायजसो एकपक्षिय समाचार संप्रेशण गरिरहेका हुन्छौं जस्तै कसैले एउटा पसलको चोरी गरेको अथवा कुनै व्यक्तिलाई आक्षप लगाएको ।

पत्रकारहरु परम्परागत रुपमा द्वन्दका समाचार लेख्न सक्रिय देखिन्छन् । समाचार माध्यम शान्तिपुर्ण प्रर्दशन भन्दा हिंसात्मक प्रर्दशन तर्फ बढी आर्कषित भएका हुन्छन् । हामी हाम्रा समाचारमा यस्ता शब्द लेख्न अभ्यस्त छौं । जसले द्वन्दलाई वास्तविकता भन्दा बढी नकारात्कम हुन्छन् । सामान्यतया हामीले द्वन्दलाई दुई पक्षबिचको टक्रावको रुपमा लिन्छौं । हामीले गहिरिएर द्वन्दलाई विश्लेषण नगरी सतही रुपमा मात्र संप्रेशण गरिरहेका छौं । हामीले हाम्रा समाचारहरुमा साधारणतया तथ्यांकहरु जस्तै कति घाइते, के भयो , कति जनाको मृत्यू भयो मात्र हुन गई जसमा हामी हाम्रो जिम्मेवारी यति मात्र सम्झी रहेका हुन्छौं ।

विगत केही वर्षदेखि, धेरै पत्रकारहरु द्वन्दलाई नयाँ ढङ्गबाट संप्रेशण गर्न थालिसकेका छन् । उनीहरुले द्वन्दलाई जे देखे सोही लेख्नुको सट्टा फरक ढङ्गले प्रस्तुत गर्ने गर्दछन् । तिनीहरु द्वन्दका कारण तत्वका बारेमा पनि अवलोकन गर्दछन् । अहिले उनीहरु महशुस गर्न थालेका छन् की द्वन्दका दुई वा सो भन्दा बढी पक्षहरु हुन्छन् जसका कारण द्वन्द भईरहेको हुन्छ । र उनीहरु आफ्ना प्रतिवेदन अथवा समाचारहरुमा द्वन्द समाधान कसरी हुन सक्छ भन्ने विकल्पहरु पनि प्रस्तुत गरिरहेका हुन्छन् ।"यहि नयाँ सोच र शैलीलाई नै द्वन्द संवेदनशिल पत्रकारिता भनेर भनिन्छ ।"

**परिभाषाः**
द्वन्द्व संवेदनशिल पत्रकारिता एउटा यस्तो अभ्यास हो जसका समाचार लेखन शैलीले द्वन्द्वलाई झनै खराब नबनाउन् यसले खुला र व्यापक ढङ्गबाट विकल्पहरुका खोजि गरिरहेको हुन्छ । दोषारोपण युक्त भाषाको सट्टा नयाँ तरिकाबाट द्वन्द्वलाई कसरी समाधानको बाटोमा लान सकिन्छ भन्ने विकल्प प्रस्तुत गर्दछ ।

द्वन्द्व संवेदनशिल पत्रकारिताले कहिलेकाँही द्वन्द्वका बारेमा सिकाउँछ । जस्तै द्वन्द कसरी शुरुवात हुन्छ, किन र कसरी अनि कसरी यसको अन्त्य हुन सक्छ । यसकारण पहिले द्वन्दका बारेमा र केही तथ्यहरुका बारेमा पत्ता लगाउँ ।


## द्वन्दको तथ्याङ्क

यदि तपाँईले आज मानिसहरुलाई सोध्नु भयो, के आज विश्व १५–२० वर्ष अगाडी भन्दा बढि हिंसात्मक छ भनेर भने धेरै जसो मानिसहरुले भन्ने छन् हो भनेर । अत : यो आश्चर्य हुन सक्छ कि आज विश्व ३० वर्ष अगाडी भन्दा शान्तिपूर्ण छ । यसलाई विश्वका विभिन्न अनुसन्धानात्मक प्रतिवेदनले जनाएको छ ।

स्वीडेनको अप्सला विश्वविद्यालय विश्वका सबैखाले विवाद र हिंसात्मक द्वन्दहरुलाई सन् १९४६ देखि २००९ सम्म अध्ययन गरेको छ । उनीहरुले विश्वको सशस्त्र द्वन्दहरुलाई विभिन्न श्रेणीमा बर्गिकरण गरेका छन् । ती मध्ये महत्वपूर्ण यस प्रकार छन् ।

- देशहरु बिचको द्वन्द ।
- राज्य पक्ष र विद्रोही बिचको युद्ध ।
- सरकार र विद्रोही बिचको युद्ध जो एक देश बाहेक अन्य देशहरुमा पनि संलग्न छन् । जसको ज्वलन्त उदाहरण अफगानस्थानको द्वन्द हो ।

तलको तालिकाले देखाउँछ कि देश देश बिचको द्वन्द सबै ठाउँमा भएतापनि यो लोपोन्मुख अवस्थामा छ। राज्य तथा विद्रोही पक्षहरु बिचको युद्ध १९९२ तिर चरमचुलीमा रहेको थियो तापनि अघिल्ला सताब्दीकोहरुको तुलनामा कमै देखिएको छ। सिमापार  विद्रोहको अवस्था पनि अघिल्ला सताब्दी भन्दा कमै रहेको पाइन्छ।




**अप्साला विश्व विद्यालयले** युद्ध मैदानमा मृत्यू हुनेहरुको सख्या पनि निकै घटेको पत्ता लगाएको छ। २००५ सम्म युद्ध मैदानमा मृत्यू हुनेहरुको  सख्या  दोस्रो विश्व युद्ध बखतका मृत्यू भन्दा  निकै कम थियो। यसकारण किन मानिसहरु हिंसा र युद्धको समयबाट गुज्रिरहेको अनुभव गर्छन ? त्यसै संचार माध्यमहरुले यस सोचलाई गम्भीर रुपमा लिनु पर्छ। हामीले हाम्रा समाचारमा खराव हिंसालाई अनावश्यक व्याख्या र विश्लेषण गर्ने प्रभावलाई सुधार गर्न जरुरी छ।

## द्वन्दका कारक तत्वहरु

द्वन्द एउटा यस्तो अवस्था हो जो दुई वा दुई भन्दा बढी पक्षहरु उनीहरुका उद्देश्य र लक्ष्यहरु हासिल गर्न अध्ययनरत हुन्छन् , जसलाई उनीहरुको विचारमा आपसमा बाँडचुड गर्न सक्दैनन्। द्वन्दका विषयमा अध्ययन र अनुसन्धान गरेका विशेषज्ञहरुले यसका उत्पतिका प्रमुख कारणहरु निम्न उल्लेख गरेका छन् :–

- जातिय समुह तथा धर्मका बिच मत भिन्नता।
- राजनैतिक मत भिन्नता।
- श्रोत र साधनको असमान वितरण। जस्तै : विद्युत् , पानी, तेल अथवा आर्थिक वस्तु।
- शक्तीको असमान वितरण।

यदि मानिसलाई माथिका कारक  तत्व मध्ये कुन कारक तत्व महत्वपूर्ण हुन सक्छन् भनेर सोधियो भने सबैको जवाफ माथिका शुरुवात दुई जातीय र राजनैतिक मतभिन्नता भन्ने हुनेछ। तर अध्ययन  र अनुसन्धानले यो प्रमाणित गरेका छन् कि संसार भरिका द्वन्द माथि उल्लेख गरिएका अन्तिम दुई कारक तत्व : श्रोत, साधन र शक्तीको असमान वितरण नै मुख्य कारक हुन्।

यदी हामीले यो कुरालाई बुझ्यौं भने हामी हाम्रा समाचार संप्रेशण शैलीलाई परिवर्तन गर्न सकिन्छ । हामीले हाम्रा पाठक तथा श्रोताहरुलाई द्धन्द के हो के का बारेमा भइरहेको छ भन्ने बुझाउन सकिन्छ । जसले समाधानलाई नेतृत्व गर्न सक्छ । यदि जातिय कारणले युद्ध अथवा द्धन्द भईरहेको छ भने त्यस माथि कसैले केही गर्न सक्दैन । जनताले तीनीहरुको जातिय परिचयलाई परिवर्तन गर्न सक्दैनन् । यदि लडाई साच्चिकै खानेपानी श्रोतका लागि भएको हो भने उदाहरणका लागि यहाँ पर्याप्त समाधानका उपायहरु हुन सक्छन् जस्तै : दातृ संस्थाको सहयोगमा कुवाहरुको निर्माण तथा गाउँमा टंयाकरहरु मार्फत पानीको आपूर्ति गर्न सकिन्छ ।

नेपालमा पत्रकारको हैसियतले तपाँई हिंसालाई वढावा दिन चाहनु हुन्न तर तपाँइको जिम्मेवारी तपाँइको देशमा भइरहेको हिंसाको वर्णन गर्नु पनि हो । जसले गर्दा तपाँईका श्रोता तथा पाठक हिंसा अथवा द्धन्दका कारण र मागहरु बारेमा जानकारी पाएमा उनीहरु आफ्ना राजनैतिक नेतृत्वका बारेमा अगाडी सोच्न सक्छन् ।

### द्धन्द समाधान

द्धन्दका बारेमा अध्ययन अनुसन्धान गर्नेहरुले पत्ता लगाएका छन् कि द्धन्दको अन्त्य हुन सक्छ । यी उल्लेख गरिएका कुराहरुलाई रस हर्वाडको द्धन्द संवेदनशिल पत्रकारिता : एउटा हाते किताब बाट उदृत गरिएको छ । जो मिडिया एण्ड डेमोक्रेसी ग्रुप क्यानडाका अध्यक्ष हुन् । यसलाई अर्न्तराष्ट्रिय संचार सहयोग भन्ने संस्थाले प्रकाशन गरेको हो ।

एउटा यस्तो काल्पनिक द्धन्दका बारे विचार गर्नुहोस । दुई समुह सुन्तलाका लागि झगडा गर्दछन् । सुन्तलाको रुख एउटाको जग्गामा छ तर सुन्तला भने अर्काको जग्गामा पुगेको हाँगामा फलिरहेको छ । दुवै समुह सुन्तलाको त्यो एउटा दाना चाहन्छन् । अब : त्यो द्धन्द अन्त्य हुने कम्तिमा चारवटा विकल्पहरु छन् ।

जो यसप्रकार छन् :-

१. एउटा समुह विजय हुने

- क) ती दुई समुहरु आपसमा हिंसात्मक ढङ्गले लडाई गर्दछन् र बलियोले सुन्तला जित्छ । हार्ने रिसाउँछ र बदला लिन चाहन्छ ।
- ख) एउटा न्यायधिसले एउटा समुहको पक्षमा विवादको छिनोफानो गर्दछ तर न्यायधिस भ्रष्ट हुन सक्छ, न्याय ढिलो र खर्चिलो हुन सक्छ । हार्ने समुह असन्तुष्ट हुन सक्छ ।
- ग) क्षतिपूर्ति : एउटा समुहले अर्को पक्षलाई रकम तिर्छ र सुन्तला आफूसित राख्दछ । तर यो खर्चिलो पनि हुन सक्छ ।

२. वापसी

- क) एउटा वा दुवै समुह पछि सर्दछन् । तर विवाद समाधान भएको छैन र दुवै पक्ष असन्तुष्ट छन् ।
- ख) एउटा समुहले सुन्तलालाई नष्ट गर्दछ वा अरुलाई दिन्छ । सुन्तला नष्ट गर्दा हिंसा हुन सक्छ अनि, दुवै समुहले सुन्तलालाई गुमाउँछन् ।
- ग) दुवै समुह केही गर्दैनन् तर त्यो बहुमुल्य सुन्तला कुहिएर जान्छ र दुवै समुहले त्यसलाई गुमाउँछन् ।

३. सम्झौता

- क) सुन्तला काट्नोस, जसबाट प्रत्येक समुहले त्यसको केही भाग पाउनेछन् ।
- ख) सुन्तलाई छोडाउनुहोस अनि प्रत्येक समुहले पालैपालो टुक्रा टुक्रा लिनेछन् । अब यो सुन्तला बेग्लै साधन हुन

सक्छ जसलाई बरावर रुपमा नभएपनि दुवै समुहलाई सन्तुष्टि दिने गरि बाँडचुड गर्न सकिन्छ ।

ग) सुन्तलाई रसको रुपमा निचोर्नुहोस । सुन्तलालाई हेर्ने यो बेग्लै तरिका हो अब वेग्लै मुल्यको साधन बन्दछ । यस रस लाई साहेद असमान रुपम पनि भाग लगाउन सकिन्छ तर दुवै समुहलाई सन्तोष हुने गरी ।

४. सर्वोपरिता : द्धन्दको साँचो समाधान

क) सुन्तलाको चासोमा धेरै मान्छेको दावी अघि सार्ने जसबाट पुरा सन्तला माथि कुनै समुहको हक हुने छैन । ती द्धन्दमा संलग्न दुई समुहका स्थानिय छिमेकीहरुले त्यो सुन्तला समुदायको साधन हो भनेर निर्णय गर्न सक्नेछन् र उनीहरुले दुवै समुहलाई हिंसा विना द्धन्दको समाधान गर्न प्रोत्साहित गर्न सक्नेछन् ।

ख) अर्को सुन्तला लिनोस् । छिमेकीहरुको समुदाय, हाट बजार वा विश्वमा जान्छ र प्रशस्त सुन्तला भएको मान्छेलाई फेला पार्छ, उसले त्यसलाई दुई समुह सित बाँडचुड गरेर द्धन्दलाई सहज पार्न सक्छ ।

ग) दुई समुहहरु सायद समुदायबाट प्रोत्साहन पाएर सुन्तलाको केक बनाउँदछन् र त्यसलाई बजारमा लगेर बेच्न र त्यसबाट आएको रकमलाई आपसमा बाँड्न सहमत हुन्छन् । सुन्तलालाई अब बेग्लै ढङ्गले हेरिन्छ । यो यस्तो श्रोत बन्दछ जसबाट ती समुहहरुले फाइदा उठाउँछन् ।

घ) ती दुई समुहले सुन्तलाको बिउ रोपेर सुन्तलाको बगैंचा बनाउँदछन्, अनि ती समुहहरुका ठुला समुदायमा प्रतिष्ठित सुन्तला विक्रेता बन्दछन् । यो एउटा चित्त बुभ्fदो समाधान हो ।

## द्धन्द संवेदनशिल पत्रकारिताको अभ्यास : आधारहरु

अत : हामीले द्धन्द संवेदनशिल पत्रकारिताको महत्वपूर्ण विषयवस्तु देखिसकेका छौं जसमा द्धन्द के हो र द्धन्दका कारक तत्वहरुका बारेमा बुझिसकेका छौं । अर्को बराबर महत्वको विषय दिगो र असल पत्रकारिता स्तरीय पत्रकारिता निम्न उल्लेखित नियम विना द्धन्द संवेदनशिल पत्रकारिता गर्न असम्भव नै हुन्छ । उदाहरणका लागि तपाँईले लेखेको समाचारमा विद्रोही समुहले धेरै बच्चा बच्चीको हत्या गरे जुन कुरा तपाँईको समाचार गलत सावित भयो, यस समाचारका कारण समुदायमा अवस्था नराम्ररी प्रभावित हुन पुग्यो । अत : यहाँ असल पत्रकारिताका लागि चारवटा मुख्य सिद्धान्तहरु छोटकरीमा चर्चा गरिएको छ । यो मुख्य सिद्धान्तहरुलाई द्धन्द संवेलनशिल पत्रकारिताको हाते किताबबाट उल्लेख गरिएको छ ।

### तथ्यपरक

जे कुरा समाचारको रुपमा प्रस्तुत गरिन्छ, त्यसमा परेको प्रत्येक बुँदा सहि र शुद्ध हुनु पर्दछ । जस्तो नामको वर्णविन्यास, घटनाका तथ्यहरु र भनिएका कुराहरुको सोझो अर्थ हुनु पर्छ । असल पत्रकारहरुले समाचार तयार गर्नु अघि सहि तथ्य र प्रमाण खोज्दछन् । समाचार संकलनको क्रममा पत्रकारले आफुलाई आफैंलाई सोध्नु पर्दछ कि किन यो व्यक्तिले यो सूचना दिइरहेकोछ । प्रायजसो राजनितिक कर्मी संचारकर्मीलाई सूचना दिनन्छन् किनकी उनीहरु पत्रकारहरुलाई प्रयोग गर्न चाहन्छन् । समाचारलाई माध्यम बनाउन चाहन्छन् ।

### निष्पक्षता

एउटा असल पत्रकारले आफ्ना समाचार सदैव यस्तो संकलन गर्न चाहन्छ जसले सबै पक्षको सन्तुलन कायम गर्न सकोस । सन्तुलन मिलाउनका लागि समाचारमा दुवै पक्षका कथाहरु समावेश भएको हुनु पर्दछ । नागरिकहरुले जहिलेपनि अर्को पक्षको भनाई के रहेछ भनेर बुझ्नु र त्यसबाट आफूमाथि कस्तो प्रभाव पर्दछ भनेर जान्नु आवश्यक छ । हरेक समाचार सुद्धता जतिकै सन्तुलनको पनि महत्व रहन्छ कुनै एक पक्षको मात्र समाचार दिने पत्रकारसित मानिसहरु कुरा गर्न चाहदैनन् ।

## जिम्मेवारी

जसको समाचार बनाइएको हुन्छ वा जसका लागि समाचार बनाइएको हुन्छ ती प्रति पत्रकारको जिम्मेवारी हुन्छ । पत्रकारहरु सँग आफुलाई सूचना दिने श्रोतहरुको बचाउ गर्ने जिम्मेवारी पनि हुन्छ । धेरै मानिसहरु आफ्नो नाम खुल्ने डरले महत्वपूर्ण सूचना दिन डराउँछन् । असल पत्रकारले समचार संकलन गर्दा इमान्दार विधि र तरिका अपनाउछन् । यसको अर्थ उनीहरुले कानूनको उलंघन गरेका हुँदैनन् ।

## हानी रहित

पत्रकारले सदैव आफ्ना समाचारका हानी गर्न सक्ने कारकहरुको विचार पुर्‍याउनुपर्छ । पत्रकारले यी नियमलाई सदैव हेक्का राख्नुपर्छ कि राम्राका लागि बनाएको समाचार नराम्रो अवस्थाको कारक नबनोस । अर्को अर्थमा तपाँईका समाचारका केही अंशले अवस्थालाई धेरै खराव बनाउँछ भने पत्रकारले एकपटक आफैंले सोच्नु पर्छ संवेदनशिल अंकहरुलाई हटाउनेकी भनेर ।

यहाँ एउटा उदाहरण प्रस्तुत छ, मानौ एउटा कुनै गैरसरकारी संस्थाले विद्रोह चलिरहेको ठाउँमा द्धन्द टुहुरा बालवालिकाका लागि एउटा बालगृहको स्थापना गर्दछ । उक्त बालगृह विद्रोही नियत्रित इलाकामा स्थापना गरिएको छ । तपाँई पत्रकारका हैसियतले त्यहाँ समाचार लेखिरहेका बेला तपाँइले थाहा पाउनुभयो कि उक्त गैरसरकारी संस्थाले विद्रोहीका हातहतियार राख्नका लागि उक्त बालगृहमा अनुमति दिएको थियो । उक्त स्थानमा राखिएका हतियारले थुप्रै सरकारी सेनाहरुको मृत्यूका लागि जिम्मेवार थियो । तर यदि तपाँइले समाचार लेख्नुभयो भने एकातिर सरकारले उक्त बालगृह बन्द गर्नेछ भने अर्कोतिर विद्रोहीले त्यसको बदला लिन सक्छ । यदि यस्तो अवस्थामा तपाँई के गर्नु हुन्छ ?यसका लागि खास कुनै उत्तर छैन ।  यसका लागि तपाँईमा निर्भर पर्दछ । तपाँइले अवस्थालाई कसरी नियाल्नु भयो । तर सदैव ख्याल गर्नुहोस कि अवस्थालाई कसरी कम भन्दा कम खराब हुन बाट बचाउने । साहेद तपाँईको विचारमा बालगृहलाई निरन्तरता दिनु भन्दा सरकारी सेनाहरुको ज्यान रक्षा गर्न महत्वपूर्ण हुन सक्छ । यस्तो अवस्थामा तपाँईले समाचार संप्रेशण गर्न सक्नु हुन्छ । तर तपाँईले विचार गर्नु भयो की बालगृह त्यहाँका लागि निकै महत्वपूर्ण छ भने तपाँईले यो समाचारलाई नलेख्ने निर्णय पनि गर्न सक्नु हुनेछ । अर्को बाटो तपाँईको आत्माले सोच्नु जरुरी छ कि यदि तपाँईको समाचारले धेरै राम्रो र कम हानी पुर्‍याउने हुनु पर्दछ ।

सबै पत्रकारहरुले माथिका चार आधारभूत पत्रकारका व्यवहारमा पूर्ण सहमत भएपनि सदैव यी कुराहरु लागु गर्न कठिनाई भइरहेको हुन्छ । कहिलेकाँही हाम्रा सम्पादन तथा संचार गृहबाट हाम्रा सिद्धान्तका विरुद्धमा हुने गर्दछ । तर जे भएपनि तपाँई आफ्नो पेशा र मर्यादा विरुद्धका क्रियाकलापलाई इन्कार गर्दै जानुहोस ।

सम्पादक तथा संचार गृहले के भन्छ भन्दा पनि तपाँईले आफुलाई पत्रकारिता सिद्धान्त र मर्यादालाई सदैव ध्यान दिनु पर्दछ । यदि तपाँइले आफ्नो पेशालाई पेशाको मर्यादाको अनुरुप अगाडी बढाउँदै लैजानु भयो भने तपाँईले एक न एक दिन अवस्थालाई सुधार तर्फ लान सक्नु हुनेछ । जब तपाँईको असल पत्रकारिताको प्रकाशन अनि विद्युतिय माध्यमबाट आउनेछ ।

## अनावश्यक खतरा नमोल्नुहोस

आधारभूत पत्रकारिताको सिद्धान्तलाई तपाँईले अपनाउन आवश्यक छ र तपाँईलाई  समुदायको अन्यायको बारेमा पनि लेख्नु छ । तर तपाँईले यो विषयमा लेख्दा तपाँईमाथि हानि हुने अवथा ज्यान सम्म लिन सक्ने धम्कि सम्म आयो भने तपाँइले यस्ता विषयवस्तु लेख्न छाडेर तपाँइलाई कम समस्या हुने विषयवस्तु खोज्न आवश्यक हुन्छ ।

## द्वन्द संवेदनशिल पत्रकारिताका सिद्धान्त

हामीले यस अगाडी चर्चा गरि सकेका छौं । द्वन्द संवेदशिल पत्रकारिता भनेको द्वन्दलाई बुझ्ने र आधारभूत पत्रकारिताका सिद्धान्तलाई पालना गर्ने पत्रकारिता गर्ने । यहाँ केही अन्य महत्वपूर्ण कुराहरु प्रस्तुत गरिएका छन् जो द्वन्द संवेदनशिल पत्रकारिता पालना गर्न प्रयास गरिनु पर्छ । यिनीहरुलाई द्वन्द संवेदनशिल पत्रकारिता हाते किताबबाट प्रस्तुत गरिएको हो ।

१. समाचारलाई सतहिरुपका तथ्यहरुलाई मात्र समाचार प्रस्तुत गर्नु हुँदैन । द्वन्दलाई विभिन्न दृष्टिकोण बाट व्याख्या गरिनु पर्छ जसले नागरिकहरुलाई यसको बारे राम्रो सँग बुझ्नलाई मद्दत गर्दछ । समाचारमा विष्फोटन र राजनैतिक दलका नेताहरुले भनेका कुराहरुलाई मात्र नदोहोऱ्याएर यसले सर्वसाधारण जनतालाई कस्तो प्रभाव पारेको छ भन्ने कुरा पनि प्रस्तुत गर्नु पर्दछ । समाचारमा द्वन्दलाई अन्त्य गर्ने प्रयासहरु तथा विकल्पहरुलाई पनि प्रस्तुत गर्नु पर्दछ ।

२. द्वन्दलाई दुई परस्पर विरोधी खेमा बिचको कलर भनेर समाचार प्रस्तुत गर्ने प्रभावित हुने अन्य समुहहरुको पत्तालगाउने र उनीहरुको कथा समस्या, विचार र लक्ष्य बारे पनि जानकारी गराउने । बन्द, हडतालका घटनाबाट प्रभावित व्यापारीको अर्न्तवार्ता प्रस्तुत गर्ने । काम गर्न नपाएका श्रमिकलाई भेट्नुहोस, गाउँघरमा शान्ति भएको हेर्न चाहने विस्थापितहरुको आवाज सुन्नुहोस ।

३. सदैव एक पक्ष नेताका आवाज र उही मागलाईमात्र उदृत नगरी समाचारलाई फराकिलो ढङ्गले नागरिक आवाजहरुलाई पनि समावेश गरि उनीहरुको प्रक्रियालाई सार्वजनिक गर्ने ।

४. समाचारलाई द्वन्दरत पक्षलाई अझबढी विभाजित गर्ने गरि प्रस्तुत नगर्ने । सबै पक्षलाई समानरुपमा प्रश्न सोध्ने जसमा दुवैका कुनै साझा मुद्दाहरुलाई प्रस्तुत गर्नुहोस जो उनीहरु साझा उद्देश्य र चाहना साटा साटासाट हुन सक्छन् ।

५. सधै जसो एकै पक्षका भय र पिडाहरुलाई मात्र प्रस्तुत नगर्नुहोस । सबै पक्षका पिडा र कष्टहरुलाई समान रुपमा चर्चामा ल्याउने शैलीलाई स्थान दिनुहोस ।

६. आश्चर्यचकित, ह्रदय विदारक र आतंकित जस्ता शब्दलाई प्रयोग नगर्नुहोस जो एउटा समूहले प्रयोग गरिरहेको छ । यस्ता शब्दहरुलाई पत्रकार आफैंले प्रयोग गर्नु हुँदैन । यदि कुनै पनि पक्षले यस्ता शब्द प्रयोग गरेको छ भनेमात्र उनीहरुको हकवाला दिदैं लेख्न सकिन्छ ।

७. भावुक र अधुरा शब्दहरुलाई प्रयोग नगर्नुहोस राजनितिक उद्देश्यमा राखेर गरिएको राष्ट्र प्रमुखको हत्या र अपराधिक उद्देश्यका साथ गरिएको हत्या शब्दको बिच फरक छ । धेरैलाई एकपटक मार्ने आत्म हत्या (Massacre) हो । यसको प्रयोग गैर सैनिक मारिएको जनाउँछ यदि एकै पटक धेरै सैनिक र प्रहरी मारिए भने यसलाई आत्महत्या (Massacre) भन्न मिल्दैन पिडालाई कम आंकलन गर्ने होइन कि खाली शब्द चयनमा होशियारी पुऱ्याउनु महत्वपूर्ण कुरा हो ।

८. आतंकवादी, अतिवादी र उग्रवादी शब्दहरुलाई टाढै राख्नुहोस । यस्ता शब्दले पक्षलिन खोजेको देखाउँछ र अर्को पक्ष सम्म सम्झौता पुग्न कठिनाई पुऱ्याउँछ भन्ने अर्थ राख्दछ । समुहहरु जुन नामबाट चिनिइएका छन् त्यही नाम प्रयोग गर्नु पर्दछ ।

९. कुनै व्यक्ति विशेषको विचारलाई तथ्यको रुपमा प्रस्तुत नगरौं कसैको दावीमा उसको नाम उल्लेख गरिदिअऔं जसले गर्दा तपाँईको तथ्य जस्तो नदेखियोस ।

१०. कुनै पनि पक्षको नेताहरुले समस्याको समाधान गर्नेछन् भनेर पर्खि नबसौं । शान्तिका पक्षमा आएका सबै पक्षका आवाजहरुलाई समेटौं । यस्ता आवाज र विचारहरुलाई उनीहरु समक्ष प्रस्तुत गरौं र उनीहरुको प्रतिक्रिया मागौं ।

११. वर्ण र धर्महरुको कुराहरुलाई समाचारमा जोड नदिनुहोस जबसम्म तपाँईको समाचारलाई यी कुराहरुको अतिआवश्यक

छ द्वन्दलाई सतहिरुपमा हेर्दा सजिलै त्यो एक जाति र अर्को जाति विरुद्ध देखिए पनि भित्रि रुपमा यो श्रोत र साधनको असमान वितरणका विरुद्ध पनि हुन सक्छ ।

**द्वन्द संवेदनशिल पत्रकारिताका उदाहरणहरु:**
यहाँ एउटा समाचार प्रस्तुत गरिएको छ जसमा परम्परागत शैली र द्वन्द संवेदनशिल लेखन शैली र द्वन्द संवेदनशिल लेखन शैली बिच भिन्नता देखाइएको छ ।

**परम्परागत समाचारको शैली :**

सरकारी अधिकारीका अनुसार हिजो अलवर्टन स्थित शरणार्थी शिविरमा बम विष्फोटमा ३० जना भन्दा बढीको ज्यान गएको छ। घटनामा दर्जनौ निर्दोष महिला र बालबालिका हताहत भएको समाचार छ। सरकारले आतंककारी धार्मिक समुह अलवर्टन लडाकु दस्तालाई यसको आरोप लगाएको छ । वोलान जातिका जनताहरु सरकार विरुद्ध विगत देखि लडिरहेका छन् । एक सरकारी अधिकारीका अनुसार , यो हिंस्रक आक्रमणले आगामी महिनामा हुन गईरहेको शान्ति वार्ता भंग हुन सक्छ । विगत १८ महिनाको अलवर्टन लडाकूको आतंकी अभियानबाट १५० भन्दा बढीको ज्यान गई सकेको छ ।

**द्वन्द संवेलनशिल शैलिको समाचार :**

हिजो भएको अलवर्टन शरणार्थी शिविरमा भएको विष्फोटनमा कम्तिमा २० जनाको मृत्यू भएको प्रहरी र प्रत्यक्षदर्शीले जनाएका छन् । उक्त घटनामा एक दर्जन भन्दा बढी घाइते भएको जनाइएको छ। तर लडाकू समुहका प्रवक्ता जोन किटिङले टेलिफोन अर्न्तवार्तामा बताएका छन् की त्यस घटनामा उनीहरुको कुनै संलग्न रहेको छैन ।

शरणार्थी शिविर नेता शुसन नोयकका अनुसार उक्त विष्फोटन एउटा खाना पकाउने ग्यास बोकेको ट्रकमा भएको विश्वास गरिएको छ । अलवर्टन विश्वविद्यालयको प्रोफेसर शुसन स्मिथले विद्रोहका बारे अध्ययन गरेकी छन् । उनी भन्छिन् कि अलवर्टन समुह भूमि हिन अल्प संख्यक वालनका जनताहरुलाई भूमि सुधार मार्फत उनीहरु आफ्नो भूमि बनाउने अभियानमा आवाज उठाइरहेका छन् । समस्या समाधानका लागि आगामी महिना हुने शान्तिवार्तामा यसका बारेमा छलफल हुन सक्नेछ । विगत १८ महिनाको द्वन्दमा ५० विद्रोही लगायत १५० सर्वसाधारणले ज्यान गुमाइ सकेका छन् ।

**दुई समाचार बिचका भिन्नता हेरौं**

- परम्परागत समाचार शैलिमा धेरै भन्दा धेरै विवादास्पद शब्दहरु प्रयोग भएका छन् । जस्तै निर्दोष महिला र बालवालिका, आतंककारी, धार्मिक समुह, हिंस्रक आक्रमण र आतंकी अभियान । द्वन्द संवेलनशिल शैलिमा यी सबै शब्दहरुलाई प्रयोग गरिएको हुँदैन ।
- परम्परागत शैलिमा सरकारी दावीलाई मात्र समाचारमा प्रस्तुत गरिएको हुन्छ भने द्वन्द संवेलनशिल समाचार शैलिमा धेरै पक्षका विचारहरुलाई समावेश गरिएको हुन्छ। जस्तै उक्त द्वन्द संवेलनशिल समाचार शैलिमा लडाकूका प्रवक्ता, विश्व विद्यालयका प्रोफेसर र शरणार्थी शिविरका नेताको विचारमा पनि समावेश गरिएको छ।
- परम्परागत समाचार शैलिमा सूचना प्रदान गर्ने सरकारी अधिकारीको नाम उल्लेख गरिएको छैन । जसले ३० जनाको मृत्यू भएको सूचना दिएका थिए। द्वन्द संवेदनशिल शैलिमा प्रत्यक्षदर्शी सँग कुरा गरेर मृत्यूको संख्यालाई एकिन सख्यामा राखेको छ ।
- परम्परागत समाचार शैलिमा जातिय द्वन्दलाई प्रमुखता दिइएको छ भने द्वन्द संवेलनशिल शैलिले द्वन्दको कारक

तत्वलाई प्रष्ट पारेको छ । जस्तै भूमि माथिको असमानता ।

- किनभने द्वन्द संवेलनशिल पत्रकारितामा खुलारुपमा धेरै पक्षसँग विषयवस्तुका बारेमा छलफल गरिएको हुँन्छ । उक्त समाचारमा महत्पूर्ण सूचना खाना पकाउने ग्यास बोकेको ट्रक र त्यो बम विष्फोटन नभई सोही कारण पछाडी ग्यास ट्रक बिष्फोटन भएको हुन सक्छ ।
- द्वन्द संवेलनशिल शैलिले द्वन्द समाधानका विकल्पहरुपनि प्रस्तुत गरिरहेको हुन्छ भने परम्परागत शैलिमा त्यही सरकारी अधिकारीको श्रोतलाई दोहोर्‍याई रहेको हुन्छ जसले शान्ति प्रक्रियालाई नकारात्मक तिर लैजान्छ ।
- परम्परागत शैलिले विद्राही पक्षलाई द्वन्दले असर पारेको छ भन्ने कुरा उल्लेख गरेको हुँदैन ।
- अब तपाँई आफै द्वन्द संवेलनशिल समाचार लेख्न प्रयास गर्नुहोस । पहिले तल लेखिएको समाचार पठ्नुहोस जो परम्परागत शैलिमा लेखिएको छ ।

*देशमा चलिरहेको जातिय युद्धकै क्रममा हिजो रातिको सिनेमा हलमा भएको आत्महत्यामा एक ११ वर्षिय वाना युवती सहित ३ जनाको मृत्यू भएको छ । प्रहरीका अनुसार अन्दाजी १५ जना वोलो जातिका पुरुषहरुले तोडफोड गर्दै गोली चलाएको थिए । त्यस मध्ये चार जना पक्राउ परेका छन् भने् बाँकि भागेका छन् । यो अर्थहिन आत्महत्या भर्खरै वोलो आतंककारी द्धारा गरिएको नरसंहारको निरन्तरता हो प्रहरीले भन्यो । क्लाइड लोन वाना संस्थाका प्रमुख भन्छन् "यसले देखाउँछ कि आतंककारीबाट केही पनि सुरक्षित छैन जसले बोलीलाई समर्थन गर्दछ ।"*

*"यो एउटा अत्यन्तै दुःखघटना हो वानाहरुका लागि" एक क्षेत्रिय गर्भनर जोन किटिङले भने "घटनामा मृत्यू भएका परिवारहरुका लागि मेरो हार्दिक समवेदना छ । " तर अन्यहरुले भनेका छन् हत्यारा विरुद्ध तत्काल कारवाहि हनुपर्छ । यी हत्याराहरुलाई जरै देहि समाप्त पारिनेछ एक वाना महिलाले भनिन् । यसै क्रममा उनले भनिन् उनीहरुले एक बालिकालाइ मारेका छन् अब उनीहरुले कसलाई मार्छन् ?*

- एउटा संवेदशिल पत्रकार सँग पनि त्यहि सूचना छ तर उसले अरु थप प्रश्न तथा तथ्यहरु पत्ता लगाउँछ । जो यस प्रकार हुन सक्छ ।
  - के ती चार जना पक्राउ परेका वोलोहरु यस अघिका लुटपाट र हात हतियार अपराधमा संलग्न थिए ।
  - प्रहरीले दोष लगाएको छ कि ती चार पक्राउ परेकाहरुले सिनेमा हलबाट हजारौं डलर लुटपाट गरेका छन् ।
  - ३ जना वोलो जातिका सदस्य पनि उक्त सिनेमा हेरिरहेका बेला घाइते भएका छन् ।
  - सरकारका क्षेत्रिय अधिकारीले यो पनि भनेका थिए की "आशा छ प्रहरीले समुदाय थप समस्या हुनु अगाडी नै ती थप अपराधिहरुलाई पक्रन सक्नेछ ।"

अब यी सूचना समेतलाई समावेश गरेर द्वन्द संवेलनशिल शैलिमा समाचार लेखौं । याद राख्नोस, उक्त हिंसालाई यस समाचारमा हटाउनु हुँदैन । तर तपाँइले निष्पक्ष रुपमा सूचाना उल्लेख गर्नु पर्दछ र विवादित शब्दलाई राख्नु हुँदैन । जब तपाँइले समाचार तयार गरिसक्नु हुन्छ यी तलका उल्लेख गरिएका सुझावहरुसँग तुलना गर्नुहोस ।

**सुझाव**

यो समाचार लेख्नका लागि कुनै एउटा सजिलो बाटो छैन । तर यहाँ एउटा संभावना भनेको यो समाचारलाई परम्परागत शैलिमा लेखिएको भन्दा केही द्वन्द संवेलनशिल बनाउन सकिन्छ । अब हेर्नुहोस र तुलना गर्नुहोस तपाँईले तयार पारेको समाचार र यहाँ उल्लेख गरिएका सुझावहरु :–

हिजो राति सिनेमा हलमा लुटेराहरुको आक्रमणमा ३ जना सहित एक ११ वर्षिय बालिकाको मृत्यू भएको छ। अन्दाजी १५ जनाको अपराधिक समुहले झ्याल ढोका तोडफोड गर्दै गोलि चलाएको प्रहरीले जनाएको छ । जसमध्ये चार जनालाई पक्राउ गरेको छ भने अन्य भागेका छन् । प्रहरीले भनेको छ यी चार  जनाको यस अघि नै अपराधिक रेकर्ड रहेको जसले सिनेमाको व्यापारिक केन्द्रबाट हजारौं नगद लुटपाट गरेको छन् । की "मलाई आशा छ समुदायमा थप समस्या हुनु अघि बाँकि अपराधिहरुलाई पक्रन प्रहरी छिट्टै परिचालन हुनेछ।" एक क्षेत्रिय अधिकारीले भन्नु भयो उहाँले मृत्यू भएका परिवारहरुलाई हार्दिक समवेलना पनि व्यक्त गर्नुभयो ।

ध्यान दिनुहोस, माथिको शैलिमा भावनात्मक तथा उत्तेजित शब्दहरुलाई प्रयोग गरिएको छैन । जस्तै आत्महत्या, हत्यारा जसले जातिय द्वन्दलाई अझबढी बढाउनबाट जोगाउँछ।  र यसले अन्य मानिसहरुको अवस्थालाई अझबढी हिंसात्मक बनाउनबाट बचाउँछ । तपाँइले दुवै पक्षको द्वन्दको वारेमा लेख्न सकिन्छ  जसमा द्वन्दको कारक तत्व जातिय कारण नभएर   श्रोत साधनको तथा समान वितरणको लागि हुनसक्छ ।

### शान्ति संयन्त्र

द्वन्द्व व्यवस्थापन गर्ने केही  उपायहरुका बारेमा हामीले पहिले चर्चा गरिसकेका छौ । तपाईको देशमा द्वन्द्व व्यवस्थापनमा सहयोग पुऱ्याउने केही संस्था तथा निकाय र विधिलाई एकपटक नियालौ ।

### न्यायालय (अदालत)

द्वन्द्वलाई सधैभरी लडाई/झगडाको रूपमा मात्र नहेरी कानुनी मुद्दा को रूपमा पनि हेरिनु पर्छ । यस्ता अवस्थामा अदालतले सबै तहबाट आ–आफ्नो भुमिका  निर्वाह गर्नसक्दछन् । उदाहरणकोलागि, समाजमा द्वन्द्वको एक प्रमुख कारण सम्पतीको अधिकारमाथिको असमान व्यवस्था पनि हुन सक्दछ ।  सदियौ देखि सामुदायिक सम्पत्तिको रूपमा रहेको जमिनलाई भ्रष्ट सरकारी अधिकारीले धनी तथा शक्तिशाली व्यक्तिहरुलाई विर्ताका रुपमा दिएका हुन सक्छन् । अदालतले सम्पत्तिसम्बन्धी यस्ता मुद्धाहरूमा कानुनीरुपमा सम्पती माथिको स्वमित्व निर्धारण गरी समस्याको समाधान गर्न सक्छ ।

### द्वन्द्व समाधानका परम्परागत विधि

नेपाल लगायत बिभिन्न समाजमा द्वन्द्व समाधानका परम्परागत संयन्त्रहरू सदियौ देखि प्रचलतमा रहेका छन । गाँउ परिषद जस्ता संस्थाहरूले द्वन्द्वको सम्पूर्ण पक्षलाई मुत्याङ्कन गरी त्यसको समाधानको उपायहरु निकाल्छन् । यस्ता उपायहरु मुख्यतया परम्परा तथा रितिरिवाज मान्ने  र नैतिक जिम्मेवारीको वोध भएका व्यक्तिहरूको प्रभावमा निकालिएको हुन्छ ।

### धार्मिक विधि

धेरै मानिसहरूको जीवन तथा जीवन पद्धतीको नैतिक मुल्य मान्यतामा धार्मिक विश्वासको महत्वपूर्ण भुमिका रहेको हुन्छ। द्वन्द्व कहिलेकाहीँ विश्वसनीय धर्मगुरुहरूको सल्लाह सुझाब वा आग्रह तथा मेलमिलापका आधारमा पनि समाधान हुन सक्छ। धर्मगुरुहरूलाई द्वन्द्व समाधानको प्रकृयामा प्रत्यक्षरूपमा संलग्न नगराईएता पनि महत्वपुर्ण बिषयमा प्रवचन मार्फत उनीहरुले त्यस बिषयमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् ।

### सामुदायिक मध्यस्थता

सामुदायिक मध्यस्थतामा कुनैपनि स्थानिय समुहहरु सहभागी हुन सक्दछन् । नेपालमा यस्ता समूहहरू धेरै उदाहरण छन् । जस्तैः क्लव, मानव अधिकारवादी समुह, आमा समूह, स्वयंसेवक समुह र अन्य गैर सरकारी  संस्थाहरू ।

उदाहरणका लागि नेपालको एउटा इन्टिन्युट फर गर्भनेन्स एण्ड डेभलपमेन्ट नामक गैरसरकारी संस्थाले नोभेम्बर २००६ देखि अप्रील २००७ को अवधिमा तनहुँ, चितवन, मुस्ताङ्गका १५८ गाऊँका २३२ विवादमा सेवा पुऱ्याएको थियो ।

### नागरिक समुदाय

नागरिक समुदाय जस्तैः मानव अधिकारवादी संस्था, व्यावसायिक समूह तथा कानुनी समुदायले पनि द्वन्द्व व्यवस्थापनमा अत्यन्त महत्वपूर्ण भुमिका खेल्दछन् । तर नेपालको सन्दर्भमा भने यस्ता समुहमा राजनितिकरण हुने समस्याका कारण यस्ता समुहहरुको प्रभावकारिता कम भएको छ ।

### संक्रमणकालिन न्याय

हिंसाको समयबाट गुज्रिरहेका देशहरू शान्ति र स्थायीत्वको स्थापनामा लागिरहदा एउटै समस्या भोग्ने गर्दछन् त्यो भनेको, शान्ति संम्झौता पत्रमा हस्ताक्षर हुनु भन्दा पहिले घटेका हिंसाका घटनाका बारेमा के गर्ने ?

द्वन्द्वको समयमा धेरै मात्रामा रिस, डर वा आक्रोसको सृजना भएको हुन्छ । प्रायसः यस्ता भावनाहरू आफै हराएर जादैनन् । यदि जनताले न्याय नपाएको अनुभुति गर्छन् भने त्यहाँ स्थायी र शान्तिपूर्ण समाजको स्थापना हुने निकै कम संभावना रहन्छ । यस्ता समस्याको सामाधानका लागि प्रायजसो द्वन्द्वोत्तर जसो देशहरू संक्रमणकालीन न्याय तर्फ उन्मुख भएका छन् ।

संक्रमणकालीन न्याय भनेको कुनै पनि देशद्वारा बिगतमा भएका हिंसा र मानव अधिकार उलंघनका घटनाको प्रभाव सँग जुध्नकालागि बनाइएको संस्थागत र व्यावहारिक कानुनी प्रणाली तथा विधि हो । यस अर्न्तगत औपचारिक रुपमा कानुनी अभियोजन देखि सार्वजनिक माफी सम्मका सम्पूर्ण विषयलाई समेटिन्छन् । उदाहरणलागि दक्षिण अफ्रिकाको सत्य निरूपण तथा मेलमिलाप आयोग तथा पूर्व युगोस्लाभियाको लागि यद्ध अपराध न्यायधिकरण लिन सकिन्छ ।

आयोगहरू जुनरूपमा देखिए पनि यिनिहरूको मुख्यतया समान आधारभुत उद्देश्य हुने गर्दछ ।

- मानवअधिकार उलंघनको खाका तयार गरी के भएको हो सत्य तथ्य स्थापित गर्ने । यसबाट पीडितहरूलाई केही राहतको महशुस हुनुका साथै यस्ता घटना पुनः घट्नबाट रोक्न सहयोग गर्दछ ।
- विगतका युद्ध अपराधका प्रमुखहरुलाई पत्ता लगाई सार्वजनिक गर्ने तथा आफै अपराध कबुल गर्न परिस्थिति सृजना गरिदिने ।
- लोकतान्त्रिक सुधार गर्ने तथा कानुनी शासनको सृजना गर्नु ।
- पीडितको सम्मानको पुर्नवहाली तथा मानसिक रूपमा उपचार गर्न सहयोग गर्ने ।
- देशका विभिन्न समूह बीचमा मेलमिलाप अभिवृद्धि गर्नु ।
- के भएको वा घटेको हो त्यसको साझा सम्झनाको रुपमा स्मृतीजन्य चिजबिजहरुको सृजना गर्ने, जसको कारण हिंसाको प्रभाव विर्सिइने छैन वा भविश्यमा सो भएको हिंसालाई अस्विकार गरिने छैन ।
- दीर्घकालीन शान्ति स्थापना गर्ने ।
- भविश्यमा हिंसा घट्न नदिनकालागि सुझाव सिफारिस गर्नु । मानवअधिकार उलंघनका अपराधलाई सजाय दिने उपाय फौजदारी अभियोजन मात्र होईन । गैरफौजदारी विधि वा सजाय प्रंत्येक संक्रमणकालीन न्यायको व्यवहारिक पक्षमा ठूलो हिस्साको रूपमा रहेको छ । जसका केही उदाहरण यस प्रकार छन् ।
- व्यक्तिलाई सरकारी पदबाट हटाउनु ।

- सरकारी नियुति तथा लोक सेवामा सहभागि हुनबाट रोक्नु ।
- उलंघनकर्ताका अपराध सम्बन्धी फाईलहरू सार्वजनिक गर्नु ।

## नेपालमा संक्रमणकालिन न्याय

नेपालमा सत्य निरूपण तथा मेलमिलाप आयोगको व्यवस्था अन्तरिम संविधानद्वारा गरिएको छ । यस संवैधानिक व्यवस्थालाई सफल पार्नका लागि दुई कानुन जारी गर्ने सरकारले घोषणा गरेको छ । ती हुन : व्यक्तिलाई वेपत्ता पार्ने सम्बन्धी कानुन तथा र सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी कानुन ।

सत्य निरूपण आयोग बनाउनका लागि मस्यौदा कानुनमा निम्न कुरा उल्लेख गरिएको छ ।

- फागुन १ २०५२ देखि मंसिर ५ २०६३ सम्म घटेका यातना र हत्या लगायतका गम्भिर प्रकृतिका मानव अधिकार उल्लघंनका घटनाका बारेमा सत्यतथ्य पत्ता लगाउनु ।
- आयोगमा सातजना सम्म सदस्य रहने ।
- आयोगको समायवधि दुई वर्षको हुने र आवश्यक परे एक वर्ष सम्म थपगर्न सकिने ।
- पत्ता लगाएका सत्य तथ्य मेलमिलाप सम्वन्धि सुझाव सहित सरकार समक्ष प्रस्तुत गर्ने ।

एक पत्रकारको रूपमा तपाई को महत्वपूर्ण भुमिका भनेको सत्य निरूपण तथा मेलमिलाम आयोगका कामकारवाहीका तथा यसको प्रभावका बारेमा आफ्नो कार्यक्षेत्रका जनसमुदायलाई जानकारी गराउनु हो ।

## पीडितशास्त्र

प्रायसः जहाँ द्वन्द्व हुन्छ त्यहाँ यसका पीडित हुन्छन् । पत्रकारका रूपमा हामिले ती पीडित वर्गका बारेमा के लेख्छौं र के सोच्छौं भन्ने वारेमा सचेत हुनुपर्छ । जसका कारण पीडितशास्त्रका वारेमा थोरवहुत जानकारी राख्नु पर्ने हुन्छ ।

पीडितशास्त्र भनेको पिडित र पिडकको बिचको सम्बन्ध तथा पीडित र सञ्चार माध्यम लगायत समाजमा अन्त्य समुहको सम्बन्धको अध्ययन हो । पीडितहरूको अध्ययन १९६० को दशक देखि शुरुवात भएको हो । यसले मुख्य रूपमा समाजले अपराधी र पीडितको सम्वन्धका वारेमा राख्ने सोचाईमा परिवर्तन ल्यायो ।

अपराधी र पीडितलाई दुई भिन्न वा छुट्टै समूहका रूपमा लिन खोज्दछौ । तर साच्चै भन्ने हो भने यो निकै कठीन विषय हो । मानौं कि कसैले तपाईको अपमान गर्छ, तपाईं त्यस अपमानको जवाफमा उक्त व्यक्तिको अपमान गर्नु हुन्छ, जुन बढ्दै जाँदा कुनै पक्षलाई पिडा हुन सक्दछ । यहाँ पिडित व्यक्ति को हो ?

तर कहिलेकाही पत्रकारले उल्लेखित वास्तविकतालाई नबुझी पीडित वर्गलाई उक्त पिडाकोलागि दोष लगाउन पुग्दछन् । जसको उदाहरण निम्न प्रकार छ ।

आफ्नी विरामी आमालाई घर सरसफाईमा सघाई रहेकी अनिशालाई अहिले आफ्नै घर जानुपर्ने भयो । पुरुषको लागि बनाइएको शरणार्थी शिविर हुँदै जाने बाटो नै सबैभन्दा छोटो बाटो थियो । यदि उक्त बाटो नजाने हो भने विनासित्ति उनलाई धैरै घुमाउरो र लामो वाटोको प्रयोग गर्नु पर्ने हुन्थ्यो । उनी हिड्ने बेलामा निकै ढिला भएको र निकै हतार पनि भैसकेकाले उनले पुरुषको लागि बानाइएको शरणार्थी शिविर हुँदै जाने बाटो प्रयोग गर्ने निर्णय गरिन । उक्त क्याम्पका केही मानिसहरूले उनलाई समातेर क्याम्पभित्र लतार्न खोजे तर उनी अन्तिम समयमै भएपनि भाग्न सफल भईन् । भाग्यबस उनलाई केही चोटपटक लागेन । यस घटनामा:

के अनिशा पीडित हुन् ?

उनीमाथि घटेको घटनाकालागि उनको केहि दोष छ कि छेन ?

के उनले अर्कै बाटोको प्रयोग गरेको भए हुन्थ्यो ?

उनको पहिरन सामान्य किसिमको नभएको कारणले घटना भएको हो कि ?

यदि त्यसो हो भने उनी पिडित नै हुन त?

केही मानीसहरूले उनले आफ्नो समस्या आफैं निम्त्याएको हो र उनले उक्त पहिरन नगरेको भए त्यस्तो समस्या आउने नै थिएन भन्ने छन्। तर के उनले आफुलाई मन लागेको जस्तो पहिरन गर्न र आफुले चाहेको ठाँउबाट हिडडुल गर्न पाउनु पर्दैन ? उनले आफुलाई प्राप्त अधिकार प्रयोग गर्दैमा कसरी उनी पिडित नहुने भन्ने हुन्छ।

यस घटनाको मर्म भनेको पत्रकारले कुनै घटनामा पिडितलाई दोष लेख्दा दिने गरी लेख्दा गम्धिर ध्यान दिनु पर्दछ भन्ने हो। पिडितको पिडाकोलागि उसैलाई जवाफदेहि बनाउने गरी लेख्नु हुँदैन। पिडितले पाएको पिडामा पिडितको पनि भुमिका थियो भन्ने गरी प्रस्तुती गर्नु हुँदैन।

**परिशिष्ट**

द्वन्द्व संम्वेदनशिल पत्रकारिता सम्बन्धमा धेरै उदाहरण सहितका जानकारी हासिल गर्न द्वन्द्व सम्वेदनशिल पत्रकारिता एक हस्तकपि पढ्ने सुझाब दिन्छौं। उक्त किताब क्यानेडियन गैर सरकारी संस्थाः संचार र प्रजातान्त्रिक समूहका अध्यक्ष रस हवर्ड द्वारा लेखिएको हो भने अन्तर्राष्ट्रिय संचार सहयोग डेनमार्कद्वारा प्रकाशन गरिएको हो। तपाई यसको अंग्रजी भाषामा उल्लेखित वेवसाईटबाट ाचभभ मयधलयिबम गर्न सक्नु हुन्छ।
http//www.i-m-s.dk/files/publications/IMS_csj_handbook.pdf.

केही सीमित मात्रामा यसको नेपाली भाषामा Nepal Press Institute (NPI) काठमाण्डौमा उपलब्ध हुन सक्छ। तपाईले सम्पर्क जानकारी वेवसाईट http:/www.npiktm.org मा उपलब्ध छ।

## Participants of the training for women journalist in the Terai

| S.N. | Name of Journalists | District |
|---|---|---|
| 1. | Pushpa Karna | Dhanusha |
| 2. | Seema Sharma | Dhanusha |
| 3. | Sneha Karna | Dhanusha |
| 4. | Smita Jha | Dhanusha |
| 5. | Archana Karna | Dhanusha |
| 6. | Tulsi Yadav | Saptari |
| 7. | Renu Yadav | Saptari |
| 8. | Saraswati Karki | Saptari |
| 9. | Lalita Shah | Saptari |
| 10. | Aarati Jha | Sarlahi |
| 11. | Suchita Yadav | Siraha |
| 12. | Sita K.C. | Mahotari |
| 13. | Babita Bhattarai | Mahotari |
| 14. | Asha Majhi | Mahotari |
| 15. | Rashna Dhakal | Bara |
| 16. | Parbata Chaudhary | Parsha |
| 17. | Trishna Mishra | Sarlahi |
| 18. | Usha Dahal | Sarlahi |
| 19. | Gayatri Mishra | Dhanusha |
| 20. | Jamuna Luitel | Mahottari |
| 21. | Ambika Dhal | Saptari |
| 22. | Nirmala Dahal | Saptari |
| 23. | Sadhana Kumari Jha | Siraha |
| 24. | Priyanka Sharma | Parsa |
| 25. | Anita Khanal | Mahottrai |
| 26. | Lalita Kumari Das | Saptari |
| 27. | Tulasi Kumari Yadab | Saptri |
| 28. | Susma Karna | Dhanusa |
| 29. | Niliphа Subba | Sunsari |
| 30. | Kavita Sharma | Jhapa |
| 31. | Shova shing | Parsa |
| 32. | Babita Bhatta | Parsa |
| 33. | Sabita Mainali | Parsa |

United Nations
Educational, Scientific and
Cultural Organization

Kathmandu Office
Jawalakhel, Lalitpur
P.O.Box 14391
Tel : (977-1) 5554396, 5554769
Fax : (977-1) 5554450
Email : kathmandu@unesco.org
Website : www.unesco.org/kathmandu

ISBN : 978-9937-8177-8-3